# परिच्छेद एक
# दीर्घसिंह बमको जीवनी

## १.१ जन्म र जन्मस्थान

गीतकार दीर्घसिंह बमको जन्म वि.स.२००८ साल श्रावण ३१(१९५२ अगष्ट १५ तारिक) गते नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको डोटी जिल्ला चमराचौतारा गा.वि.स वडा नं. १ जमरसल्लीमा भएको हो । बम पिता स्व.रणबहादुर बम र माता स्व. समुन्द्रदेवी बमका तेस्रो सन्तानका रूपमा जन्मेका हुन् । उनका दाजु र दिदीको तीन-तीन वर्षको फरकमा जन्म भएको देखिन्छ । उनको न्वारनको र प्रचलित नाम एउटै (दीर्घसिंह बम) हो ।[1]

भौगोलिक विकटता र अशिक्षाको अन्धकारलाई चिर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा ख्याती कमाएका उनको व्यक्तित्व निर्माणमा जन्मस्थलको पछौटेपनले पनि प्रेरणा प्रदान गरेको देखिन्छ । भौतिक स्रोतसाधनको अप्रयाप्तता भए पनि सांस्कृतिक विविधता र प्राकृतिक सम्पन्नताले युक्त डोटीको ग्रामीण परिवेश उनको सिर्जनाको मूल बनेको छ । प्राकृतिक रमणीयताले भरिएको आफ्नो जन्मस्थललाई उनले सिर्जनामा उतारेका छन् ।

सभ्य र सम्पन्न परिवारमा जन्मेका उनको पालनपोषणमा कुनै कमी भएको देखिदैन । मजबुत आर्थिक अवस्था, राजनीति तथा अदालतसम्म पहुँच भएकाले उनको परिवारलाई फौजदार भनिएको पाइन्छ ।[2] तत्कालीन समयमा फौजदार भन्नाले घरानीयाँ र प्रतिष्ठित परिवार बुझिन्छ । उनी परिवारमा मिलनसार र प्रिय रहेका देखिन्छन् । मातापिता र दाजुभाइ सबैका प्यारा उनलाई प्रशस्तै परिवारिक माया प्राप्त भएको देखिन्छ ।

## १.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

भारतको अयोध्यामा राजकाज चलाएर बसेका बमका पुर्खा त्यहाँ मुसलमानको आक्रमण हुँदा आफ्नो धर्म र जाति बचाउन भागेर पहाडतिर लागेको पाइन्छ । सुरक्षित स्थलको खोजी गर्ने क्रममा हालको डडेल्धुरा जिल्ला (तत्कालीन डोटी) को अजयमेरु भन्ने ठाउँमा आइपुगेका देखिन्छन् । त्यहाँ केही समय बसी डोटीको बोगटानको सोकाटीमा आएका देखिन्छन् ।[3] त्यसबेला त्यहाँ कुबेर बोगटीको आधिपत्य रहेको बुझिन्छ । कुबेर

---

[1] ऐजन ।

[2] ऐजन ।

[3] ऐजन ।

बोगटीले हितु बमको काम गर्ने केटीलाई जबरजस्ती लिदा दुवैको झगडा भएको र हितु बमले डोटी राजासँग सहयोग मागी साउटी माँडु (मन्दिर) मा पल्टन लुकाएर त्यही केटीको सहयोगले कुबेर बोगटीलाई मारेर आफू त्यस ठाउँमा बसोबास गरेको देखिन्छ । त्यसपछि हितु बमको जेठो सन्तान पोखरीमा बसेको र कान्छो सन्तान चनुकाँडामा बसेको देखिन्छ । जमरसल्ली जग्गा पोखरीको भागमा रहेकाले दीर्घसिंह बम जेठापट्टि (नरि बम) को सन्तान रहेको बुझिन्छ ।[४]

रघुवंशी खलकका बमको पुर्ख्यौली थलो हालको डडेल्धुरा जिल्लाको अजयमेरु मानिन्छ । नरि बमका सन्तानहरु पोखरी उमुडी तथा चनुकाँडामा छरिएर बसेका देखिन्छन् । तिनै मध्ये पोखरीमा बस्नेहरुका सन्तान बमका जिजुबाजे चन्द्रभानसिंह बम हुन् । उनका अन्य वंशजहरु हालसम्म पनि त्यही बसोबास गरिरहेका छन् । जागिरको सिलसिलामा केही कैलाली र काठमाडौं बसाइँसराइ पनि भएका छन् ।[५]

साउनक गोत्र भएका दीर्घसिंह बमको वंशवृक्ष निम्न प्रकारको देखापर्छ :

[४] शोधनायकसँगको अन्तर्वार्ता तथा बम जातिको वंशावली सम्बन्धी पुराना पाण्डुलिपिअनुसार ।

[५] दीर्घसिंह बम, पूर्ववत् ।

## १.३ बाल्यकाल र उपनयन संस्कार

बमको जन्म सम्पन्न र शिक्षित परिवारमा भएको हो । सम्पन्न र शिक्षित पारिवारिक वातावरणमा बिनाअभाव उनको बाल्यकाल बितेको पाइन्छ । चुपलागेर नबस्ने,कुनै न कुनै काममा लागिरहने उनको बाल्यकालीन बानीले भविष्यमा लगनशील र जुझारु बन्ने सङ्केत गरेको देखिन्छ । सुखमा रम्नुभन्दा काममा क्रियाशील भइरहने बाल्यकालको स्वभाव अहिले पनि यथावत छ । पढ्ने,काम गर्ने र गीत गाउने उनका बाल्यकालका विशेष रुचि भएको बताउँछन् । साथीहरूसँग घाँसदाउरा गरेको,ठाडी भाका गाएको,गाई बाख्रा चराएको र घरमा आमाबुबालाई सघाएको अहिले स्मरणीय रहेको बताउँछन्।

सानैदेखि मिलनसार बम साथीसङ्गीहरूका बीच प्रिय हुन्थे । साथीहरूसँग गर्ने बालसुलभ क्रियाकलाप र कसैको मन नदुखाउने स्वभाव लोकप्रियताका कारण हुन् उनका । रमाइलोका निम्ति खेलिने विभिन्न खेलमा  लुकामारी, कपर्दी, डन्डिबियो, भलिबल महत्त्वपूर्ण थिए ।[१]

बमको उपनयन संस्कार वि.स.२०३७ सालमा उनन्तीस बर्षमा भएको हो । परम्परागत रीतिस्थिति र वैदिक मान्यता अनुरूप देवघाटमा उक्त संस्कार गरिएको र उनलाई गायत्री मन्त्रदान गुरुले प्रदान गरेको पाइन्छ ।[२]

## १.४ शिक्षादीक्षा

शिक्षा जीवनको ज्योति हो भन्ने कुरा बुझेको बमपरिवारमा दीर्घसिंहको अक्षरारम्भ अनौपचारिक रूपमा घरमै भएको हो । भवनीप्रसाद उपाध्यायबाट उनलाई अक्षरारम्भ गराइएको देखिन्छ ।[३] विद्यालय जानुपूर्व घरमै आएर भवानीप्रसादले उनलाई पढाउने गरेको देखिन्छ । उनको औपचारिक शिक्षाको प्रारम्भ खत्याडी मिडिल स्कूल बोगटानबाट भएको थियो । वि.स. २०१३ सालमा पाँच/छ वर्षको हुँदा  उनी विद्यालय भर्ना भएको पाइन्छ ।[४]

### १.४.१ विद्यालयस्तरको शिक्षा

बमको विद्यालयस्तरको शिक्षा खत्याडी मिडिल स्कूल बोगटानबाट सुरु भएको पाइन्छ । उनको मानसिक एवम् शारीरिक विकासको सुरुवातका साथै व्यक्तित्व निर्माणको

[१] ऐजन ।

[२] ऐजन ।

[३] सलोनी बमबाट प्राप्त जानकारी ।

[४] दीर्घसिंह बम, पूर्ववत् ।

जग समेत यसै विद्यालयबाट भएको देखिन्छ। विद्यालयमा भर्ना भएताका काठको पाटी र कटुजको पात पकाएर बनाएको मसीबाट उनले अक्षरारम्भ गरेको पाइन्छ ।[५] उनी त्यस विद्यालयमा कक्षा एकदेखि कक्षा पाँचसम्म प्रथम भएका र 'बजिफा'छात्रवृत्ति प्राप्त गर्न सफल भएका छन् ।[६] वि.स.२०१८ सालमा डोटीको सरसमुकाम सिलगढीमा रहेको पद्म पब्लिक मा.वि.मा कक्षा 'छ' मा भर्ना भएका बम त्याहाँ भारतीय शिक्षकले पढाउँदा 'हमरा राष्ट्रपिता महात्मा गान्धी है' भनेको आफूलाई मन नपरेको बताउँछन् ।[७] छात्रवृत्ति पाएको हौसला र पढाइप्रतिको तीव्र चाहनाले हौसिएका बमको उत्साहमा सिलगढीमा दाजुभाइसँग बस्दा कमी आएको बुझिन्छ । दाजुले काममात्र गराउने र पद्म पब्लिक मा.वि.मा साइन्स नहुँदा साइन्स पढ्ने उनको अभिलाषा पूरा नहुने र पढाइ बिग्रने महशुस गरी त्यही साल साउनमा भारतको सिँघाई राज्यको खीरी जिल्लामा गएको बताउँछन् ।[८] सिलगढीमा बस्दा दाजुले काममा दलाउने गरेको र पढाइमा समय नपुगेको बताउँछन् । भारत गएपछि उनी खीरी जिल्लाको राजा प्रताप विक्रम शाह हायर सेकेन्डरी स्कुलमा भर्ना भएको देखिन्छ । त्यही विद्यालयबाट सन् १९६७ मा द्धितीय श्रेणीमा एस्.एल्.सी.उत्तीर्ण भएका हुन् ।[९] विद्यालयको तीक्ष्ण बुद्धि भएका र इमान्दार विद्यार्थी भएकाले प्राथना गर्ने बेला राष्ट्रिय गान गाउँदा तथा अन्य समयमा कक्षाका विद्यार्थीको नेतृत्व गर्नुका साथै विद्यालयबाट प्रकाशित पत्रिकाको सम्पादन समेत गरेको पाइन्छ । उनको विद्यालयस्तरको शिक्षा वि.स २०१३ मा खत्याडी मिडिल स्कुलबाट सुरु भएर सन् १९६७ मा भारतको राजा प्रताप विक्रम शाह हायर सेकेन्डरी स्कूलबाट समाप्त भएको बुझिन्छ ।

### १.४.२ उच्च शिक्षा

एस्.एल्.सी पास भएपछि उच्च शिक्षाका लागि बम विज्ञान विषय लिएर धर्मसभा इन्टर कलेज लख्खीमपुर खीरीमा भर्ना भएका देखिन्छन् । र सोही कलेजबाट सन् १९६९ मा द्वितीय श्रेणीमा आई.एस्सी पास गर्न सफल भएका देखिन्छन् ।[१०] आई.एस्सी दोस्रो वर्षको परीक्षा दिएर परीक्षाफल प्रकाशित नहुन्जेलसम्म कैलालीको बौनिया मिडिल स्कूलमा पढाएको देखिन्छ । त्यस विद्यालयका प्रधानाध्यापकले दुई वर्षसम्म अङ्ग्रेजी र गणित विषय पढाइ दिन आग्रह गरेको र त्यसपछि उनलाई इलाहवाद विश्वविद्यालयमा भर्ना गरिदिने र

---

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

सम्पूर्ण खर्च विद्यालयले व्यहोर्ने बताउँदा उच्च शिक्षाप्रतिको उनको प्यासले त्यस कुरालाई अस्वीकार गरी काठमाडौँ आएका देखिन्छन् ।[११]

काठमाडौँ आएपछि बम आफ्ना नजिकका काका नाता पर्ने तत्कालीन श्री ५ को सरकारका मन्त्रीसँग विदेश अध्ययनका लागि छात्रवृत्तिको कुरा चलाएको बताउँछन् । मन्त्रीले उनलाई विदेश पठाउन चासो नदिएको र आफ्नो निजी सचिव भई काम गर्न दिएको सल्लाह अस्वीकार गरी अमृत साइन्स क्याम्पसमा बी.एस्सी.भर्ना भएको देखियो ।[१२] अमृत साइन्स क्यामपसमा पढ्दाका दिन भने उनका ज्यादै दुःखद् र संघर्षरत देखिन्छन् । किताब किन्ने पैसा नहुँदा लैनचौरबाट कीर्तिपुर पैदल हिडेर पुस्तकालयमा गई किताबबाट कापीमा सारेर पढ्नु पर्नेजस्ता समस्या देखिए ।[१३] यस्ता अनेक समस्याका बाबजुद बमले आफ्नो पढाइ र छात्रवृत्ति कहाँ ? कसले माग्दछ ? भन्ने विषयमा केन्द्रित गरेको पाइयो । छात्रवृत्तिको खोजीमा रहेका बेला पाकिस्तानबाट आएको छात्रवृत्तिमा बमले पनि निवेदन दिएको र पक्षपात गरी कम नम्बर ल्याउने व्यक्तिलाई पठाउँदा उनले विरोध गरेपछि अवसर पाए पनि त्यो कोटा पशुचिकित्सक सम्बन्धी भएकाले छोडेको देखियो ।[१४] रुसबाट आएको एग्रोनोमी विषयको छात्रवृत्तिमा  बम रुस गएका हुन् । रुसको जनमैत्री विश्वविद्यालय (प्याट्रस लुमुम्बा) मा भर्ना भए । एग्रोनोमीको छात्रवृत्तिमा रुस गए पनि त्यहाँ पुनः मेडिसिनको परीक्षामा नाम निकालेर त्यही विश्वविद्यालयबाट आफ्नो पढाइ सुरु गरेको देखिन्छ । सन् १९७५ मा रुसको जनमैत्री विश्वविद्यालयबाट मेडिसिनमा एम्.डी.उपाधी हासिल गरेको देखिन्छ । फेरि त्यही विश्वविद्यालयबाट ‘चेष्ट फिजिसियन’ र ‘ब्रोंङ्कोलोजी’ मा मास्टर डिग्री लिएका छन् ।[१५]

रुस पढ्दाका दिन पनि बमका कठिनाइपूर्ण नै रहेका बताउँछन् । सरकारको योजनाअनुसार नपढेको,विषय परिवर्तन गरेको र राजनीतिक कार्यमा सक्रिय भएको आरोपमा उनको पासपोर्ट जफत गरेको देखिन्छ । राजदूत परिवर्तन भएपछि उनको पासपोर्ट फिर्ता  दिएको बताउँछन्  । डिग्री प्राप्त गरिसकेपछि उनले मस्को अस्पताल र रेडियो मस्कोमा रिर्पोटरको काम गरेको देखिन्छ ।[१६]

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

## १.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

दीर्घसिंह बमको विवाह एकतीस वर्षको उमेरमा २०३९ साल, वैशाख २९ गते पाल्पा जिल्लाको तानसेन निवासी स्वर्गीय साहेबज्यू भुवन विक्रम शाह र करुणा शाहकी कान्छी सुपुत्री सलोनी शाहसँग परम्परागत चलनअनुसार भएको देखिन्छ ।[१७] वनारसबाट आई.ए.पास भई पद्म कन्या क्याम्पसमा बी.ए.पढिरहेकै बेला सलोनी शाह दाम्पत्य जीवनमा गाँसिन पुगिन् । औपचारिक अध्ययन बी.ए.पढ्दा-पढ्दै छोडेकी श्रीमती सलोनी बमबाट एक छोरा र एक छोरीको जन्म भएको छ ।[१८] वि.स. २०३९ साल, माघ १६ गते जेठा छोरा दिवस बम र २०४१ साल, फागुन २१ गते कान्छी छोरी दिलासा बमको जन्म भएको हो ।[१९] माघ १६ गते सहीद दिवसका दिन जन्मेकाले छोराको नाम दिवस राखेको बताउँछन् ।[२०] दिवस बमले एम्.वि.वि.एस्.गरी हाल काभ्रे जिल्लाको खोपासी प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत पदमा कार्यरत छन् भने छोरी दिलासा बमले पनि एम्.वि.वि.एस्. भरखरै सिध्याएर नर्भिक अस्पतालमा मेडिकल अधिकृतमै कार्यरत छिन् ।[२१]

सलोनी बम घरायसी कामकाजमा क्रियाशील देखिन्छिन् । छोराछोरीको हेरविचार र श्रीमान्लाई समेत प्रेरित गर्ने सलोनी बम गृहणीले गर्ने सम्पूर्ण कामको चाँजोपाँजो मिलाउन सिपालु देखिन्छन् । उनको यही कौशलले बमको सानो र सुन्दर परिवारलाई सुखको आधार प्रदान गरेको छ ।

## १.६ आर्थिक अवस्था

बमको जन्म समयमा उनका बावुका भाइहरूबीच अंशवण्डा भइसकेको देखिन्छ । पुर्ख्यौली जग्गा जमिन र सम्पत्तिभन्दा अंशवण्डापछि तराईमा उनका बाबुले थुप्रै जमिन आर्जेको पाइन्छ । तराईमा प्रशस्तै जमिन भएकाले बमको परिवारलाई जमिनदार भनेर पनि चिनिन्छ ।[२२] उनको खेतमा धेरैले खेती गरेर खान्थे । पुर्खादेखिको उनको आर्थिक अवस्था सम्पन्न देखिन्छ ।

---

[१७] सलोनी बम, पूर्ववत् ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] दीर्घसिंह बम, पूर्ववत् ।

बमले रुसबाट अध्ययन सकेपछि वि.स.२०३५ सालबाट स्वास्थ्य सेवा विभाग केन्द्रीय ऊर चिकित्सालयमा मेडिकल अधिकृत (कन्सल्टेन्ट) पदबाट सरकारी सेवामा प्रवेश गरेका हुन् ।[२३] वि.स. २०३६ सालमा लोकसेवा आयोगबाट उनी मेडिकल अधिकृतमा स्थायी भएको देखियो ।[२४] स्थायी भएपछि जागिरको सिलसिलामा उनी विभिन्न ठाँउहरूमा सरुवा हुँदै आफ्नो अनुभव र ज्ञानलाई विकसित पार्दै आएका हुन् । आफ्नो विशिष्ट क्षमताले राष्ट्रिय क्षयरोग केन्द्र र सार्क क्षयरोग केन्द्रका निर्देशक समेत भएका बमको आम्दानीको मूलस्रोत सरकारी जागिर हो ।[२५] कर्ममै जीवन देख्ने बमको आम्दानीको अन्य स्रोतहरूमा क्लिनिक,विभिन्न लेखरचनाबाट प्राप्त हुने रकम तथा छोराछोरीको जागिरबाट आउने पारिश्रमिक हो । केही समयसम्म भाडामा बसे पनि हाल आफ्नै कमाइबाट काठमाडौं महानगरपालिका वडा नं.११ थापाथलीमा वि.स.२०४३ सालबाट आफ्नै घर बनाएर आरामसँग बस्दै आएका छन् ।[२६] परिश्रमलाई जीवनको ध्येय ठान्ने बमको लगनशीलता,मितव्ययीता तथा सरल जीवनले उनको आर्थिक अवस्थामा अझ सुधार आउने सङ्केत देखाउँछ ।

## १.७ कार्यक्षेत्र

### १.७.१ चिकित्सा व्यवसाय

बमले रुसबाट एम्.डी सम्मको अध्ययन गरिसकेपछि वि.सं. २०३५ सालदेखि केन्द्रीय ऊर चिकित्सालयबाट मेडिकल अधिकृत भएर जागिरमा प्रवेश गरेको देखिन्छ । वि.सं. २०३६ सालमा लोकसेवा आयोगबाट मेडिकल अधिकृतमा स्थायी भई कालीमाटी चेष्ट हस्पिटलमा जागिर गर्न थालेका बमले समयक्रममा स्वास्थ्य सम्बन्धी विभिन्न स्थान र भूमिकामा काम गरेको पाइन्छ ।[२७] क्षयरोग नियन्त्रण कार्यक्रममा सन् १९८२ मा डेपुटी प्रोजेक्ट लिडर भएर काम गरेका छन् भने यही कार्यक्रममा सन् १९८५ मा एक्टिङ चिफ भएर काम गरेको पाइन्छ ।[२८] क्षेत्रीय क्षयरोग केन्द्र पोखरामा सन् १९९२ मा प्रमुख भएर काम गरेका छन् । राष्ट्रिय क्षयरोग केन्द्र ठिमीमा सन् १९९३ मा डेपुटी डाइरेक्टर भएर काम गरेका छन् । पछि सन् १९९५-२००४ सम्म डाइरेक्टर भएर काम गरेको देखिन्छ । स्वास्थ्य मन्त्रालयको फोकल प्वाइन्ट प्रमुख, क्युरिटिभ डिभिजन प्रमुख, शिविर व्यवस्थापन प्रमुख,

[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।
[२८] ऐजन ।

योजना तथा अन्तर्राष्ट्रिय महाशाखा प्रमुख, निमित्त स्वास्थ्य तथा जनसंख्या सचिव तथा कायममुकायम स्वास्थ्य तथा जनसंख्या सचिव (करिब दुई वर्ष) भएर पनि काम गरेका छन् । हाल बम सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहेका छन् ।[२९]

उनले स्वास्थ्य मन्त्रालयका विभिन्न पदमा रही गरेको कार्यले राष्ट्रलाई ठूलो योगदान पुगेको छ । आफ्नो कार्यप्रति इमान्दार र कर्तव्यनिष्ट देखिने बम स्वास्थ्य क्षेत्रमा देखिएका कर्मशील चिकित्सक हुन् ।

## १.८ साहित्यिक लेखन

### १.८.१ प्रेरणा र प्रभाव

व्यक्ति प्रतिभा साहित्यिको आन्तरिक स्रोत हो । त्यस आन्तरिक क्षमतालाई बाह्य प्रभावले प्रस्फुटन गरिदिन्छ । दीर्घसिंह बम कुनै स्रष्टा विशेषबाट साहित्यमा आकर्षित भएका छैनन् । गीतप्रतिको उनको जन्मजात रुचि र ग्रामीण परिवेशको वातावरणको पृष्ठभूमिका बम विस्तारै साहित्यतर्फ तानिएका  देखिन्छन् । गोठालो जाँदा गाइने देउडाबाट गीतमा उनको रस बसेको र विद्यालय पढ्दाताका विद्यालयबाट निस्कने पत्रिकाका सम्पादक रहेका बमले पत्रिका सम्पादन गर्दै आफ्ना रचना समेत सिर्जेका थिए । उनको साहित्यिक चेतमा सम्पादक भएर कामगर्दा प्रभाव  परेको देखिन्छ ।[३०] आस्तिक,सामाजिक,तथा पारिवारिक परिवेशका कारण उनी भजनतर्फ  आकर्षित भएर भजन सिर्जना गरे ।[३१] स्वभावैले कोमल हृदय भएका बम समाजका बाध्यता र विवशताले आफूलाई लेख्न प्रेरणा मिलेको बताउँछन् । समाजले भोगेको र उनले देखेको मार्मिक विषयलाई साहित्यक रूप दिए । अन्धविश्वास तथा अशिक्षाले उन्पन्न  गर्ने समस्यातिर सङ्केत गरी रेडियो नाटक लेखे ।[३२]

उपर्युक्त आधारबाहेक बमले आफूले भोगेको जीवनको अनुभवले समेत लेख्न प्रेरित गरेको देखिन्छ । युवा अवस्थामा गरिने मायाप्रेम तथा मिलन-विछोडका कुराले उनको भावुक मन गीतिचेतमा सल्बलायो । पेशाले चिकित्सक रहेका बम बिरामीको दयनीय अवस्था देखेर पनि भावुक हुँदै कविता लेख्छन् । अज्ञानताले उत्पन्न हुने विभिन्न रोगनिराकरणका लागि सन्देशमूलक नाटक लेख्न प्रेरित भएका छन् ।[३३]

---

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

यसप्रकार कुनै स्रष्टा र घटना विशेषले बम साहित्यमा प्रेरित भएका देखिदैनन् । उनीमा भएको आन्तरिक प्रतिभालाई ग्रामीण परिवेश,सम्पादकीय जिम्मेवारी,समाज तथा पारिवारिक अवस्था र पेशाजस्ता बाह्य तत्त्वले प्रेरित गरेको देखिन्छ ।

## १.८.२ प्रथम प्रकाशित रचना र प्रसारित गीत

बमले कविताबाट साहित्यमा प्रवेश गरेका हुन् । कवितासँगै कथाको पनि सिर्जना गरे । कविता र कथाको रचना अगाडि भए पनि प्रकाशनका दृष्टिले गीत अगाडि देखिन्छ । उनका कविता र कथा अझै पनि अप्रकाशित छन् । वि.स.२०३७ सालमा 'सम्झना नै सम्झना छ, अरू के पो छ र यहाँ' बोलको गीत रेडियो नेपालमा रेकर्डिङ् भएको पाइन्छ ।[३४] प्रताप अधिकारीको स्वर र शक्ति बल्लभको सङ्गीतमा सजिएको यो गीत सबैभन्दा अगाडि प्रसारित भएको हो ।[३५]

यस गीतले भविष्यमा उनको गीतिक्षेत्र सबल हुने सङ्केत गरेको छ । प्रेमप्रणयलाई विषय बनाएको यस गीतले विछोडको वेदनालाई मार्मिकताका साथ प्रस्तुत गरेको छ । प्रेमीका अलप हुँदा उसको सम्झनामा रुमल्लिएको प्रेंमी भाव विभोर भएको छ । रातदिन उसकै सम्झनामा तड्पिदै यो जगत् शून्य भएको अनुभव गर्छ । प्रेमीकालाई सम्झेर बस्नु उसको दैनिकी देखिन्छ । सबैलाई बिरानो देखेर विरक्त भएको प्रेमीले आफन्तको माया पाएको छैन । यो गीत पच्चिस वर्षपछि 'विरही माया' नामक गीतिसङ्ग्रहमा प्रकाशित भएको छ ।

## १.८.३ प्रथम प्रकाशित कृति

बमको प्रथम पल्ट रेकर्डिङ् भएको रेडियो नाटक 'पखालिएको सिन्दुर' हो । 'पखालिएको सिन्दुर' वि.स.२०३८ साल चैत्र १४ गते रेडियो नेपालमा रेकर्डिङ् भएको देखिन्छ ।[३६] रेडियो नेपालबाट यो नाटक रेकर्ड भएपछि २०५२ मा तीन चोटी र २०५५ सालमा एक चोटीगरि जम्मा चार पटक प्रसारित भएको पाइन्छ ।[३७] उनन्तीस मिनेट प्रशारण अवधि भएको यस नाटकको निर्देशन हरिप्रसाद रिमालले गर्नुभएको छ भने ध्वनि सम्पादन तथा रेकर्डिङ् कृष्णराम मुल्मीले गरेका छन् । पात्रहरूमा सुशिला केसी, जीतेन्द्र महत,मदनदास श्रेष्ठ र कृष्ण मल्ल रहेका छन् ।[३८]

---

[३४] ऐजन ।

[३५] ऐजन ।

[३६] दीर्घसिंह बम, **पखालिएको सिन्दुर,** (काठमाडौं: रेडियो नेपाल, २०३८) ।

[३७] **रेडियो नेपाल प्रसार विभाग**बाट प्राप्त जानकारी ।

[३८] दीर्घसिंह बम, पूर्ववत् ।

अशिक्षा र गरिबीले नेपालमा फैलिएको क्षयरोग र त्यसले निम्त्याएका दुर्घटनालाई यस नाटकको विषय बनाइएको छ । धामीझाक्री गर्ने अन्धपरम्पराले बेलैमा रोगको उपचार नगराउँदा अकालमै मृत्युको मुखमा पुग्नुपर्ने र क्षयरोग कुनै पापको कारणले लाग्ने नभइ सङ्क्रमणद्धारा सर्ने रोग भएकाले उपचारबाट ठीक पार्न सकिन्छ भन्ने सन्देश प्रदान गरिएको छ । सरल र सरस भाषामा लेखिएको यो नाटक चेतना वृद्धिमा महत्त्वपूर्ण सावित भएको छ । उनको चिकित्सक पेशाकै अनुभवको उपजका रूपमा आएको यो नाटक साहित्यिक मूल्यभन्दा चेतनाका दृष्टिले उपलब्धिपूर्ण रहेको छ ।

### १.८.४ प्रकाशित कृतिहरूको सूची

दीर्घसिंह बमका फुटकर लेखरचना बेलाबखत प्रकाशित भइरहे पनि पुस्तकाकार रूपमा कमै कृति प्रकाशित भएका छन् । व्यस्त चिकित्सा पेशाका कारण उनले आफ्ना फुटकर लेखरचनालाई पुस्तकाकार कृतिमा  समेट्न सकेका छैनन् । कथा, कविता, भजन, गीत, नाटकजस्ता विधामा कलम चलाएका बमका पुस्तकाकार कृतिहरूको सूची यस प्रकार छ ।

| क्र.स. | कृतिको नाम | प्रकाशित वर्ष | विधा | प्रकाशक | संस्करण |
|---|---|---|---|---|---|
| १ | पखालिएको सिन्दुर | २०३८ | नाटक | रेडियो नेपालमा रेकर्डिङ् | प्रथम |
| २ | दाग | २०३९ | नाटक | | प्रथम |
| ३ | बैंसको रहर | २०४८ | नाटक | | प्रथम |
| ४ | दोधार | २०६२ | गीतिएल्बम | | प्रथम |
| ५ | विरही माया | २०६२ | गीतसंङ्ग्रह | सलोनी बम | प्रथम |

## १.९ सामाजिक सेवा

व्यक्ति तथा समाजको हित गर्नु नै समाज सेवा हो । व्यक्तिले आफ्नो भलाइका लागि काम गरे पनि त्यसले समाजलाई पनि फाइदा पुऱ्याउँछ । समाज सेवाका क्षेत्रमा दीर्घसिंह बमको भूमिका महत्त्वपूर्ण छ । उनले गरेका सामाजिक कार्यलाई निम्न शीर्षकमा विभाजन गरी हेर्न सक्छौँ ।

### १.९.१ साहित्यिक संघ संस्थाको स्थापना र संलग्नता

बम ‘स्वाजन’ नामक साहित्यिक संस्थाको स्थापना (२०६२) गर्ने मध्येका संस्थापक हुन् ।[३९] यस संस्थाको मुखपत्र ‘स्वाजन सन्देश’ को प्रकाशनमा उनको भूमिका महत्त्वपूर्ण छ ।

[३९] सलोनी बम, पूर्ववत् ।

उनले 'निरोगी' पत्रिकाका सम्पादक भएर लामो समय काम गरेको देखिन्छ भने क्षयरोग रोकथाममा विशेष भूमिका खेल्ने व्यक्ति वा संस्थालाई प्रदान गरिने 'रणसमुन्द्र' पुरस्कारको स्थापना पनि गरेका छन् ।[४०] यो पुरस्कार उनले आफ्ना मातापिताका नामबाट राखेको देखिन्छ ।

## १.९.२ स्वास्थ्य क्षेत्रमा योगदान

दीर्घसिंह बमले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्षयरोग नियन्त्रणमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । डट्स पद्धतिको प्रयोग र सफलतामा उनको योगदान विशेष महत्त्वको छ ।[४१] विद्यालय स्वास्थ्य,साईबाबा क्लिनिक,जनकल्याण क्लिनिक र त्रिपुरेश्वर क्लिनिकका माध्यमबाट जनसाधारणको स्वास्थ्य परिक्षणमा ठूलो टेवा पुऱ्याएका छन् । आफ्नो क्लिनिकमा आउने गरीब,विद्यार्थी,पत्रकारलाई निःशुल्क उपचार गरी सहयोग गरेको पाइन्छ ।[४२]

## १.९.३ समितिहरूको सदस्य

दीर्घसिंह बम राष्ट्रिय र अन्तर्राष्ट्रिय थुप्रै संघसंस्थासँग आवद्ध छन् । पेशाले चिकित्सक भएका कारण स्वास्थ्य क्षेत्रमा उनी बढी क्रियाशील देखिन्छन् । जुन स्वभाविक ठहरिन्छ । उनको चिकित्सा फाँट पूर्णतः सफल रहेको छ । उनी निम्न संस्थाहरूमा आवद्ध देखिन्छन् ।[४३]

- नेपालगञ्ज मेडिकल कलेज तथा कलेज अफ साईन्स भरतपुरमा आमन्त्रित प्राध्यापक ।
- नेपाल स्पोर्ट क्लब तथा ह्युम्यानिस्टीक क्लबमा सल्लाहाकार ।
- सार्कक्षयरोग केन्द्रमा कार्यकारिणी अध्यक्ष (सन् १९९३) ।
- राष्ट्रिय क्षयरोग पुनर्विश्लेषण नेपालमा टास्कफोर्स सदस्य ।
- सार्क क्षयरोग केन्द्रमा निर्देशक (१९९६) ।
- इन्टरनेसनल युनियन अगनेस्ट ट्युबरक्लोसिस एण्ड डिसिजनमा बोर्ड अफ डाईरेक्टर (१९९९) ।
- अमेरिकन बायोग्राफिकल इन्सिटच्युट अमेरिकामा द रिसर्च वोर्ड अफ् एड्भाइजर ।
- रिसर्ज स्ट्रेन्थेनिङ्ग ग्रुप अफ द रिसर्च क्यापासिटी तथा विश्व स्वास्थ्य संगठनमा स्पेशल प्रोग्राममा सदस्य ।

---

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] दीर्घसिंह बम, पूर्ववत् ।

[४३] ऐजन ।

- ईन्टर नेशनल युनियन अगनेस्ट ट्युवरक्लोसिस एण्ड लङ डिजिजमा बोर्ड अफ डाईरेक्टर (२००१) ।
- जापानमा एन्टिट्युवरक्लोसिस एशोशियन तथा रिसर्च इन्सिच्युट अफ ट्युवरक्लोसिसको सदस्य ।
- एलर्जी सोसाईटी अफ थाइल्याण्डको आजीवन सदस्य ।
- नेपाल मेडिकल संघको आजीवन सदस्य ।
- नेपाल क्षयरोग निवारण संघको आजीवन सदस्य ।
- रेडक्रस सोसाइटीको आजीवन सदस्य ।
- लायन्स क्लवको आजीवन सदस्य रहेका छन् ।

यी बाहेक थुप्रै संघ संस्थामा आवद्ध भएर उनले सामाजिक सेवामा योगदान पुऱ्याएको पाइन्छ ।

## १.१० सम्मान तथा पुरस्कार

बम कक्षा पाँचमा पढ्दा प्रथम भएर 'बजिफा' छात्रवृत्तिबाट सम्मानित भएका देखिन्छन् ।[४४] उनी अध्ययन सकेर जागिरमा प्रवेश गरेदेखि हालसम्म सबैभन्दा बढी राष्ट्रिय अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान पाउने चिकित्सकको दर्जामा पर्छन् । सम्मान र अभिनन्दनको ठूलै आकर्षक माला छ उनीसँग । उनले पाएका पुरस्कारहरूको विवरण यस प्रकार छ ।[४५]

- तन्नेरी प्रतिभा सम्मान् (२०५९) ।
- रेडियो प्रसार विभागद्धारा प्रमाण-पत्र ।
- गोरखा दक्षिण बाहु दुईपटक (१९९४) तथा (१९९५) ।
- सुप्रबल गोरखा दक्षिण बाहु (१९९८) ।
- अन्तर्राष्ट्रिय स्तरको कार्ल स्टीब्लो इन्टरनेशनल पब्लिक हेल्थ अवार्ड ( १९९८) ( विश्वमै प्रथम पल्ट पाएको) ।
- म्यान अफ द एर (१९९९) अवार्ड नर्बे ।
- द हनोरी मेडल गोल्ड विथ डिप्लोमा (२०००) इन्टरनेशनल मिलेनियम गोल्डस्टार अवार्ड एण्ड मिलेनियम मेडल (२००१) ।
- एन.टि.सि को बधाईपत्र (१९९८) ।

---

[४४] ऐजन ।

[४५] ऐजन ।

- क्षयरोग निवारण संघ काठमाण्डौं,भक्तपुर,मोरङ,चितवन तथा झापा शाखाबाट सम्मान (१९९९) ।
- नेपाल मेडिकल संघ बाँके,कैलाली,डोटी,कञ्चनपुर,बैतडी जिल्ला विकास समिति लगायत प्रायः सबै जिल्ला र विभिन्न संघ संस्था गरि दुई सयभन्दा बढी अभिनन्दन पत्रको माला उनीसँग छ ।
- फ्रान्स गोल्ड स्टार इन्टरनेशनल अवार्ड (१९९८) ।
- भारत ज्योति (२०००) ।
- नेपाल रेडक्रसद्धारा प्रशंसापत्र (१९९८) ।
- राष्ट्रिय अस्पताल तथा अनुसन्धान केन्द्रबाट सम्मान ।

यसप्रकार बम थुप्रै राष्ट्रिय र आन्तर्राष्ट्रिय सम्मानबाट सम्मानित भएका छन् । यसले उनको विशिष्ट व्यक्तित्वलाई झल्काउँछ ।

## १.११ रुचि तथा स्वभाव

शान्त र मिजासिला स्वभावका बम गीतसङ्गीत प्रेमी हुन् । गीतप्रति उनको न्यानो माया छ । बाल्यकालदेखि ठाडी भाकामा रमाएका बम समयक्रममा आधुनिक र चलचित्रका गीत उत्तिकै मन पराउँछन् ।[४६] मिलन र विछोडका भावुक क्षणलाई गीतमा कैद गरिहाल्ने बानी रहेको बताउँछन् । आफ्नो कलम गीतमै क्रियाशील बनाएका छन् । कर्मप्रतिको मोह बमको अनुकरणीय पक्ष हो । क्षणक्षणको सदुपयोग गर्ने उनको लगनशीलताले नै विशिष्ट व्यक्तित्वको निमार्ण भएको हो । कुरा थोरै र काम धेरै गर्ने मध्येका बम राम्रा नमुना हुन् । अध्ययन, अनुसन्धानमा उनको विशेष रुचि देखिन्छ । पेशाप्रति इमान्दार र वफादार रहनु उनको नैतिक मर्यादा हो । स्वदेशी साहित्यकारमा बालकृष्ण सम लक्ष्मीप्रसाद देवकोटा र भूपी शेरचनलाई मन पराउने बम विदेशी साहित्यकारमा शेक्सपियर, म्याक्सीम गोर्की, प्रेम चन्द्र र रवीन्द्रनाथ ठाकुर तथा उनका कृति मन पराउने बताउँछन् ।[४७] छाती रोगसम्वन्धी थुप्रै अनुसन्धान गरेर आफ्नो अनुसन्धानीय रुचि पुष्टि गरेका छन् ।

सरल र सफा पहिरनमा उनको चासो देखिन्छ । अवस्थाअनुसार कोट,पाइन्ट तथा सुट लगाउने र घरमा काम गर्दा छरितो लाग्ने पोसाकमा उनको रुचि पाइन्छ । भ्रमण र

---

[४६] ऐजन ।

[४७] ऐजन ।

समाजसेवा उनका रुचिका क्षेत्र हुन् । धेरै देशको भ्रमण गर्नु र विभिन्न संस्थासँगको आवद्धताले यसको पुष्टि हुन्छ । फुर्सदमा सिर्जनामा लिन भइराख्न मन पर्ने बताउँछन् ।[४८]

सकारात्मक सोच,मीठो र कम बोल्ने उनको स्वाभाव हो । मिलनसारिता र मानवतावाद उनको पहिचान बनेको देखिन्छ । समयअनुसार नरम र गरम हुनु उनको विशेषता हो । अन्याय र अत्याचार उनको जीवनभन्दा बाहिरी कुरा हुन् । मानिस जातले होइन कर्मले ठूलो हुन्छ भन्ने उनको जीवन दर्शन हो । उनी धर्ममा आस्था राख्दछन् तर धार्मिक कठोरता मान्दैनन् । धर्म मानवजातिको हितमा हुनुपर्ने धारणा राख्ने बम धर्मका नाममा हुने आडम्बरीपनमा असहमति राख्दछन् । खानामा दाल,भात र तरकारी उनको मनपर्ने भोजन बताउँछन् ।[४९]

## १.१२ भ्रमण

भ्रमणलाई अनुभवको भण्डार ठान्ने बम स्वदेश र विदेशका थुप्रै ठाउँ घुमेका देखिन्छन् । जागिरको सिलसिला वा विभिन्न तालिम गोष्ठिमा उनी स्वदेशका प्रायः पचहत्तरै जिल्ला घुमेका छन् । उनी भारत, जापान, रुस, अमेरिका, बेलायत, बंगलादेश, अफ्रिका, जर्मनी, मलेसीया, चीन, अष्ट्रेलीया, फ्रान्स, साउदी अरब आदि राष्ट्रमा पुगेका छन् ।[५०] भ्रमणबाट थुपै अनुभव सङ्गालेका बमको व्यक्तित्व खारिदै गएको छ । विभिन्न स्थान घुम्ने क्रममा मानवीय जटिलता र समस्यालाई राम्ररी बुझेका बम मानवको सेवामा झनै प्रेरित भएर लाग्दै छन् । उनको ज्ञानराशी वृद्धिमा भ्रमणको महत्त्वपूर्ण भूमिका छ ।

## १.१३ जीवनदर्शन

दीर्घसिंह बम अध्यात्म र भौतिकवाद दुवैको मेलबाट नै जीवन सुमधुर हुन्छ भन्ने मान्यता राख्छन् ।[५१] उनले आफ्नो व्यवहारिक जीवनमा यी दुवै मान्यतालाई आत्मसात् गरेका छन् । ईश्वरीय शक्तिमा विश्वास गर्ने बम कुनै अदृश्य शक्तिको कारणले यो संसार गतिशील छ भन्ने ठान्दछन् । ईश्वरप्रतिको विश्वासले नै उनी पूजापाठ,व्रतजस्ताा धार्मिक क्रियाकलाप गर्छन् ।

आस्तिक भएर पनि अन्धपरम्परा र रुढिगत मान्यतामा उनको विश्वास छैन् । समय सापेक्ष संस्कार र संस्कृति परिवर्तन गर्दै लिनुपर्ने धारणा राख्ने बम धर्मका नाममा प्रचलित

---

[४८] ऐजन ।

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन ।

सामाजिक कुरीति,जातीय छुवाछुत तथा धामीझाक्रीजस्ता प्रवृत्तिमा पटक्कै विश्वास गर्दैनन् । मानिस-मानिस बीचका असमानता अन्त्य गरेर समतामूलक न्यायिक समाज निर्माणमा उनको जोड छ । मान्छेलाई नै ईश्वर मान्ने उच्च मानवतावादी चिन्तन नै उनको जीवनको मूल अभीष्ट देखिन्छ । मान्छेको सेवा नै सबैले आफ्नो कर्तव्य ठाने कसैले रोग,भोक र शोकले अकालमा मर्नु नपर्ने धारणा राख्ने बमकाअनुसार सेवाबाट नै समाजको आमूल परिवर्तन भई मानिस बीच आपसी भाइचारा, सुख तथा शान्तिको समृद्धि हुन्छ ।[५२]

उनी कम्युनिष्ट हुदैमा,पार्टीको झन्डा बोक्दैमा,प्रगतिशील कुरा गर्दैमा, प्रगतिवादी भइदैन भन्ने धारणा राख्छन् ।[५३] आदर्शलाई व्यवहारमा प्रयोग गरेमात्र प्रगतिशील भइन्छ भन्ने बमका क्रियाकलाप मान्छेका लागि हुन्छन् । उनी जीवनमा जति व्यस्त हुन्छन्,मान्छेकै सेवाका लागि हुन्छन्, कुनै स्वार्थले होइनन् । यसप्रकार आध्यात्मिक र भौतिक दुवै मान्यतामा समान धारणा राख्ने बमको जीवनदृष्टि सेवाकर्म र मानवताले ओतप्रोत भएको देखिन्छ ।

[५२] ऐजन ।

[५३] ऐजन ।

# परिच्छेद दुई
# दीर्घसिंह बमको व्यक्तित्व

व्यक्तित्व व्यक्तिको क्षमता र व्यवहारबाट निर्माण हुन्छ । व्यक्तित्वले व्यक्तिलाई चिनाउँछ । असल बानी र परिश्रमले व्यक्तित्वको विकास गर्छ । आन्तरिक र बाह्यगरि व्यक्तित्वका दुई पाटा हुन्छन् । व्यक्तिभित्र भएको क्षमता र विवेकले आन्तरिक व्यक्तित्वलाई बुझाउँछ भने बाहिरी बनावटले बाह्य व्यक्तित्व बुझाउँछ । यस परिच्छेदमा दीर्घसिंह बमको आन्तरिक र बाह्य व्यक्तित्वको अध्ययन गरिएको छ ।

## २.१ आन्तरिक व्यक्तित्व

शान्त र मिजासिला स्वभावका बम मानवतावादी धारण राख्छन् । अरूलाई सहयोग गर्ने उनको स्वभावै देखिन्छ । थोरै र मीठो बोल्ने,हसिलो भइरहने गुणले उनको आन्तरिक स्वभावलाई झल्काउँछ । कसैको दुःख र पीडा देख्दा आफ्नो मन रन्ने कुरा बताउँछन् । दयालु र कोमल हृदय भएका बम अरूको दुःखलाई आफ्नै ठान्छन् । उनीमा घमण्ड र बनावटीपनको लेससम्म देखिदैन । उनीमा देखेको बोल्ने र यर्थाथलाई तटस्थ भएर भन्ने स्पष्ट दृष्टिकोण देखिन्छ । कोमल भएर पनि अत्याचारका विरुद्ध निकै गरम हुने उनको बानी छ । कसैको कुभलो नचिताउने, सबैको भलाइमै रमाउने परोपकारी विचार राख्छन् । उनीमा कुनै छलकपट तथा षड्यन्त्र पाइदैन । निश्छल, स्पष्ट र निडरता उनका विशेषता हुन् ।[५४]

परम्परा र संस्कृतिप्रति अगाध आस्था राख्छन् तर अन्धरुढिमा विश्वास गर्दैनन् । आफ्नो परम्परा तथा रीतिस्थितिअनुसारका कृयाकलाप गर्ने आचरण उनीमा देखिन्छ । आस्तिक भएर पनि मानवतालाई ईश्वर मान्ने प्रवृत्ति बममा छ । धर्म,जातजातिमा भेदभाव नगर्ने र सत्यको पक्षमा उभिने प्रवृत्ति उनमा देखिन्छ । कर्मशीलतामै रमाउने र कर्मबाटै जीवनको सुन्दरता निर्माण हुन्छ भन्ने मान्यता राख्ने बम कर्मका पुजारी हुन् । खालि नबसेर कुनै न कुनै काममा लागिरहने उनको विशेषता हो । आफ्नो पारिवारिक वातावरणबाट ज्यादै सन्तुष्ट बम न्यायप्रेमी धारणा राख्छन् । सानो मानिससित पनि शिष्ट र आदरपूर्वक व्यवहार गर्दै आफ्नो नम्रताको सुन्दर र आकर्षक पहिचान गराउनु उनको विशेषता हो । मिलिजुली काम गर्ने सामुहिक भावना उनमा देखिन्छ । राष्ट्रभक्ति, संस्कृतिप्रेम, प्रकृतिप्रेम उनका गुणभित्र पर्छन् । आदर्शलाई व्यवहारमा उतार्ने उनको व्यवहार भद्रतापूर्ण र नरम खालको हुन्छ । जीवनशैली सरल र विचार उच्च रहेको छ । सरलता, स्पष्टता, स्वच्छन्दता, पारदर्शीता, निष्पक्षता उनका जीवनका मुख्य पक्ष हुन् । यिनै गुणको प्रतिबिम्व उनका

---

[५४] सलोनी बम, पूर्ववत् ।

कृतिमा झल्किएको छ । उपर्युक्त गुण, क्षमता, स्वभाव तथा प्रवृत्तिको संयोजन नै दीर्घसिंह बमको आन्तरिक व्यक्तित्व हो ।

## २.२ बाह्य व्यक्तित्व

### २.२.१ शारीरिक व्यक्तित्व

दीर्घसिंह बम शारीरिक रूपमा मझौला कदका छन् । उनको उचाइ ५.६ फिट छ भने वजन ७२ कि.ग्रा. रहेको पाइन्छ ।[५५] गोरो वर्ण,ठूलो निधार,पातला ओठ,मिलेको नाक, पुष्टगोलो अनुहार भएका बम सधै उज्याला र हसिला देखिन्छन् । उनी सधैँ दाह्री काटेको सफा र शालीन अनुहारमा हुन्छन् । उनको अनुहार विनयी र शान्त देखिन्छ । घरमा बस्दा पाइन्ट,सर्ट र चिसोमा स्वीटर आदि बाक्लो लुगा लगाउँछन् ।[५६] बाहिर जाँदा पाइन्ट, सर्ट, कोट, चस्मा, टाई, काला जुत्ता सुट र चस्मा लगाउँछन् । बिमारी चेक गर्दा सेतो पोसाक र गम्भीर मुद्रामा देखिन्छन् । हिड्दा उनी साह्रै होशियार र सोचमग्न देखिन्छन् । साथीभाइसँग हसिलो मुहारमा कुरागर्ने उनको स्वभाव हो ।

### २.२.२ चिकित्सक व्यक्तित्व

बम क्षयरोग विशषज्ञ हुन् । उनको व्यक्तित्वको सबैभन्दा उर्वर फाट नै चिकित्सक हो । रुसबाट मेडिकल (छातीरोग) मा सन् १९७५ मा मास्टर्स गरेका छन् । 'ब्रोङ्कोलोजी' मा पनि उनले डिग्री हासिल गरेको देखिन्छ । वि.स.२०३५ सालबाट सरकारी सेवामा प्रवेश गरेदेखि हालसम्म क्षयरोग निदानका लागि थुप्रै खोजअनुसन्धान गर्दै आएका छन् । क्षयरोग रोकथामका लागि उनले आविष्कार गरेको 'डट्स' विधि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा सफल रह्यो । राष्ट्रिय क्षयरोग केन्द्र र सार्क क्षयरोग केन्द्रका निर्देशक भइ क्षयरोग निराकरणमा थुप्रै प्रशंसनीय कार्य गरे । क्षयरोग लाग्ने कारण, समाधानका उपाय र उपचारको विधि सम्वन्धी उनले प्रशस्त,गोष्टी तथा सेमिनार सञ्चालन गरेका छन् ।[५७] आफ्नो जीवन नै क्षयरोग रोकथाममा समर्पण गर्दै आएका छन् । कुनै समयमा जटिल मानिएको क्षयरोगलाई सरल र सजिलै रोक्ने जुन प्रयास बमले गरे त्यसले उनको क्षमता र व्यक्तित्वलाई राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा स्थापित गरायो । सबैका प्रशंसाका पात्र बन्न पुगे । एउटा कुशल नेपाली चिकित्सको परिचय अन्तर्राष्ट्रिय जगत्लाई दिए । क्षयरोगको महामारीले अकालमै मर्नबाट धेरैलाई बचाए । क्षयरोगीलाई सजिलै मृत्युको मुखमा पुग्न दिएनन् । क्षयरोगको चुनौतीलाई रोक्ने उनको प्रयास स्वागत योग्य बन्यो । मानव

---

[५५] ऐजन ।

[५६] दीर्घसिंह बम, पूर्ववत् ।

[५७] ऐजन ।

स्वास्थ्यको निम्ति क्षयरोगका विरुद्ध उनले गरेको संघर्ष कालजयी बनेको छ । स्वास्थ्य क्षेत्रमा उनले पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय एक सय पचहत्तरभन्दा बढी संघ संस्थाबाट सम्मानित र अभिनन्दित भएका छन् । क्षयरोग रोकथाममा पुऱ्याएको सहयोगका लागि 'कार्ल स्ट्ब्लो' अन्तर्राष्ट्रिय पुरस्कार प्रथम पटक बमलाई दिएको छ ।[५८] यसप्रकार उनको चिकित्सक व्यक्तित्व सर्वाधिक महत्त्वको रहेको छ ।

## २.२.३ कलाकार व्यक्तित्व

दीर्घसिंह बम स्रष्टाका साथै कलाकार पनि हुन् । उनले फिल्ममा डाक्टरको रोल खेलेर सफल कलाकारको अभिनय गरेका छन् । चिकित्सक पेशामा पोख्त बमले कलाकारिता क्षेत्रमा पनि आफ्नो चिकित्सकीय भूमिका आकर्षक ढङ्गले प्रस्तुत गरेको देखिन्छ । चलचित्र 'ठूल्दाइ' र 'मजदुर' मा उनले आफ्नो अभिनय व्यक्तित्वको सफल प्रयोग गरेका छन् ।[५९] यी बाहेक अन्य नाटकहरूमा पनि उनले अभिनय गरेको पाइन्छ । घटनाअनुसारको भूमिका रोचक ढङ्गले निभाउनु उनको कलाकारितामा देखिएको सबल पक्ष हो । यसले उनको व्यक्तित्वमा नयाँ आयाम थपेको छ ।

## २.२.४ सामाजिक व्यक्तित्व

दीर्घसिंह बमले जीवनमा गरेका समाज सम्वद्ध क्रियाकलापले उनको सामाजिक व्यक्तित्वलाई उच्चता प्रदान गरेको छ । समाजसँगका गतिविधिबाट उनको सामाजिक व्यक्तित्वको निर्माण भएको हो । सामाजिक संलग्नताका कारण उनी राष्ट्रिय अन्तर्राष्ट्रिय समाजसेवीका रूपमा स्थापित भएका छन् ।[६०] व्यक्ति दीर्घसिंह पेशागत रूपमा चिकित्सक भए पनि थुप्रै सामाजिक संघ संस्थामा आवद्ध देखिन्छन् । सामाजिक क्षेत्रमा क्रियाशील संघ संस्थामा आवद्ध हुनु उनमा रहेको समाजसेवी भावनाको अभिव्यक्ति हो । चिकित्सक बाहेक उनी समाजमा गीतकार,प्रशासक र नेतृत्वकर्ताका रूपमा परिचित छन् । उनी समाजमा प्रतिष्ठित चिकित्सक, इमान्दार कर्मचारी,भावुक साहित्यकारका रूपमा चिनिन्छन् । नम्रता र शालीनपनले उनको सामाजिक चिनारी उदारणीय बनेको छ । अन्याय र गलत प्रवृत्तिका विरुद्ध निर्भिक भएर प्रतिवाद गर्नु उनको विशेषता हो । उनको यस्तो विशेषता असल समाज निर्माणमा एउटा महत्त्वपूर्ण कदम हो । सकारात्मक सोच र कर्मशील जीवनले बम स्वच्छछवि भएका व्यक्तित्वका नामले समाजमा परिचित छन् । सामाजिक प्रतिष्ठाकै कारण

---

[५८] ऐजन ।

[५९] सलोनी बम, पूर्ववत् ।

[६०] वासुदेव त्रिपाठी, "मन्तव्य", **विरही माया,** ले. दीर्घसिंह बम, (काठमाडौं : प्रकाशन २०६२) ।

उनी विशिष्ट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा प्रमुख अतिथि, सल्लाकारका रूपमा सम्मानित भएका छन् ।[६१] बम थुप्रै सामाजिक संस्थामा आवद्ध देखिन्छन् । समाजका विविध पक्षमा सेवाका भावनाले क्रियाशील संस्थाहरूमा बमको प्रवेशले उनको सामाजिक व्यक्तित्वलाई परिचित गराएको छ । 'स्वाजन साहित्य समाज', 'रणसमुन्द्र पुरस्कार', लायन्स क्लब, नेपाल रेडक्रस सोसाइटी, नेपाल मेडिकल संघ, एलर्जी सोसाइटी अफ थाइल्याण्ड, विश्व स्वास्थ्य संगठन, नेपाल स्पोर्ट क्लब, सार्क क्षयरोग केन्द्रजस्ता विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थामा संलग्न रहेका छन् । उनका समाजसितका क्रियाकलाप र सामाजिक संघ-संस्थाको माध्यमबाटको समाजप्रति देखाएको उत्तरदायित्वले उनको सामाजिक व्यक्तित्वको निर्माण भएको देखिन्छ । एउटा जिम्मेवार चिकित्सक, चिन्तनशील स्रष्टा तथा कर्मशील समाज सेवीका रूपमा उनको ख्याती सर्वत्र रहेको छ ।

### २.२.५ संस्थापक व्यक्तित्व

बमको व्यक्तित्व संस्थापन क्षेत्रमा पनि सक्रिय रहेको छ । उनले स्वास्थ्य मन्त्रालयमा कार्यरत छदा साहित्यिक माध्यमबाट स्वास्थ्य क्षेत्रमा चेतना जगाउने उद्देश्यले वि.स.२०६२ साल,वैशाखमा 'स्वाजन साहित्यिक समाज' को स्थापना गरेका छन् ।[६२] स्वास्थ्य क्षेत्रमा देखापरेका समस्या र तिनको समाधानका उपायलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दा सरल र मनोरञ्जनपूर्ण तरिकाले चेतनाको प्रवाह हुने देखिन्छ । यस संस्थाले 'स्वाजन सन्देश' नामक मुखपत्रको प्रकाशन गर्दै आएको छ । वि.स. २०५९ मा बमले मातापिताको नामबाट 'रणसमुन्द्र' पुरस्कारको स्थापना गरेका छन् ।[६३] सामाजिक,साहित्यिक,सञ्चार तथा स्वास्थ्यको क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिलाई यो पुरस्कार प्रदान गरिन्छ । यो पुरस्कारको लागि आफ्नै योगदानमा अक्षयकोषको स्थापना गरेको बुझिन्छ । पुरस्कारको कोष सञ्चालन गर्न आफ्नै अध्यक्षतामा एउटा स्वायत्त समितिको स्थापना गरिएको छ ।[६४] यसप्रकार बमले संस्थापन क्षेत्रमा पनि आफ्नो पहिचानलाई कायम गरेका छन् ।

### २.२.६ मृदुभाषी व्यक्तित्व

दीर्घसिंह बम नम्र र मीठो भाषा बोल्ने व्यक्ति हुन् । सरल र स्पष्ट बोल्ने उनी आदरयुक्त भाषाको प्रयोग गर्छन् । सानोठूलो, धनीगरिब पेशा व्यवसायमा भेदभाव नगरी सबैसँग समान नम्र र शिष्ट भाषाको प्रयोग गर्नु उनको विशेषता हो । यही विशेषताले उनी

---

[६१] नरेशकुमार बर्मा, "सेवा व्यवसायका उदाहरणीय व्यक्ति दीर्घसिंह बम" **विचारहरु माझ दीर्घसिंह बम,** (झापाः आचार्य प्रकाशन, २०६०) ।

[६२] दीर्घसिंह बम, पूर्ववत् ।

[६३] ऐजन ।

[६४] ऐजन ।

मृदुभाषी व्यक्तिका रूपमा परिचित छन् । उचित भाषिक व्यवहारले व्यक्तिलाई शिष्ट र सभ्य कहलाउँछ । देश विदेशमा  चर्चाको शिखर चुमेका  बमको भाषिक व्यवहारमा कुनै दम्भ र अहंकार देखिदैन । बरु शिष्टता र नम्रताको झल्को भइरहन्छ । उनको नम्र र शिष्ट भाषिक व्यवहारबाट उनीसँग सम्पर्कमा आउने व्यक्ति तुरुन्तै आत्मीयताको अनुभव गर्छन् ।[६५] स्पष्ट र थोरै बोल्ने बमको व्यवहारबाट जोकोही प्रभावित भइरहन्छन् । ठूलो पदमा पुगेर पनि सबैसँग सम्मानित भाषाको प्रयोग गर्नु उनको सकारात्मक सोच हो । क्षुद्र र तुच्छ शब्दहरूको प्रयोग गरी कसैलाई अपमानित गर्ने व्यवहार उनको हुदैन । दुःखी र आवेगको क्षणमा पनि हास्दै सहज रूपमा मीठो भाषामा आदरयुक्त शैलीको प्रयोग गर्नु उनको विशेषता हो । छलकपट र आडम्वरपूर्ण शैलीमा षड्यन्त्रको निम्ति मीठो भाषाको प्रयोग नभई आफ्नो आत्माको प्रतिबिम्व उनले भाषाको माध्यमबाट व्यक्त गर्छन् ।

## २.३ साहित्यिक व्यक्तित्व

व्यक्ति दीर्घसिंहमा व्यक्तित्वका अनेक आयाम छन् । आफ्नो पेशागत व्यस्तताका बीचबाटै उनले गीत, कथा, भजन, रेडियो नाटकका क्षेत्रमा कलम चलाएका हुन् ।[६६] अन्य क्षेत्रमा भन्दा गीतमा उनले विशेष योगदान पुऱ्याएको देखिन्छ । समाजका यथार्थतालाई सरल रूपमा प्रस्तुत गर्ने बमका गीतमा विरह व्याथाले पनि उल्लेख्य स्थान पाएको छ । उनको रुचि रहेको क्षेत्र गीतमा गीतिचेत सलल बगेको छ । त्यसैमा उनले विशेष योगदान पुऱ्याएको देखिन्छ । त्यसपछि भजन, रेडियो नाटक तथा कथालाई सँगसँगै अगाडि बढाएको पाइन्छ । गुणात्मक र परिमाणात्मक दृष्टिले उनको गीतकार व्यक्तित्वको नै हावी देखिन्छ । यी विविध विधाका सार्जकको व्यक्तित्वलाई निम्न शीर्षकमा विभाजन गरेर हेरिएको छ ।

### २.३.१ गीतकार व्यक्तित्व

साहित्यिक क्षेत्रमा बमको गीतकार व्यक्तित्व सर्वाधिक महत्त्वको रहेको छ । यही व्यक्तित्वले उनलाई साहित्यिक क्षेत्रमा स्थापित बनाएको हो । उनले कविताबाट साहित्यिक यात्राको प्रारम्भ गरेका हुन् । धेरै अगाडिबाट थालिएको उनको गीतियात्रा प्रकाशनका दृष्टिले भने वि.स.२०६२ मा 'विरही माया' आधुनिक गीतिसङ्ग्रहको प्रकाशन भएपछि सार्वजनिक भएको देखिन्छ ।[६७] लेख्दै थन्क्याउदै गरेका बमको प्रथम प्रसारित गीत 'सम्झना नै सम्झना छ, अरू के पो छ र यहाँ' हो । वि.स. २०३७ मा प्रसारित यो गीतमा प्रताप अधिकारीको

---

[६५] नरेशकुमार बर्मा, पूर्ववत् ।

[६६] सलोनी बम, पूर्ववत् ।

[६७] दीर्घसिंह बम, पूर्ववत् ।

स्वर र शक्ति बल्लभको संगीत मिसिएको छ ।[६८] यो दीर्घसिंह बमको प्रथम पटक प्रसारित गीत हो भने प्रताप अधिकारी र शक्ति बल्लभको क्रमशः स्वर संगीत पनि प्रथम पटक नै प्रस्तुत रहेको बुझिन्छ ।

'विरही माया' आधुनिक गीतिसङ्ग्रमा जम्मा छहत्तर गीत सङ्कलित रहेका छन् । जसमध्ये विभिन्न गायकगायिकाका स्वर संगीतमा सजिएका बत्तीस गीत रेडियो नेपालद्वारा प्रसारित भएका छन । तीन गीत चलचित्रमा गाइएका छन् भने पाँच वटा संगीतबद्ध गीत विभिन्न एफ्.एम्. बाट प्रसारित भएका छन् । 'विरही माया' गीतिसङ्ग्रहमा संकलित छहत्तर गीतहरू मध्य तेह्र गीतको छुट्टै 'दोधार' नामक गीतिएल्बम प्रकाशित भएको छ । यस सङ्ग्रहमा संकलित छत्तीस गीत संगीतवद्ध भएका देखिदैनन् ।

बमका गीतमा प्रेमप्रणयले उच्च स्थान पाएको छ । युवायुवतीका बीच हुने प्रेमील क्षणहरूको साउती आकर्षक ढङ्गले गरिएको भेटिन्छ । विछोडमा प्रेमीप्रेमीकामा उत्पन्न हुने विराग अनि मिलनका मधुर क्षणलाई प्रायजसो गीतमा प्रस्तुत गरिएको देखिन्छ । प्रेमीप्रेमीकाका सुखद् क्षणका आनन्दानुभूति उत्कट रूपमा प्रकट भएका छन् ।[६९]

समय,स्थान र परिस्थितिले एकअर्काबाट विछोडिदा मनमा उत्पन्न हुने विरागलाई बमले गीतमा जीवन्त रूपमा उतारेका छन् । आत्मीय व्यक्तिबाट एक्लिदाका ती क्षणहरूले कतै विगतलाई बल्झाएको देखिन्छ भने कतै मिलनको तीव्र चाहना प्रकट गरेको देखिन्छ । उनका प्रयजसो गीतमा विप्रलम्भ श्रृङ्गारको कौतुहलमय भाव अन्तर्निहित भएको छ । विछोडको व्यथा उनले गीतमा यसरी पोखेका छन ।

जलन भई दिन्छ भित्र, थाहा छैन कहाँ कहाँ
तड्पी रुन्छ मन विचरा उडी पुग्छ तिमी कहाँ

प्रेमको नाममा बनावटी र स्वार्थी प्रेम गर्नेहरू प्रेम यात्रामा देखिने काँडा हुन् । त्यस्तो प्रवृत्तिले पवित्र प्रेमको उपहाँस गर्छ । प्रेम गर्नेले प्रेमको महानतालाई र अमरतालाई बुझ्नुपर्छ । निस्वार्थ र आत्मीय प्रेमले मात्रै व्यक्ति र समाजको भलाइ गर्छ । शारीरिक प्रेम क्षणिक र शारीरिक सुख मात्र हो । त्यसले हृदयको भाव बुझ्न सक्दैन । आत्मसन्तोष र वास्तविक सुखका लागि आत्मीय प्रेमको आवश्यकता अनिवार्य हुन्छ । कामवासनामा लिप्त रहनेहरू नै आफूलाई प्रेमका सच्चा अनुयायी ठान्दछन र वासनाको आगो निभेपछि फरार हुन्छन् भन्ने सामाजिक यथार्थतालाई बमका गीतमा यसरी व्यक्त गरिएको पाइन्छ ।

---

[६८] शक्तिवल्लभ, "संयोगबस तीनै जनाको प्रथम गीत", **विरही माया,** ले. दीर्घसिंह बम (काठमाडौं: प्रकाशन, २०६२) ।

[६९] राष्ट्रकवि माधवप्रसाद घिमिरे, "चोखो प्रीतीका गीतकार" **विरही माया,** ले. दीर्घसिंह बम (काठमाडौं: २०६२) ।

लैला मजून किन बन्छन्, जवानीमा जवान यहाँ
आगो निभेपछि प्रेमी भवँरा झै उड्छन् कहाँ

आफूले रोजेको प्रेमीप्रेमीका पराई भई दिदा सबैको मन दुख्छ । मन दुखाइका यस्ता भावना बमका गीतमा आत्मपीडक रूपमा हृदय संवेद्य भई प्रकट भएका छन् । आफूले गरेका क्रियाकलापको परिणामको जिम्मेवारी आफैले नै लिई अरूलाई दोष नदिने प्रवृत्तिले इमान्दारिताको सच्चा सन्देश दिएको छ । अरूलाई दोष दिएर आफू निर्दोष हुनखोज्ने भन्दा पनि आफ्नै गल्तीले पीडित हुनुपरेको आत्मस्वीकारोक्ति 'विरही माया' गीतिसङ्ग्रहमा सङ्कलित गीतमा मार्मिक रूपमा व्यक्त भएको पाइन्छ । आफ्नै रोजाइले निम्तिएका घटनाको परिणामप्रति पछुतो नमानेर सन्तोष मान्दै चित्त बुझएका उनका गीत भन्दछन् ।

गल्ती मेरै हो, तिमीलाई नै साथी मैले रोजे
मुटुमा नै छुरा रोपे............................

प्रस्तुतिका दृष्टिले 'विरही माया' गीतिसङ्ग्रहमा एकालापीय र युगल संवादात्मक गीतहरू सङ्कलित रहेका छन् । अन्त्यानुप्रास युक्त सरल र सहज भाषाशैलीको प्रयोग बमका गीतमा पाइने विशेष विशेषता हो । कोमल पद पदावलीको प्रयोग गरेर आत्मीय भावलाई रङ्गाएका उनका गीतमा प्रेमप्रणयले उच्च स्थान पाएको छ ।

## २.३.२ नाटककार व्यक्तित्व

बम नाट्य क्षेत्रमा पनि क्रियाशील स्रष्टा हुन् । उनले समाजका कुरीतिका विरुद्धमा र सभ्य समाज निर्माणको पक्षमा नाटक रचना गरेका छन् । आफूले चिकित्सक पेशामा काम गर्दा अज्ञानता र अन्धविश्वासका कारण रोगको समयमा उपचार नगराइ धामिझाक्री काहाँ जाने प्रवृत्तिले गर्दा विरामी अपाङ्ग हुने वा ज्यानै गएका थुप्रै घटना नजिकैबाट देख्न र सुन्न पाएँ । त्यस्तै घटनाबाट प्रेरित भएर जनसाधारणलाई नाटकका माध्यमबाट चेतना प्रदान गर्ने अठोट गरी नाटक सिर्जना गर्न थालेको बताउँछन् ।[७०]

बमको प्रथम रेकर्डिङ् नाटक 'पखालिएको सिन्दुर'हो । यो नाटक वि.स.२०३८ /१२ /१४ गते रेडियो नेपालको टेप लाईब्रेरीमा दर्ता भएको पाइन्छ । वि.स.२०५२ मा तीन पटक र वि.स. २०५५ मा एक पटक गरि चार पटक रेडियो नेपालबाट प्रसारित भएको छ । उनन्तीस मिनेट प्रशारण अवधि रहेको यस नाटकको निर्देशन हरिप्रसाद रिमालले गर्नु भएको छ भने ध्वनि सम्पादन तथा रेकर्डिङ् कृष्णराम मुल्मीले गरेका छन् ।

---

[७०] दीर्घसिंह बम, पूर्वव्तै ।

विषयवस्तु स्वास्थ्य सम्बन्धी भएता पनि साहित्यिक मूल्यका दृष्टिले यो नाटक उत्कृष्ट नै छ । यस नाटकका पात्र,परिवेश, संवाद, भाषाशैली र नाटकको संरचना नाट्य सिद्धान्त अनुरूप नै निर्माण भएको छ । सामाजिक अन्धविश्वासमा नलागेर बेलैमा रोगको उपचार गराउँदा सजिलै रोगबाट छुट्करा पाउन सकिन्छ भन्ने सन्देश यस नाटकले दिएको छ । व्यक्तिका अनुभव र अनुभूतिको प्रभाव उनका सिर्जनामा पर्नु स्वभाविकै हो । यसप्रकार लामो चिकित्सक पेशाको अनुभव संगालेका बमका नाटकमा स्वस्थ्य सम्बन्धी विषयले स्थान पाएको छ । कलागत मूल्य र भाषागत सजीवताका कारण बमका नटक उच्च साहित्यिक कोटिमा पर्छन् ।

'रगतिलो साँझ' र 'दाग' बमका अप्रकाशित नाटक हुन् । यी दुवै नाटकमा पनि अज्ञानता, अशिक्षा तथा अन्धविश्वासका कारण खेप्नु परेका दुर्घटनालाई विषय बनाएको छ । समयमै होशियार नहुँदा कुनै पनि कुराको परिणाम नराम्रो हुन्छ र पछि पछुताउनु शिवाय अन्य विकल्प हुदैन भन्ने सन्देश दिएको छ । उनले विभिन्न सडक नाटक तथा टेलिफिल्ममा समेत डाक्टरको भूमिका खेलेका छन् ।[७१]

## २.३.३ कथाकार व्यक्तित्व

बमले कथाका क्षेत्रमा पनि कलम चलाएर आफ्नो बहुप्रतिभाशाली व्यक्तित्वलाई चिनाएका छन् । नेपाली ग्रामीण समाजका वास्तविकताको प्रतिबिम्व यिनका कथामा उतारिएको पाइन्छ । समाजका ठूलाबडाले गरिबहरूमाथि गर्ने शोषण दमन र गरिबीका कारण निम्न वर्गीय जनताले ठूलाबडाको घरमा काम गर्नु पर्ने बाध्यतालाई कलात्मक रूपमा चित्रण गरिएको पाइन्छ । 'प्रधान साई' बमको एकमात्र अप्रकाशित कथा सङग्रह हो ।[७२] यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा सामाजिक यथार्थको सजीव चित्रण भएको छ । नेपाली ग्रामीण समाजका रीतिरिवाज चालचलन तथा धर्मसंस्कारलाई पनि ठूलाबडाकै हित अनुकूल व्याख्या गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै मान्छेको अहितमा रहेका सामाजिक मान्यताहरू भत्काएर मानव कल्याणका लागि नयाँ परम्पराको थालनी गर्नुपर्ने विचार अगाडि सारिएको पाइन्छ । मान्छेकै भलाइ नै सर्वोत्तम उपकार हो भन्ने मानवतावादी भाव सन्देश उनका कथामा भेटिन्छ । सामाजिक यथार्थलाई विषय बनाएर मानवहितमा मानिसका क्रियाकलाप सञ्चालन हुनुपर्ने सन्देशको प्रसारमा बमका कथा सफल देखिन्छन् ।

---

[७१] ऐजन ।

[७२] ऐजन ।

### २.३.४ भजनकार व्यक्तित्व

बमको धर्मप्रतिको आस्था उनका सिर्जनामा पनि प्रकट भएको छ । ईश्वरीय आस्थालाई आफ्नो सिर्जनात्मक कलाद्वारा बमले साहित्य सिर्जनामा आकार प्रदान गरेका छन् । उनले थुप्रै भजनको रचना गरेर धार्मिक साहित्यमा समेत आफ्नो सिर्जनाकर्मलाई क्रियाशील बनाएको देखिन्छ । सङ्ग्रह वा पुस्तकाकार रूपमा उनका भजन सङ्ग्रहको प्रकाशन भएको छैन । फुटकर रूपमा लेख्दै थन्क्याउदै गरेका अप्रकाशित भजन भने बमका धेरै छन् । उनका भजनमा अन्धपरम्परालाई भन्दा मानवकल्याणलाई सच्चा ईश्वर प्राप्तिको रूपमा चित्रण गरिएको हुन्छ । मान्छेलाई नै केन्द्रमा राखेर धार्मिक साहित्यको सिर्जना गर्नु बमको नवीन र मानवतावादी सोच हो । अलौकिक र अदृश्य शक्तिको कामना गर्नुभन्दा लौकिक र दृश्य साँचो ईश्वरको रूपमा रहेको मानिसको उपकारमा लाग्दा पाइने आनन्द नै ईश्वरप्राप्तिको अनुपम अवस्था हो भन्ने भाव सन्देश बमका भजनमा पाइन्छ । ईश्वरीय आस्था र भक्ति मान्ने परम्परामा बमको यो प्रयोग नितान्त नौलो र मानव केन्द्रित देखिन्छ ।

## २.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तरसम्बन्ध

नेपालको सेती अञ्चल, डोटी जिल्लाको चमराचौतारा गा.वि.स. वडा नं. १ जमरसल्लीमा सन् १९५२ अगस्ट, १५ मा जन्मेका दीर्घसिंह बमको बाल्यकाल जन्मस्थानमै बितेको पाइन्छ। आफ्नै घरमा शिक्षाको अनौपचारिक थालनी गरेका बमले प्राथमिक तहको शिक्षा गाउँकै खत्याडी मिडिल स्कूलबाट हासिल गरेका हुन् । त्यसपछि डोटीको सदरमुकाम सिलगढी स्थित पद्म पब्लिक मा.वि.मा भर्ना भई केही समयपछि त्यहाँबाट भारतको खीरी जिल्लाको राजा प्रताप विक्रम शाह हायर सेकेन्डरी स्कूलमा भर्ना भइ त्यसै विद्यालयबाट सन् १९६७ मा द्वितीय श्रेणीमा एस्.एस् सी. उतीर्ण भएका हुन् । आफ्नो विद्यालय जीवनदेखि नै साहित्य सिर्जना र पत्रिका सम्पादनमा उनी सक्रिय रहेका देखिन्छन् । भारतको खीरी जिल्लाकै धर्म सभा इन्टर कलेजबाट आई.एम्सी पास गरेपछि केही समय शिक्षण पेशा गरेका बमपछि काठमाडौं आएर अमृत साइन्स क्याम्पसमा वी.एस्सी.मा भर्ना भएका र त्यसपछि मेडिकल अध्ययनका लागि रुस गई त्यहीबाट सन् १९७५ मा मेडिकलमा एम्.डी. उपाधी प्राप्त गर्न सफल भएका देखिन्छन् । डोटीको एउटा दुर्गम गाउँमा जन्मेर बमले शिक्षा हासिलका लागि देश विदेशमा खेपेका आरोह-अवरोहबाटै उनको व्यक्तित्वको निर्माण भएको हो ।

ग्रामीण परिवेशको सामान्य परिवारमा जन्मेका बमको जीवनी उनको व्यक्तित्व निर्माणमा प्रेरणाको स्रोत बनेको छ । अशिक्षित र अविकसित समाजको पछौटेपनदेखि

उनलाई केही गर्न जागर आएको र लगातारको संघर्षबाट उनले आफ्नो विशिष्ट व्यक्तित्वको निर्माण गरेको देखिन्छ । उनको व्यक्तित्व स्वदेशमा मात्र नभएर विदेशमा समेत चर्चाको शिखर चुम्न सफल भएको छ । साहित्य चिकित्सा, नेतृत्वकर्ता समाजसेवाका क्षेत्रमा उनको व्यक्तित्व चिरपरिचित रहेको छ । साहित्यका विविध क्षेत्रमा कलम चलाएका बम मूलरूपमा गीतकार र नाटककार हुन भने अंशत कथाकार, भजनकार तथा सम्पादक हुन् । उनको जीवनी,व्यक्तित्व र साहित्यलेखनका बीच तादात्म्य सम्बन्ध रहेको छ ।

साहित्य स्रष्टाको अनुभव र अनुभूतिको प्रतिबिम्व भएकाले स्रष्टा बमले जीवनमा जे देखे र भोगे त्यसैलाई कलामा रूपान्तरण गरे । ग्रामीण समाज उनको थालथलो भएकाले उनका सिर्जनामा पनि ग्रामीण समाजका यथार्थताहरू, चालचलन, रीतिरिवाज, मूल्यमान्यता तथा परम्पराको कलात्मक चित्रण पाइन्छ । ग्राम्य परिवेशको सरलता र सहजता अनि प्राकृतिक सुन्दरता तथा चोखो मायाप्रीतिका भावका साथै अन्धविश्वास,कुरीति तथा शोषण दमनले उनका सिर्जनामा कुनै न कुनै रूपमा स्थान पाएकै हुन्छ । आफूले जीवनमा भोल्नु परेका भाव-अभाव मिलन-विछोडका क्षणलाई उनले सिर्जनामा उतारेकै छन् । बमको जीवनयात्रामा देखापरेका दैवीय विपत् र स्वयं उनले भोगेका कठीन क्षण र विछोडको व्यथा उनका रचनामा भाग्यवाद कर्मशीलता र उदासीपनका रूपमा प्रकट भएबाट स्वतः उनको जीवनी र साहित्य सिर्जनाबीच अन्तरसम्बन्ध रहेको पुष्टि हुन्छ ।

व्यक्तित्व लगनशीलता र विवेकबाट निर्माण हुन्छ । निरन्तरको साधनाबाट निर्मित बमको चर्चित चिकित्सक व्यक्तित्वकै कारण उनको साहित्य सिर्जनामा स्वास्थ्य क्षेत्रले उच्च स्थान पाएको छ । लामो समयदेखि चिकित्सक पेशामा काम गर्दै आउनु भएका बमले जीवनको लामो कालखण्ड चिकित्सक भएर बिताउनु भएको छ । चिकित्सक भएर काम गर्दा जे देखे जे अनुभव गरे त्यसलाई सिर्जनामा उतारेका छन् । उनका सिर्जनामा स्वास्थ्य सम्वन्धी चेतनामूलक सन्देशको प्रवाह हुनु व्यक्तित्वकै प्रभाव भएको देखिन्छ । कलागत मूल्य भावनागत गहिराइ तथा भाषिक सरलता र सहजताका दृष्टिले बमका रचना उच्च कोटीका रहेका छन् । उनको जीवनी,व्यक्तित्व र साहित्य सिर्जनाको अन्तरसम्बन्धको त्रिपक्षीय सम्बन्ध रहेको छ ।

# परिच्छेद तीन
# डाक्टर दीर्घसिंह बमका साहित्यिक कृतिहरूको अध्ययन

## ३.१ साहित्यिक यात्रा

विद्यार्थी समयदेखि नै साहित्यिक गतिविधिमा सहभागी हुँदै आएका बम कविता र कथा कलेज जीवनबाटै लेख्न थालेको बताउँछन् । उनको साहित्यिक यात्रा २०३६ सालसम्म अप्रकाशित रूपमै अघिबढेको देखिन्छ । वि.सं. २०३७ सालमा रेडियो नेपालमा 'सम्झना नै सम्झना छ; अरू के पो छ र यहाँ' बोलको गीत रेकर्डिङ् गराएर सार्वजनिक भएका बम हालसम्म साहित्यिक क्षेत्रमा निरन्तर रूपमा सेवा गर्दै आउनु भएको छ । लामो समयदेखि चिकित्सक पेशामा संलग्न रहँदै आए पनि साहित्य सिर्जनातर्फ पनि उनको निरन्तरता उल्लेखनीय छ । कविता विधाबाट आफ्नो लेखन प्रारम्भ गरी गीत, रेडियो नाटक, भजन विधामा कलम चलाएका उनी नेपाली साहित्यमा कुशल गीतकार बन्न पुगेका छन् । उनका साहित्यिक कृतिहरूको विश्लेषण र विवेचना गर्नु नै शीर्षकको उद्देश्य हो ।

### ३.१.१ चरण विभाजनको औचित्य र आधार

साहित्यकारको साहित्यिक यात्रा एकनासको हुँदैन । साहित्य सिर्जनाको क्रममा विभिन्न चरण र घुम्तीहरू आउँछन् । चरण परिवर्तन हुनु भनेको नयाँ प्रवृत्तिको सुरुवात हुनु हो । त्यस्ता चरण ठम्याई प्रत्येक चरणले साहित्यकारको रचनात्मक दृष्टिकोणमा पार्ने प्रभाव र चरण परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयमा लेखिएका कृतिहरूको अन्तरसम्बन्ध केलाएर मात्र साहित्यकारको समग्र मूल्याङ्कन गरिन्छ ।

साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोडहरू देखापर्नाका अनेक कारणहरू हुन्छन् । साहित्यकार उभिएको परिवेश, सामाजिक आर्थिक अवस्था र उसले अनुभव गरेको जीवनको महत्त्वपूर्ण भूमिका रहन्छ । यौवन अवस्थाको साहित्य सिर्जनाभन्दा प्रौढ अवस्थाको साहित्य सिर्जनामा प्रायः सबै साहित्यकारहरूमा परिष्कार, परिमार्जन र दृष्टिकोणमै परिवर्तन आउन सक्छ । यसमा सामाजिक अवस्था, समय, परिस्थिति, राजनीतिक परिवर्तन, उमेरको परिपक्कता आर्थिक कारणहरूले स्रष्टाका सिर्जनामा परिवर्तन ल्यायो भने उसका साहित्यिक कृतिहरूको विश्लेषण गर्न चरण विभाजन गर्नुपर्ने हुन्छ ।

साहित्यकारको समग्र साहित्यिक यात्राको अध्ययन गर्न विभिन्न परिवर्तनहरूले अप्ठ्यारो पारेमा चरण विभाजन गर्नुपर्ने हुन्छ । चरण विभाजनका आधारहरू विविध हुन सक्छन् । साहित्यिक रचनाको परिमाण, गुणस्तरमा परिवर्तन, साहित्यिक धारागत प्रवृत्तिको

अन्तरविकास, रचनाहरूको कृतिगत सामग्रीको प्रकाशन आदि आधारमा चरण विभाजन गरिन्छ । यी आधारमा दीर्घसिंह बमको साढे दुई दशक लामो साहित्यिक यात्रामा खासै प्रवृत्तिगत भिन्नता देखापरेको पाइन्न । त्यसकारण यहाँ साहित्यकार  बमको साहित्यिक यात्रालाई चरण विभाजन नगरी उनका साहित्यिक कृतिहरूको विधागत र कालक्रमिक रूपमा चर्चा गर्नु नै औचित्यपूर्ण ठानेर तिनै कृतिहरूका कृतिगत विशेषताको निरूपण गर्ने प्रयत्न गरिएको छ ।

## ३.१.२ विधागत साहित्यिक यात्रा

बमको साहित्यिक यात्राको थालनी कविताबाट भएको हो । कविताबाट साहित्य सिर्जनाको यात्रालाई अगाडि बढाए पनि उनका कुनै पनि कविता प्रकाशित भएका छैनन् । उनका फुटकर कविताहरू प्राप्त हुन सकेका छैनन् । उनको प्रथम प्रकाशित कृति 'पखालिएको सिन्दुर' रेडियो नाटक हो । २०३८ सालमा रेडियो नेपालको टेप लाइब्रेरिमा रेकर्डिङ् यो नाटक २०५२ सालमा तीन पटक र २०५५ सालमा एक पटक गरी जम्मा चारपटक रेडियो नेपालबाट प्रसारित भएको पाइन्छ । यसको निर्देशन हरिप्रसाद रिमालले गर्नुभएको छ भने ध्वनि सम्पादन तथा रेकर्डिङ् कृष्णराम मुल्मीले गरेका छन् । अशिक्षा र अन्धविश्वासले उत्पन्न दुर्घटित जीवनका समस्यालाई यसको विषय बनाइएको छ । यसमा गरिबी र अशिक्षाले उत्पन्न भएको क्षयरोग र चेतना अभावले धामीझाँक्री लाउने परम्परालाई जीवन्त रूपमा चित्रण गरिएको छ । यो उनको चिकित्सा पेशाको अनुभवको उपजको रूपमा देखापरेको कृति हो । साहित्यिक मूल्यभन्दा सन्देश प्रवाहका दृष्टिले यसको विशेष भूमिका रहेको छ । २०३९ सालमा प्रकाशित 'दाग' उनको अर्को नाटक हो । क्षयरोगलाई हेर्ने सामाजिक दृष्टिलाई यसको विषय बनाइएको छ । क्षयरोग लाग्ने कारण र निराकरणका उपाय बताएर यो पापको परिणाम नभई रोग हो भन्ने सन्देश प्रदान गरिएको छ । क्षयरोगीलाई समाजमा सम्मानित रूपमा हेर्नुपर्ने र उपचार गराउँदा यो निको हुन्छ भन्ने भाव यसमा देखिन्छ । सामाजिक रुढिको अन्त्य र चेतनाको विस्तारमा यसले उल्लेख्य भूमिका खेलेको छ । २०४८ सालमा प्रकाशित 'बैंसको रहर' बमको अर्को अप्राप्त टेलीफिल्म हो ।

साहित्यकार बमको साहित्य सिर्जनाको प्रमुख क्षेत्रका रूपमा रहेको गीतिक्षेत्र निकै उर्वर देखिन्छ । गीतिसाहित्यले नै बमलाई साहित्यकारका रूपमा स्थापित बनाएको हो । वि.सं.२०३७ सालमा 'सम्झना नै सम्झना छ,अरू के पो छ र यहाँ' बोलको गीत प्रथम पटक रेडियो नेपालमा रेकर्डिङ् भएको पाइन्छ । प्रताप अधिकारीको स्वर र शक्ति बल्लभको सङ्गीतमा सजिएको यो गीत सबैभन्दा अगाडि रेडियो नेपालबाट प्रसारित भएको पाइन्छ । त्यसपछि उनका ३२ वटा गीतहरू रेडियो नेपालद्वारा प्रसारित भएका छन् । तीन वटा गीत

चलचित्रमा प्रसारण भएका छन् भने पाँच वटा सङ्गीतबद्ध गीत विभिन्न एफ्.एम्.बाट प्रसारित भएका छन् । यी सबै गीतहरू सङ्ग्रहित रूपमा 'विरही माया' आधुनिक गीतिसङ्ग्रहमा वि.सं. २०६२ सालमा प्रकाशित भएका छन् । बमको गीति साधनाको प्रतिनिधि कृतिका रूपमा रहेको यस गीतिसङ्ग्रहका गीतहरूले विभिन्न विषयवस्तुलाई समेटेका छन् । देशप्रेम, प्रेमप्रणय, प्रकृतिप्रेम, सामाजिक साँस्कृतिक चित्रण तथा वैरागजस्ता विषयवस्तुलाई समेटेका छन् । यी गीतहरूमा संरचना, भाव, भाषिक प्रयोग, अलङ्कार विधान, बिम्व तथा प्रतीकको सफलरूपमा प्रयोग भएको पाइन्छ । यस गीतिसङ्ग्रहले बमलाई सशक्त गीतकारका रूपमा उभ्याएको छ ।

'विरही माया' गीतिसङ्ग्रहमा संकलित ७६ गीतहरूमध्ये १३ गीतको छुट्टै 'दोधार' नामक गीतिएल्बम प्रकाशित भएको छ । उनका गीत रेडियो नेपाल, नेपाल टेलिभिजन, चलचित्रजस्ता विद्युतीय उपकरणहरूमा रेकर्ड भएर प्रसारण भएका छन् । रेडियो नेपालबाट प्रसारण भएको उनको पहिलो गीत 'सम्झना नै सम्झना छ, अरू के पो छ र यहाँ' हो भने दोधार गीतिएल्बमका १३ वटै गीतहरू रेडियो नेपालबाट प्रसारण भैसकेका छन् । त्यस्तै उनका गीतहरूमध्ये विरही माया, आज यो दिलमा र मोहनी त्यो चलचित्रमा रेकर्ड भएर प्रसारण भइसकेका छन् । यसका साथै पाँच वटा सङ्गीतबद्ध गीतहरू बेलाबखत विभिन्न एफ्.एम्.बाट प्रसारण भइरहन्छन् । यसरी उनका गीतहरू अहिलेसम्म  प्रसारणका आधारमा 'विरही माया' गीतिसङ्ग्रहका ३२ वटा र दोधार गीतिएल्बमका १३ वटा गीतहरू सार्वजनिक भएका छन् ।

बमका विरही माया गीतिसङ्ग्रहमा संकलित गीतहरू भाषाशैली, अलङ्कार तथा बिम्व र प्रतीकका दृष्टिले उत्कृष्ट छन् । दोधार गीतिएल्बममा रेकर्डिङ् गीतहरू पनि श्रुतिमधुरता र साङ्गीतिक मीठासले बढी उत्कृष्ट रहेका छन् ।

साहित्यकार बमले  भजन लेखेर धार्मिक साहित्यमा पनि कलम चलाएका छन् । थुप्रै भजन लेख्दै थन्क्याउँदै गरेका बमका भजनहरू सङ्ग्रहका रूपमा भने प्रकाशित भएका छैनन् । उनको अप्रकाशित भजनको पाण्डुलिपिमा रहेका भजनहरूको भाव मानव केन्द्रित रहेको छ । मानवीय कल्याणको लागि आपसी इर्ष्या त्याग्नुपर्ने र ईश्वर प्राप्तिको मार्गमा लाग्नु पर्नेमा उनको जोड छ । कुनै अलौकिक शक्तिकै कारण संसार गतिशील भइरहेको र मानिसले ईश्वरीय सत्ता स्वीकार गर्नुपर्ने धारणा उनका भजनमा पाइन्छ । ईश्वर खुशी पार्ने नाममा गरिने सामाजिक अन्धपरम्परालाई भने उनले स्थान दिएका छैनन् । धार्मिक रुढिभन्दा मानवतालाई बमका भजनमा प्रमुखताका साथ उठाइएको छ । मानिसलाई नै ईश्वर मान्नु र उसको भलाई नै ईश्वर प्राप्ति भएको ठहर गर्नु बमका भजनको महत्त्वपूर्ण प्राप्ति हो ।

रुढिगत विचारको अन्त्य र धार्मिक भावनाको विस्तारमा उनको धार्मिक साहित्यले विशेष जोड दिएको छ ।

बमले आफ्नो कलम साहित्यका विविध विधामा चलाउने क्रममा कथा पनि लेखेका छन् । उनको 'प्रधान साई' एक मात्र अप्रकाशित कथा सङ्ग्रह हो । जसमा ग्रामीण निम्न वर्गीय मानिसको दयनीय अवस्था र शोषक वर्गको रवाफिलो जीवनको कलात्मक चित्रण पाइन्छ । निम्न वर्गीय मानिसको दीनहीन अवस्था सिर्जना हुनुमा शोषक वर्गको महत्त्वपूर्ण हात रहेको सन्दर्भ देखाई समाजको समान विकासका लागि ठालू प्रवृत्तिको अन्त्य हुनुपर्ने राय व्यक्त भएको छ । कथामा उनले निम्न वर्गको समर्थन र उच्च वर्गको विरोध गरेकाले उनी प्रगतीवादी कथाकारका रूपमा देखापरेका छन् । सामाजिक यथार्थताको चित्रण गर्दै गरिबहरूलाई आफ्नो वर्गीय पहिचान गराएर न्यायका लागि संगठित भएर आन्दोलन गर्न प्रेरित गरेका छन् ।

बमको साहित्यिक यात्रा कविताबाट सुरु भएको हो । उनले कथा, कविता, नाटक, गीत र भजन रचना गरेका छन् । गीति साहित्यले उनलाई प्रतिष्ठित तुल्याएको छ । गुणात्मक र परिमाणात्मक दृष्टिले उनको गीतिसाहित्य उपलब्धिपूर्ण रहेको छ । एउटा कुशल साहित्यकारका रूपमा बमलाई स्थापित बनाउनमा गीतको भूमिका नै उच्च रहेको छ । उनले आफूलाई अन्तर हृदयबाट गीतमा पोखेकाले यो उपलब्धि हासिल गरेका हुन् । उनले साहित्यका सबै विधाहरू सँगसँगै अगाडि बढाउँदै आएका छन् । हालसम्म पनि उनको कलम साहित्यिक फाँटमा क्रियाशील नै रहेको देखिन्छ ।

## ३.२ विरही माया गीतिसङ्ग्रहको अध्ययन

गीतकार दीर्घसिंह बमको 'विरही माया' गीतिसङ्ग्रह वि.सं.२०६२ सालमा प्रकाशित भएको हो । यसमा छहत्तर गीतहरू संकलित रहेका छन् । यो उनको प्रथम प्रकाशित गीतिसङ्ग्रह हो । यस सङ्ग्रहमा भएका छहत्तर गीतहरूमध्ये बत्तीस गीत रेडियो नेपालद्वारा प्रसारित भएका छन् । तीनवटा गीत चलचित्रमा रेकर्डिङ् भई प्रसारित भएका छन् भने पाँच वटा संगीतबद्ध गीतहरू विभिन्न एफ्.एम्.बाट प्रसारित भएका पाइन्छन् । 'दोधार' गीतिएल्बममा प्रकाशित तेह्रवटा गीतहरू पनि प्रसारित भइ सार्वजनिक भएका पाइन्छन् । यसै गीतिसङ्ग्रहमा रहेका छत्तीस गीत संगीतबद्ध भएका छैनन् ।

प्रस्तुत गीतिसङ्ग्रहका गीतहरूको विश्लेषणका सन्दर्भमा शीर्षक, संरचना, विषयवस्तु / भावविधान, अलंकार विधान तथा भाषाशैलीलाई आधार बनाइएको छ ।

### ३.२.१ शीर्षक

शीर्षक गीतको महत्त्वपूर्ण तत्त्व हो । यसले गीतको नामकरण गर्दछ । नामसँग मात्र नभई केन्द्रीय कथ्यसँग पनि शीर्षकको घनिष्ट सम्बन्ध रहेको हुन्छ । जुन शीर्षकले गीतको सारभावलाई समेटेको हुन्छ, त्यस्ता शीर्षकलाई सार्थक शीर्षक मानिन्छ । केन्द्रीय भाव र शर्षिकबीच तालमेल भएन भने उपयुक्त मानिदैन । रचनाको शीर्षक विषयवस्तु अनुरूपकै हुनुपर्दछ । शीर्षकबाटै गीतको भाव सन्देश झल्केको हुनुपर्दछ । 'विरही माया' गीतिसङ्ग्रहमा संकलित छहत्तर गीतहरूको शीर्षक दुई प्रकारले चयन गरिएको छ । यस शीर्षकका तीसवटा गीतको शीर्षक अन्तरा भागबाट निकालिएको छ भने छयालीस वटा गीतको शीर्षक स्थायी भागबाट निकालिएको छ । सङ्ग्रहभित्रका सम्पूर्ण गीतहरूको शीर्षकले केन्द्रीय भावलाई समेत समेट्न सकेको हुँदा शीर्षक सार्थक बनेका छन् ।

गीतकार बमको यस सङ्ग्रहका गीतहरूमा सामाजिक यथार्थ, प्रेमका मिलन र वियोगका अनुभूति, प्राकृतिक प्रेम, सांस्कृतिक चित्रण, देशप्रेम तथा भावुकपनजस्ता विषयवस्तुहरू शीर्षकसँग तालमेल भएर आएका छन् । शीर्षक र विषयवस्तुको अन्तरसम्बन्धको संगति राम्ररी प्रकट भएको पाइन्छ । शीर्षक छनौटमा छिटोछरितोपनलाई आत्मसात गरिएको देखिन्छ । शीर्षक प्रायः छोटा नै रहेका छन् । संक्षिप्त शीर्षकमा पूर्णता समेट्नु महत्त्वपूर्ण प्राप्ति देखिन्छ । यस सङ्ग्रहको शीर्षक 'विरही माया' हो । माया भाववाचक नामको अगाडि विरही विश्लेषण जोड्दा मायाको अर्थसौन्दर्यमा जोड पुगेको छ । यसले मायाको विरागलाग्दो अवस्थालाई बुझाएको छ ।

### ३.२.२ संरचना

संरचनाले गीतको बनावटलाई बुझाउँछ । गीतको संरचना कस्तो बनाउने भन्ने कुरा सर्जकमा भर पर्छ । सर्जकको इच्छाअनुसार गीतको संरचना निर्माण हुने भए पनि त्यस निर्मित संरचनामा आन्तरिक र बाह्य दुई संगठन हुन्छन् । गीतको बाह्य संरचनाले आकार पक्षलाई जनाउँछ । जसमा चरण, श्लोक, स्थायी र अन्तरा भाग पर्छन । आन्तरिक संरचनाले भावलाई जनाउँछ । जसमा भाव, विचार र अन्तरलयको क्रमिक विकासको प्रक्रिया पर्दछन् । गीतकार बमको 'विरही माया' गीतिसङ्ग्रहका गीतहरूको अध्ययन गर्दा आठ अक्षरदेखि छब्बीस अक्षरसम्मले बनेका पंक्तिहरू फेला पर्दछन् । उनका गीतमा सोह्र अक्षरदेखि उन्नाइस अक्षरसम्मका पंक्तिहरू बढी प्रयोग भएको देखिन्छ । सबैभन्दा थोरै आठ अक्षरको प्रयोग भएको 'माया लै जाऊ' (पृ..२६) गीतको प्रथम पंक्ति हो भने सबभन्दा बढी छब्बीस अक्षरको प्रयोग भएको 'ए हजुर' गीतको प्रथम पक्ति नै हो । यस सङ्ग्रहको गीतको

संरचनामा अनेकता पाइन्छ । एउटै गीत मायालु तिम्रोको स्थायी भागमा भएको पंक्तिमा एघार अक्षर र अन्तरा भागमा बीस अक्षरसम्मको प्रयोग भएको पाइन्छ ।

संरचनात्मक दृष्टिबाट हेर्दा छयालीस गीतहरूमा स्थायी भाव दोहरिएको छ भने तीसवटा गीतमा स्थायी भाव दोहरिएको छैन । यस सङ्ग्रहभित्रका सबै गीतहरूमा अनुप्रासको राम्रो पालना भएको छ । यस गीतिसङ्ग्रहका गीतहरूमा थोरैमा आठ पंक्ति र धेरैमा उनन्तीस पंक्तिसम्मको व्यवस्था गरिएको पाइन्छ । आठ पंक्ति प्रयोग भएको गीत 'मोहनी त्यो' (पृ..७८) र उनन्तीस पंक्ति भएको गीत 'गल्ती मेरै' (पृ..५) हो । अनुच्छेदका हिसाबले पनि यस सङ्ग्रहका गीतहरूमा विविधता नै पाइन्छ । कम्तिमा दुई अनुच्छेददेखि बढीमा आठ अनुच्छेदसम्ममा संरचित गीतहरू रहेका छन् । दुई अनुच्छेद भएका पच्चीस, पाँच अनुच्छेद भएका पन्ध्र, छ अनुच्छेद भएका तीन, सात अनुच्छेद भएको एक र आठ अनुच्छेद भएको एक गीत रहेको छ । सबैभन्दा बढी तीन अनुच्छेद भएका अट्ठाइस गीत र कम सात र आठ अनुच्छेद भएका एक एक गीत रहेका छन् । यस सङ्ग्रहमा संकलित छहत्तर गीतहरूका पंक्ति र अनुच्छेद योजनालाई निम्न तालिकामा सिलसिलाबद्ध रूपमा उल्लेख गरिएको छ ।

| क्र.सं. | शीर्षक | पृष्ठ | पंक्ति संख्या | अनुच्छेद |
|---|---|---|---|---|
| १. | ए हजुर | १ | १६ | ४ |
| २. | कसरी भनुँ | २ | १९ | ५ |
| ३. | मेरा प्रेमका | ३ | १० | ५ |
| ४. | आगो सरी | ४ | २२ | ४ |
| ५. | गल्ती मेरै | ५ | २९ | ५ |
| ६. | मेरो सम्झना | ७ | ११ | ३ |
| ७. | गुलाब भई म | ८ | १८ | ४ |
| ८. | मनको फूल | ९ | १७ | ४ |
| ९. | जलन भई | १० | ११ | ३ |
| १० | सम्झना नै | ११ | १३ | ३ |
| ११. | बाटो हेरें | १२ | २१ | ५ |
| १२. | बिर्सी दिन खोज्दा | १३ | १२ | ३ |
| १३. | सिउँदोको सिन्दुर | १४ | १२ | ३ |
| १४. | यो जिन्दगीको | १५ | १२ | ४ |
| १५. | अधरमा मुस्कान | १६ | १८ | ५ |
| १६. | मन मन्दिर | १७ | १४ | ७ |

| | | | | |
|---|---|---|---|---|
| १७. | खुशी भित्रै | १८ | १० | ३ |
| १८. | आऊ सजाऊ | १९ | १० | ४ |
| १९. | सम्झेर तिमीलाई | २० | १४ | ३ |
| २०. | बोतल भरिको | २१ | १० | ३ |
| २१. | पीरको तीर | २२ | १० | ३ |
| २२. | आँसुसँगै | २३ | १२ | ३ |
| २३. | विरही माया | २४ | १० | ५ |
| २४. | आँखा वरिपरि | २५ | १० | ४ |
| २५. | माया लैजाऊ | २६ | १४ | ५ |
| २६. | कामनाले भरिएको | २७ | ११ | ४ |
| २७. | संगीतको ध्वनि | २८ | ११ | ४ |
| २८. | आऊ नजर | २९ | १२ | ५ |
| २९. | सम्झनालाई | ३० | १२ | ४ |
| ३०. | पुरानो घाउ | ३१ | ११ | ३ |
| ३१. | यो दुनियाँ | ३२ | १० | ३ |
| ३२. | टुटेको हाँगा | ३३ | १० | ३ |
| ३३. | पापी मन | ३४ | ९ | २ |
| ३४. | बैरागी बिहानी | ३५ | १० | ५ |
| ३५. | कति गहिरो | ३६ | १० | ३ |
| ३६. | इन्द्रेणी पर्‍यो | ३७ | १० | ३ |
| ३७. | लेखु म कसरी | ३८ | ९ | ३ |
| ३८. | मनै भरी | ३९ | १२ | ४ |
| ३९. | सँगै बस्यौ | ४० | ९ | ४ |
| ४०. | फूल फुल्यो | ४१ | १८ | ८ |
| ४१. | कस्तो रहेछ | ४३ | १२ | २ |
| ४२. | जिन्दगी हो | ४४ | १२ | ४ |
| ४३. | जिन्दगीका पाना | ४५ | ११ | ४ |
| ४४. | मायाको डोरी | ४६ | २० | ६ |
| ४५. | आँखाभरि | ४८ | १३ | ४ |
| ४६. | छातीभरि | ४९ | १२ | ३ |
| ४७. | मायालु तिम्रो | ५० | १० | ३ |
| ४८. | मेरो आँखामा | ५१ | १९ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ४९. | वसन्तको आँगनीमा | ५२ | १० | ३ |
| ५०. | रातभरि सपनीमा | ५३ | १२ | ५ |
| ५१. | आज यो दिलमा | ५४ | १२ | ४ |
| ५२. | खोलासरी आँसु | ५५ | १० | ५ |
| ५३. | पीरतीको झोली | ५६ | १६ | ३ |
| ५४. | मनको बगैचामा | ५७ | १० | ३ |
| ५५. | जिन्दगी यहाँ | ५८ | १० | ३ |
| ५६. | माया भन्नु | ५९ | १२ | ४ |
| ५७. | आँखाभरि सजाइ | ६० | १० | ३ |
| ५८. | पिरोली रह्यो | ६१ | ९ | ३ |
| ५९. | मनको व्यथा | ६२ | १० | ४ |
| ६०. | बैसको लहर | ६३ | १६ | ६ |
| ६१. | मेरो दिलमा | ६४ | १० | ३ |
| ६२. | किन हो किन | ६५ | १० | २ |
| ६३. | दोधार बीच | ६६ | १० | ५ |
| ६४. | पिरोली रह्यो त्यो तिम्रो | ६७ | १० | ३ |
| ६५. | पीरतीको चोखो | ६८ | १४ | ५ |
| ६६. | आँखाभरि छाइ रह्यो | ६९ | १० | ५ |
| ६७. | पीरतीको बोलीमा | ७० | १० | ४ |
| ६८. | मनको फूल | ७१ | १० | ३ |
| ६९. | रुमल्ली रहे | ७२ | १० | ५ |
| ७०. | यो दिलभित्र | ७३ | १० | ४ |
| ७१. | यौवनको | ७४ | ११ | ५ |
| ७२. | यो दुनियाँ कहिले | ७५ | १४ | ४ |
| ७३. | आँखामा तिम्रो | ७६ | १० | ४ |
| ७४. | कहाँ पुगे | ७७ | १३ | ४ |
| ७५. | मोहनी त्यो | ७८ | ८ | ३ |
| ७६. | आँसु पुछेर | ७९ | १० | ४ |

उपर्युक्त तालिकालाई हेर्दा उनका छहत्तर वटा गीतहरूमध्ये एउटा गीतमा आठ पंक्ति, पाँच गीतमा नौ पंक्ति, तीस वटा गीतमा दस पंक्ति, सात वटा गीतमा एघार पंक्ति, बाह्र वटा गीतमा बाह्र पंक्ति, तीन वटा गीतमा तेह्र पंक्ति, पाँच वटा गीतमा चौध पंक्ति,

तीव वटा गीतमा सोह्र पंक्ति, एउटा गीतमा सत्र पंक्ति, तीन वटा गीतमा अठार पंक्ति, दुई वटा गीतमा उन्नाइस पंक्ति, एउटा गीतमा बीस पंक्ति, एउटा गीतमा एक्काइस पंक्ति, एउटा गीतमा बाइस पंक्ति र एउटा गीतमा उनन्तीस पंक्ति रहेका छन् । सबैभन्दा बढी दस पंक्ति भएका गीतहरू तीस छन् भने, आठ, बीस, एक्काइस, बाइस, उनन्तीस, पंक्ति भएका गीत एक एक मात्र रहेका छन् ।

### ३.२.३ विषयवस्तु/भावभूमि

गीतका तत्त्वहरूमध्ये विषयवस्तु महत्त्वपूर्ण तत्त्व हो । गीतको विषयवस्तु गीतकारले आफूले देखेको, भोगेको जीवनको अनुभूति र काल्पनिक चेतनाबाट निर्माण भएको हुन्छ । वास्तविक र मार्मिक विषयवस्तु सार्वभौम खालको हुन्छ र सबैको मन छोइरहन्छ । विषयवस्तुगत गहनताले नै कुनै पनि गीत कालजयी बनेको हुन्छ । गीतको विषयमा प्रारम्भ, विकास र अन्त्यगरि तीन भाग हुन्छन् र ती तीनै भागमा गीतको भाव घुमिरहन्छ । अधिकांश स्थायी भागमा आएको गीतको प्रमुख भाग अगाडि बढ्दै जान्छ र अन्तरामा दोहरिएको पनि हुन्छ र अन्तरामा नदोहरिइ सोभ्कै अगाडि बढेको पनि हुनसक्छ । गीतकार दीर्घसिह बमको 'विरही माया' गीतिसङ्ग्रहको गीतहरूको विषयवस्तु गीतकारको अनुभव र कल्पनाकै सेरोफेरोमा घुमेको देखिन्छ । मूलरूपमा गीतकारको भावात्मक अभिव्यक्ति, जीवन भोगाइका अनुभव र काल्पनिक छटा यस गीतिसङ्ग्रहका गीतहरूको विषयवस्तु बनेर कलात्मक शैलीमा प्रकट भएको छ ।

बमका गीतमा श्रृङ्गारिकता, देशप्रेम, प्रेमप्रणय, भाग्यवाद तथा प्रकृति चित्रणजस्ता विशेषताहरूले प्रमुखता पाएको देखिन्छ ।[७३] विछोडको व्यथालाई सम्भ्कनाको तरेलीमा संगाल्ने 'ए हजुर' शीर्षकको गीतबाट आरम्भ भएको प्रस्तुत सङ्ग्रह 'आँसु पुछेर' शीर्षकमा समाप्त भएको छ । यसमा प्रेमप्रणयका गीतहरूको संख्या धेरै छ भने राष्ट्रप्रेम, भाग्यवाद, आत्मपीडक खालका विविध गीतहरू पनि रहेका छन् । उनका प्रेमप्रणय सम्बन्धी विषय भएका गीतहरू दोहरी र एकलरूपमा प्रस्तुत भएका छन् ।[७४] जीवनको निरर्थकता, दैवको कठोर निर्णयजस्ता गम्भीर भावका गीतहरूमा भएको तीव्र अनुभूतिजन्य सन्दर्भले प्रायः गीतहरू निकै आकर्षक बन्न पुगेका छन् । सरल भाषाशैलीमा गहन भाव प्रकट गरेर आफ्नो गीतिशिल्पलाई परिपक्क बनाइएको पाइन्छ । मिलन, विछोड, सुख दुःख, प्रेमप्रणय, प्राकृतिक सुन्दरता तथा राष्ट्रप्रेमजस्ता विषयहरू 'विरही माया' गीतिसङ्ग्रहका छहत्तर गीतहरूको भावभूमि भएर कुनै न कुनै रूपमा प्रकट भएको छ । गीतकार बमले 'विरही माया'

[७३] शक्तिबल्लभ, पूर्ववत् ।

[७४] वासुदेव त्रिपाठी, पूर्ववत् ।

गीतिसङ्ग्रहमा विविध विषय र आन्तरिक भावहरूलाई गीतको सुन्दरता बनाएका छन्  र विषय वा अनुभवलाई क्रमिकरूपमा देखाइएको छ ।

### ३.२.३.१ देशप्रेम

आफू जन्मेको मातृभूमिप्रति सबै देशभक्तहरूलाई माया हुन्छ । देशप्रेमीहरूले नै देशविकास गर्ने र भविष्यको दिशा निर्देश गर्ने हुनाले राष्ट्रनिर्माणमा यिनको विशेष महत्त्व रहन्छ । मानिस जुन देशमा जन्मेको हुन्छ, उसमा त्यस देशको माया सल्बलाई रहेको हुन्छ । त्यसमा साहित्यिक स्रष्टाले कलमका माध्यमबाट व्यक्त गर्ने देशप्रेम विशेष महत्त्वको हुन्छ । साहित्यकारले देशको सभ्यता र संस्कृतिलाई जीवन्त राख्दै भविष्यको संकेत पनि गरेको हुन्छ । गीतकार बमले पनि आफ्ना गीतमा देशभक्ति, देशविकास, देशको सांस्कृतिक वर्णन, त्याग तपस्याजस्ता भावनाको वर्णन गरेका छन भने देशको विद्यमान स्वरूपलाई परिवर्तन गरेर यसलाई स्वर्ग बनाउनु पर्ने अनिवार्यतालाई अत्यन्तै मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।[७५]

बमका गीतमा देशभक्तिको भावना, विरह, व्यथा, पीडा र संस्मरणका रूपमा आएको छ । उनले राष्ट्रप्रेम गीतमा सोझै प्रकट नगरी आफ्नो वाल्यकालीन जीवनका दिनचर्या, विछोडिनुपर्दा उत्पन्न भएको पीडा  तथा परिस्थितिले उत्पन्न गराएको बाध्यताजस्ता सन्दर्भबाट व्यक्त गरेका छन् । गीतको भाव र सारमा देशप्रेमलाई लुकाएर परोक्षरूपमा भावुक अभिव्यक्ति दिएका छन् । आफू जन्मेको हुर्केको ठाउँ, डाँडापाखाको अटुटरूपमा आएको सम्झना र त्यो जन्मस्थलले आफूलाई निरन्तर स्मरण गरिरहेको प्रसङ्ग गीतमा समेटेका छन् । यही धरती माताले स्रष्टालाई अनेक सृजना रचना गरी हराभरा बनाउने अवसर प्रदान गर्छ । मातृभूमिको सम्झनाले भावविह्वल भएको भाव उनका गीतमा पाइन्छ । आफूले घुमेको भञ्ज्याङ चौतारीको उल्लेख गरी मातृभूमिप्रतिको प्रेम गीतमा प्रकट गरेका छन् ।

सम्झनाका माध्यमबाट राष्ट्रप्रेम दर्साउनु बमका गीतको महत्त्वपूर्ण विशेषता हो । लेकबेंसी, गाउँवस्ती तथा वनपाखाको स्मरणले उनका गीतमा जन्मस्थलको प्रेम भिजेको छ । उनका गीतमा व्यक्त भएको मिलन, विछोड र एकअर्कोबाट टाढिंदा हुने छट्पटी पनि जन्मभूमिकै सम्झनाका रूपमा आएको हुन्छ । ग्रामीण परिवेशको मनोरम चित्रण, स्थानीय रीतिरिवाज, भेषभूषा तथा सांस्कृतिक पक्षको सन्दर्भबाट पनि राष्ट्रप्रेमको भाव गीतमा पोखेका छन् । राष्ट्रप्रेम प्रकट भएका बमका केही गीतका अंशहरू यस्ता छन्;

[७५] लोकेन्द्रबहादुर चन्द, "विरही मायाभित्रका गीतकार  दीर्घसिंह बम" **विरही माया,** ले. दीर्घसिंह बम (काठमाडौं: प्रकाशन, २०६२) ।

क	ती दिन आउलान, ती महिना आउलान, वर्षदिन आइरहलान
बसेको ठाउँ, घुमेको गाउँ सम्झेर रोइदेलान
त्यै सम्झनालाई बाधेर जान्छु नटुटोस भनेर
('ए हजुर'; पृ. १)

ख	दिनरात एउटै छैन आकाश भिन्दै
सिर्जना हो एउटै वातावरण बेग्लै
त्यसैले त फुल्छ, डाँडापाखा हेरी
सबैलाई फुलाउँछ यही प्यारो धरती
('जन्दगी हो'; पृ. ४४)

ग	कसरी निभ्यो प्रेमको दियो अधेरी रातमा
ती डाँडाकाँडा चौतारी भञ्ज्याङ हिडेको साथमा
कसरी भनुँ म पर्खी बसें त्यो तिम्रो साथमा
('मनको फूल'; पृ. ७१)

उदाहरण 'क' मा आफू बसे, घुमेका ठाउँहरूबाट टाढा हुँदा ती स्थलहरू सम्झेर रोइरहेका होलान् भन्दै त्यो समधुर सम्झनालाई नटुट्ने गरि मनमा सजाएर राखेको भाव व्यक्त भएको छ । कामको सिलसिलामा जन्मस्थलदेखि टाढा हुँदा मातृभूमिप्रति उन्पन्न हुने पवित्र प्रेमले व्याकुल बनेको सन्दर्भ यसमा छ । आफू घुमेको ठाउँ, हिंडेको बाटो तथा बसेको गाउँ मात्रै सम्झदा मन कटक्क दुख्छ । ती खाँदा बस्दाका दिनहरू निरन्तर आइरहलान् भन्ने विरहबोधी भावनाले जन्मस्थलप्रतिको प्रेम झनै प्रगाढ बन्न गएको छ । जन्मस्थलको सम्झनालाई अटुटरूपमा संगालेर राख्ने अठोट गरी ती क्षणको सम्झनाले आनन्दको सञ्चार गराइरहने धारणा यसमा रहेको छ । अतितको स्मरण गर्दा गीतकारले यस गीतको अंशमा जन्मभूमिप्रति व्यक्तिको अकाट्य सम्बन्ध रहने धारणा राखेका छन् । जतिटाढा भए पनि व्यक्ति जन्मस्थललाई बिर्सन नसक्ने सत्य दर्साइ सबै व्यक्तिले जन्मस्थलप्रति सम्मान गर्नुपर्ने आशय यसमा रहेको छ ।

उदाहरण 'ख' मा दिनरात तथा आकाशजस्ता प्राकृतिक वस्तुहरू पनि समान नभएको धारणा आएको छ । यी सबै प्राकृतिक र सार्वभौम विषय भए पनि सबैमा भिन्नता रहेको हुन्छ । हिजोको दिन र आजको दिनमा भिन्नता रहेको छ । हिउँदमा रात लामो हुन्छ त बर्खामा रात छोटो हुन्छ । कहिल्यै आकाश खुलेको हुन्छ भने कहिल्यै बादलले ढाकेको हुन्छ । यही फरकपनले गर्दा धर्ती सबैको साझा भए पनि धर्तीको कुनै अंश विशिष्ट प्रेम बोकेको मातृभूमिका रूपमा रहेको हुन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक परिवेशले

झन् यस्ता कुरामा अपनत्व विकसित हुन्छ । स्वतन्त्रता, स्वाभिमान तथा राष्ट्रियता आदिका कारण उही दिनरात कसैका लागि फरक बनेको हुनसक्छ । संसारभरिका मानिस एउटै आकाशमुनि बाँचेका भए पनि कुनै देशको राष्ट्रियता ओझेल परेको समयमा त्यस देशका जनता आफ्नो देशको आकाशलाई बादलले छोपेको महशुस गर्न सक्छन् । मानिसले गर्ने हरेक सिर्जना नयाँ रूप लिएर आएको हुन्छ । प्रत्येक सिर्जनामा नयाँपन हुनु सिर्जनाको एकरूपता हो । एउटाभन्दा अर्को सिर्जना फरक भए पनि दुवै सिर्जनाले नयाँपन अवश्य बोकेको हुन्छ । स्रष्टाको सिर्जनालाई प्रभावित पार्ने काम वातावरणले पनि गरेको हुन्छ । देश, काल र परिस्थिति अनुरूप वातावरण बेग्लाबेग्लै हुन्छ । वातावरणको यस भिन्नतामा राष्ट्रियता अन्तरनिहित भएको हुन्छ । नेपाली फरक वातावरणले नै नेपाल देशप्रतिको राष्ट्रप्रेम दर्साउने गर्दछ । यस खालको भिन्नताले विभिन्न डाँडापाखामा विभिन्न फूलहरू फुलेका हुन्छन् । नेपालका डाँडाकाँडा स्मरण गरेर फुल्ने सिर्जनारूपी फूलहरू तिनकै स्मरण, मायाममता र प्रशंसाका लागि फुल्ने गर्दछन् । सिर्जनाभित्र स्रष्टाले वनपाखाको सुन्दरता, राष्ट्रपहिचान, मायाप्रेम तथा प्राकृतिकपन लुकाएर राखेका हुन्छन् । त्यसकारण स्रष्टाले देशप्रेम प्रकट गर्दै सिर्जनामा देशका डाँडापाखालाई फुलाएका हुन्छन् । देशका विविध स्थललाई सिर्जनाका माध्यमबाट चिनाइ राष्ट्रसम्मान जनाएका हुन्छन् भन्ने धारणा यसमा रहेको छ । बमले पनि आफ्नै वनपाखा र लेकबेंसीको वर्णनबाट राष्ट्रसम्मान प्रकट गरेका छन् । धर्तीलाई प्यार गर्दै उनले सबैलाई फुल्ने र फल्ने अवसर प्रदान यसैले नै गर्ने धारणा राखेका छन् । यसमा धर्ती प्रत्येकको आधारभूमि र आश्रयस्थल भएकाले यसले नै सबैलाई प्रगति गर्ने अवसर दिनेहुँदा यसको बचावट गर्नुपर्छ भन्ने सबैको सरोकारमूलक आशयसमेत प्रकट गरिएको छ । यसमा राष्ट्रियतासहितको अन्तर्राष्ट्रिय धर्तीप्रेम प्रकट भएको देखिन्छ ।

उदाहरण ‘ग’ मा आफ्नो जन्मस्थलका डाँडा, चौतारी तथा भञ्ज्याङ अधेरी रातमा हिड्दा मातृभूमिको प्रेमरूपी दियोले मन झलमल्ल भएको स्मरण गरी तिम्रो साथमा पर्खी बसेको भन्न अप्ठ्यारो भएको भाव व्यक्त भएको छ । यसमा गीतकारले राष्ट्रप्रेमलाई उच्चरूपमा अत्यन्तै भावुक ढङ्गबाट प्रकट गरेका छन् । व्यक्तिगत स्वार्थ, अज्ञानता तथा सङ्कीर्णताले रुमल्लिएर अन्धकारमा डुब्दै गएको बेला गाउँका डाँडाकाँडा र भञ्ज्याङहरूमा हिडेको सम्झदा जन्मभूमिको प्रेमले मनलाई उज्यालो पार्ने गर्छ । विभिन्न अभाव, अप्रयाप्तता तथा असम्पन्नताको अन्धकारभित्र राष्ट्रप्रेमको उज्यालोले मात्र व्यक्तिलाई आनन्दित बनाउँछ । राष्ट्रप्रेमको प्यास अझै नमेटिएको र तिम्रो साथ पाएर आनन्दित भइरहन हरदम प्रतीक्षारत भएर बसिरहेको भन्ने राष्ट्रप्रेमी भाव यस गीतको अंशले समेटेको छ । आफूमा राष्ट्रप्रेमको कहिल्यै ननिभ्ने दियो रहेको र त्यसले अधेरी रातमा पनि आफूलाई निरन्तर उज्यालो प्रदान गरिरहेको भन्ने देखाइ प्रत्येक व्यक्तिमा अनिवार्य राष्ट्रप्रेम हुनुपर्ने धारणा पनि यस गीतमा रहेको छ । त्यो राष्ट्रप्रेम डाँडापाखा तथा भञ्ज्याङ चौतारीमा

हिड्डुल गर्दा वा तिनीहरूको स्मरण गर्दा पनि प्रकट भइरहन्छ । राष्ट्रप्रेमको साथ पाउन आफू पर्खी बसेकोजस्ता भावात्मक अभिव्यक्तिले यो अंश भरिएको छ ।

यस गीतको अंशमा राष्ट्रप्रेमरूपी दियो निभ्न लागेको र व्यक्तिमा स्वार्थीपन हाबी हुँदै गएको देखी चिन्ता पनि प्रकट गरिएको छ । त्यो चिन्ता पनि राष्ट्रप्रेमकै कारण उत्पन्न भएको देखिन्छ । डाँडाकाँडा, भञ्ज्याङ चौतारीमा हिडेको स्मरण गर्न लगाई घट्दै गएको राष्ट्रप्रेमलाई बढाउने प्रयत्न गरेर सधैं तिम्रैसाथमा पर्खी बसेको भन्ने कथन भावुक रूपमा प्रकट गरिएको छ ।

### ३.२.३.२ प्रकृति-प्रेम

गीतकार बमको 'विरही माया' गीतिसङ्ग्रहमा प्रकृति प्रेम पनि राम्रो रूपमा चित्रण भएको छ । जीवनका विविध पक्षहरूलाई प्राकृतिक बिम्व र प्रतीकको सहयोगले प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा प्रकृतिलाई नै केन्द्र बनाएर लेखिएका गीतहरू त छैनन् तर श्लोक र अनुच्छेदका तहमा भने प्रकृति प्रेम स्वभाविक रूपमा आएको छ । बमले नेपाली प्राकृतिक सौन्दर्यका विभिन्न छटाहरूलाई प्रयोग गरेका छन् । उनले प्रकृतिलाई कतै मानवीकरण गरेका छन् भने कतै आफ्नी प्रेयसीका रूपमा तुलना गरेका छन् । त्यस्तै कतै सहज, स्वभाविक र स्वच्छन्द वर्णन पनि गरेका छन् । यसरी वर्णन गर्ने क्रममा गीतकारले प्रकृतिलाई आलम्बन र उद्दीपन दुवै रूपमा सफल प्रयोग गरेका छन् ।

'विरही माया' गीतिसङंग्रहका गीतमा प्रकृतिको आत्मपरक चित्रण बढी गरिएको देखिन्छ । उनले नेपाली राष्ट्रियता र प्रकृतिप्रति निकै रुचि राखेको कुरा यी पंक्तिबाट अझ स्पष्ट हुन्छ;

रिमीझिमी पानी पऱ्यो डोटीको लेकैमा<br>
कार्तिकमा लगन छैन, विहे गरु जेठैमा<br>
('फूल फुल्यो'; पृ. ४१)

डोटीको लेकमा रिमझिम पानी परेको मनोरम दृश्यको वर्णन यसमा छ । यसले एकातिर आफ्नो जन्मभूमिप्रतिको प्रेमलाई दर्साएको छ भने अर्कोतिर पानी परिरहेको वर्षाको प्राकृतिक सुन्दरतालाई पनि प्रकट गरेको छ । गीतकार आकाश, धर्ती र जलको अनन्ततामा घुमेको वर्णन गर्दै भरिएको सागर देख्दा आफू नै डुबेको अनुभूति गर्दछन् । आकाश, धर्ती र जलजस्ता वस्तु प्राकृतिक सुन्दरताका खजना हुन् । यिनीहरूमा सुन्दरताको भण्डार हुन्छ । त्यस्तो सुन्दरताको अनुभूति गर्न चारैतिर पुगेको बताउँछन् । सागरको व्यापकता देख्दा आफै आश्चर्यमा डुब्न पुगेको बताएर प्रकृतिको वर्णन गर्दै उनी भन्छन् :

नभ धाए, थल धाए जलमुनि पुगें
भरिएको सागर देख्दा आफै डुब्न पुगें
('गल्ती मेरै'; पृ.५)

गीतकारले यस गीतिसङ्ग्रहका गीतहरूमा प्रकृतिका विभिन्न रूपको प्रयोग गरेका छन् । उनले कहीं प्रकृतिलाई उपमानका रूपमा र कही उपमेयका रूपमा प्रयोग गरेका छन् । प्रकृतिको रूपलाई आत्मपरक ढङ्गमा प्रयोग गरेका गीतहरू पनि छन् । यसैगरी बमले यस सङ्ग्रहका गीतहरूमा कतै कोमल प्रकृतिको प्रयोग गरेका छन् भने कतै कठोर प्रकृतिको पनि सुन्दर चित्रण गरेका छन् । कुनै गीतमा अन्तर्राष्ट्रिय प्रकृतिको प्रयोग पनि भएको छ । त्यसैगरि कतै प्रकृतिलाई साधनका रूपमा प्रयोग गरेका छन् भने कतै मानवीकरण गरेर देखाएका छन् । जस्तै :

क) हिमाल झै पर्खि रहुँला, तिमी आउने बाटो हेरी
नदी झै बगी रहुँला, आँसु बोकी आँखा भरी
('मेरो सम्झना'; पृ.७)

ख) वसन्तीको फूल तिमी फक्री देऊ बिहानीमा
बेहोसीलाई नमार है, कलिलो जवानीमा
('मेरो सम्झना'; पृ.७)

ग) ऋतु त्यही, मौसम त्यही, फूल उही फुल्छन् कहाँ
बगैचाका भवरा झै किन घुम्छन् प्रेमी यहाँ
('गुलाब भई म'; पृ. ८)

घ) पतझड्लाई पर्खी राख चाहना छ तिम्रो भने
काँडाबीच फूल फुली जिउन जिन्दगी छ मेरो भने
वसन्ती बहार संझी, सुगन्धमा भुली नदेऊ
कोपिलाको मुस्कानमा, भवरा झै घुमी नदेऊ
('अधरमा मुस्कान'; पृ.१६)

ङ) वसन्त नै फुली सक्यो तिमीलाई नै हेरी हेरी
मेरै निम्ति रचिएकी स्वपना हौ तिमी मेरी
('कामनाले भरिएको'; पृ.२७)

च) जता हेऱ्यो उतै देख्छु वसन्त नै लज्जाएको
पूर्णिमाको चाँदनी झै किन रूप सजाएको
('मेरो आँखाका'; पृ. ५१)

माथिको उदाहरण 'क', 'ग' र 'च' मा प्रकृतिलाई उपमाका रूपमा प्रयोग गरिएको छ भने 'ख' मा तिमीलाई वसन्ती फूलका रूपमा आरोप गरिएको छ । बिहानीमा फक्री दिन आग्रह गरी कलिलो जवानीमा मदहोसले नमार्न अनुरोध पनि गरेको देखिन्छ । 'घ' मा इच्छा भएमा धैर्य गरेर बस भन्ने भाव व्यक्त गरी वसन्ती वासनाको सुगन्धमा भुली नदेऊ भनिएको छ । 'ङ' मा आत्मपरक भाव सशक्त ढङ्गमा प्रकट भएको छ । तिमीलाई हेर्दाहेर्दै प्रकृति नै फुलेको र आफ्नैलागि फुलेकी सपनाका रूपमा भावुक ढङ्गले आत्मिक प्रेम प्रकट भएको पाइन्छ । गीतकारले प्रकृतिलाई इद्रिय संवेद्येताका रूपमा पनि प्रयोग गरेको देखिन्छ । उनले यस गीतिसङ्ग्रहका गीतहरूमा प्रकृतिको रूपरङ्गको, ध्वनिको, स्पर्शको, रसको र गन्धको राम्ररी प्रयोग गरेका छन् । यसरी प्रकृतिलाई इन्द्रियसँग संवेद्य देखाउँदा गीतकार प्रेयसीका निकट रही प्रफुल्ल भएजस्ता देखिन्छन्; जस्तै :

क) साउनको रिमझिममा ओत लाग्ने छहारीको
शिशिरको चिसोपनमा बिताएको बिहानीको
('पीरतीको झोली'; पृ. ५६)

ख) आँसु पुछेर के भो जब धर्ती नै चिरिन्छ
जीवन रहेर के भो जब लास नै भैदिन्छ
('आँसु पुछेर'; पृ. ७९)

ग) यौवनको बगैचामा बैंस फुल्यो ढकमक
मदहोस जवानीको बास्ना चल्यो मगमग
('मोहनी त्यो', पृ. ७८)

घ) साउने भेलसरी बिलायौ जिन्दगी तड्पाई
यो हरियाली उजाड पार्‍यौ डढेलो लगाई
('यो दिलभित्र पृ';.७३)

ङ) सागरको लहरसँगै छल्किरहन्छ माया
खोलाहरू सुसाइरहन्छन् माया भनि माया
('आँखाभरि छाइरह्यो', पृ. ६९)

च) मनको बगैचामा फुल्यो के को फूल के को
पीरतीको बासना छ बोटभरि उनको
('मनको बगैचामा'; पृ. ५७)

छ)	फूलभित्रै भवरालाई ढोका थुनी राख्ने
ढोका खोलु भन्दाभन्दै बासना त उडी सक्यो
('वसन्तको अंगडाईमा'; पृ. ५२)

उदाहरण 'क' मा शिशिरको बिहान चिसोपनमा बिताएको उल्लेख गरी स्पर्शसँग सम्बन्धित प्रकृतिको चित्रण गरिएको छ भने 'ख', 'ग'र 'घ' मा आँखासँग सम्बन्धित प्रकृतिको चित्रण गरिएको छ । 'ख' मा धर्ती फाटेपछि आँसु पुछ्नुको अर्थ नभएको सन्दर्भ छ भने 'ग' मा यौवनरूपी बगैचामा बैंस ढकमक फुलेको दृश्यको वर्णन छ । 'घ' मा सुन्दर हरियाली वातावरण डढेलोले उजाड बनेको विषय आएको छ । यी तीनै उदाहरणमा आँखाले हेर्न सकिने प्राकृतिक वस्तुको वर्णनले आँखा संवेद्य प्राकृतिक प्रेम प्रस्तुत भएको छ । उदाहरण 'ङ' मा सागरको लहर छचल्किएको र खोलाहरू सुसाएको वर्णनले कानसँग सम्बन्धित प्राकृतिक सुन्दरताको वर्णनको चित्रण भएको छ । 'च' र 'छ' मा वासनाको प्रसङ्गले नाकसित सम्बन्धित प्राकृतिक प्रेमको वर्णन छ । 'च' मा पीरतीको वासनाको उल्लेख छ भने 'छ' मा वासना उडेको प्रसङ्ग रहेको छ । यी दुवैमा सुगन्ध र प्रेमका बीचमा अभेद्य सम्बन्ध देखाएर नाकसँग सम्बन्धित प्रकृतिको चित्रण गरिएको छ ।

गीतकारले यस सङ्ग्रहका गीतहरूमा वसन्तको ढकमक अवस्थादेखि उराठ, भयावह प्रकृतिका साथै शरदको सुन्दर प्रकृतिसम्मको चित्रण गरेको पाइन्छ । उनले मनलाई भावात्मक बहाइमा बगाएका बेला प्राकृतिक वस्तु नभए पनि प्रेम अमर बनाउन चाहेको भाव पनि प्रकट गरिएको पाइन्छ; जस्तै,

सागरको लहर जस्तै छल्कि दिन्छ मेरो मन
तिम्रो अनुभूति पाउन डुली हिड्छु रनवन
यो सिलसिला कहाँ पुग्छ प्रिय तिमी भनी देउन
विछोडको विरहले जलाइ सक्यो तन वदन
बिर्सन कसरी सक्छु सम्झनाले रातदिन
('पीरतीको झोली', पृ. ५६)

गीतकार बमले प्रस्तुत 'विरही माया' गीतिसङ्ग्रहमा जीवन जगत्का विविध पक्षलाई प्रस्तुत गर्ने क्रममा प्रकृतिलाई प्रयोग गरेका छन् । त्यसैले यस सङ्ग्रहमा प्रकृतिको प्रयोग सरल, आलङ्कारिक र इन्द्रिय संवेद्य भएको हुँदा बम प्रकृतिप्रेमी र प्रयोक्ता गीतकार बन्न पुगेका छन् ।

### ३.२.३.३ सामाजचित्रण र प्रगतिशील दृष्टिकोण

गीतकार बमले सामाजिक जीवनका वास्तविक पक्षलाई पनि आफ्ना गीतहरूमा समेटेका छन् । समाजका सकारात्मक प्रवृत्तिको प्रशंसा र नकारात्मक पक्षको आलोचना गरी प्रगतिशील धारणा प्रकट गरेका छन् । अरूको इर्श्या गर्ने स्वार्थी र घटिया सोचले समाजमा विकृति फैलाएको सन्दर्भ पेश गरी यस्ता प्रवृत्तिको अन्त्य गरे मात्र स्वच्छ समाजको निर्माण हुन्छ भन्ने मान्यता उनका गीतमा स्थापित भएको देखिन्छ । माया प्रेमका नाममा देखिएका विकृतिले समाजमा थुप्रै विसङ्गती फैलिएका र त्यस्ता विकृतिको निराकरण गर्न सबैले सचेत हुनुपर्ने धारणा उनका गीतमा देखिन्छ । सामाजिक विकृतिको मूल कारण मानिसमा रहेको अहङ्कार, इर्श्या, लोभ तथा आडम्बरी प्रवृत्ति भएको र यस खाले सोचले समाजमाथि नउठ्ने भाव उनका गीतमा रहेको छ । मानवीय कर्तव्य र इमान्दारिता सबैले पालना गरेमात्र सचेत समाज निमार्ण हुन्छ भन्ने भाव उनका गीतमा पाइन्छ । सामाजिक यथार्थ र प्रगतिशील स्वर भएका गीतका उदाहरणहरू यसप्रकार छन् :

क) गुलाब भै म के गरुँ, वासनाका भोगी यहाँ
मलाई छेक्ने काडा होइनन्, बास खोज्ने जोगी यहाँ ।
('गुलाब भई म'; पृ.८)

ख) लैला मजुन किन बन्छन्, जवानीमा जवान यहाँ
आगो निभेपछि प्रेमी भवरा झै उड्छन् कहाँ
('गुलाब भइ म'; पृ.८)

उदाहरण 'क' मा प्रेममा देखापरेको स्वार्थी प्रवृत्ति र जोगीहरूमा बढ्दै गएको बनावटीपनको उल्लेख गरी दुवै प्रवृत्तिको अन्त्य हुनुपर्ने धारणा रहेको छ । प्रेम गर्नेहरूले पवित्र प्रेमको महत्त्व नबुझेको, प्रेमलाई वासनाका रूपमा दुरूपयोग गर्ने गरिएको सन्दर्भ छ । यसले समाजमा विकृति मौलाउन थालेको छ । प्रेम गर्नेले स्वार्थ होइन, त्याग र समर्पण गर्न जान्नुपर्छ । समर्पणले प्रेममा आत्मीयता बढाउँछ । आत्मीय र सच्चा प्रेमले मात्र समाजमा नैतिकताको सन्देश छर्न सक्छ भन्ने सन्देशका माध्यमबाट प्रेममा देखिएका असङ्गत पक्षहरू निराकरण हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । गृहत्याग गरेर हिडेका भिक्षुहरू घरजम गर्ने धुनमा लागेका छन् । जोगीहरूमा देखिएको गृह मोहले उनीहरूप्रति समाजमा घृणा उत्पन्न भएको छ । यस्ता बनावटी कुराको अन्त्य गरी स्वभाविक समाजको निर्माण गर्नुपर्ने भाव रहेको पाइन्छ ।

उदाहरण 'ख' मा क्षणिक र वासनारूपी प्रेमप्रति व्यङ्ग्य गरी यस्तो परम्पराले समाजमा विकृति फैलाएको भाव छ । प्रेम गर्नेहरूले प्रेमलाई वासनापूर्तिको माध्यम बनाउँदै छन् । यौवनको जोशमा प्रेमीहरू आफूलाई लैलामजुन ठान्छन भने आफ्नो प्रेमलाई अमर प्रेम मान्छन् । जब यौन आकर्षण रित्तिदै जान्छ, तब प्रेमी भागेर जान्छ । उसको प्रेमीका र प्रेम मूल्यहीन ठहरिन्छ । प्रेमको पवित्रता र अमरता ओझेल पर्दै गएको र वासनाको महत्त्व बढ्द्रै गएकोमा चिन्ता प्रकट गर्दै सुधार हुनुपर्ने भावना व्यक्त भएको छ । सम्पत्तिमा मात्रै आफन्तले घेर्ने विपत्मा कसैले फर्की नहेर्ने प्रवृत्ति समाजमा बढ्दो छ । बन्धनमा परेर आफै दुःख व्यक्त गर्ने चलन पनि समाजमा रहेको छ । यस्तो देखावटीपनले समाज आडम्बरी बनेको छ । विश्वासघाती र ठगी सोचले समाजमा पारस्परिक सम्बन्ध घट्दै गएको देखिन्छ । धार्मिक स्थललाई भोजन गर्ने स्थलका रूपमा लिने विकृतिजन्य क्रियाकलापलाई पनि उनले आफ्नो गीतको विषय बनाएको पाइन्छ । उनका यसखाले केही गीतका अंश यसप्रकार छन् :

क) आफन्त नै को हुन्छ र विपत्तिको बेला
विरहले मार्‍यो मलाई भेट कसरी हुने होला
('सम्झना नै'; पृ.११)

ख) आशा धेरै छन्, विश्वास सबको
तर हुन्छ यहाँ विपरित यिनको
('यो दुनिया'; पृ.३२)

ग) मन्दिरमै खाना जहाँ कही हुल छ,
यो नाटकको दुनियाँ यही नै त भूल छ
('यो दुनिया'; ३२)

घ) दुनियाँको रीत न हो डोली भित्र चढाइ रुनु
पीरतीका पाना सबै आगो लगाई डढाई दिनु

उदाहरण 'क' मा आफ्ना मानिसहरू पनि विपतमा पराइ हुने गर्छन भन्ने धारणा रहेको छ । दुःख र अभावमा मानिसलाई आफन्तको सहयोग चाहिन्छ । तर समाजमा सम्पत्तिमा हाईहाई र विपत्तिमा कोही छैन दाजुभाइ भन्ने उखान चरितार्थ हुदै गएको प्रसङ्गले धनी र गरिबबीचको दुरी बढेको देखिन्छ । उदाहरण 'ख' मा मानिस-मानिसका बीच घट्दै गएको विश्वासलाई देखाइएको छ । आपसी सम्बन्ध र विश्वास घट्नु तथा कटुता अनि स्वार्थ बढ्नुले समाज अधोगतितिर लम्केको देखिन्छ । समाजका यी अविश्वास र कटुता चिरेर आशा भरोसायुक्त समाज निर्माण गर्नुपर्छ भन्ने भाव राखेका छन् । उदाहरण 'ग' मा

दुनियाँमा नाटकीयता बढ्दै गएकोमा असन्तोष व्यक्त भएको छ । आस्था र भरोसाका धरोहर धार्मिक स्थलमा हुने भोजभतेरको विकृति बढ्दै गएको छ । जुन संस्था जुन उद्देश्यका लागि स्थापित भएको हो, त्यसैमा त्यस संस्थालाई सक्रिय बनाइनु पर्छ । आफ्नो स्वार्थ र अनुकूलताअनुसार त्यसलाई सञ्चालन गर्नु हुँदैन । मन्दिरमा धर्म नभइ खानपान बढेको अवस्थामा मानिसको धर्ममा आस्था र विश्वास घट्छ । व्यङ्ग्यात्मक रूपमा यस्ता प्रवृत्तिप्रति असहमति जनाएर सुधार गर्नुपर्ने कुरा उठाएका छन् । उदाहरण 'घ' मा दुनियाँमा बढ्दै गएको आफ्नै कामप्रति सहानुभूति गर्ने आडम्बरी प्रवृत्तिको चित्रण रहेको छ । जानाजान कसैलाई बन्धनमा पार्ने र रुने कार्य समाजमा नियती बनेको छ । माया प्रेम नष्ट गरेर इर्श्या, कलह बढाउँदै जाने कार्यमा आक्रोश व्यक्त गरी प्रेममय सुन्दर र शान्त समाज निर्माणमा आग्रह गरिएको प्रगतिशील स्वर उनका गीतमा रहेको छ । समाजमा देखिएका यी नकारात्मक पक्षको चित्रण गरी समतामूलक, विभेदमुक्त र स्वच्छ समाज निर्माणको चाहना प्रगतिशील चिन्तनको उपज हो ।

### ३.२.३.४ कारुणिकता

कारुणिकता बमका गीतमा पाइने महत्त्वपूर्ण विशेषता हो । 'विरही माया' गीतिसङ्ग्रहमा रहेका प्रायः अधिकांश गीतहरूमा कारुणिकता कुनै न कुनै रूपमा आएकै छ । गीतको भाव, मर्म तथा अवस्थामा कारुणिकता उच्च रूपमा समाहित गर्नु बमका गीतको महत्त्वपूर्ण उपलब्धि हो । आर्थिक अभाव, सामाजिक विसङ्गती, दैवीय विपत्ति, मायाप्रेममा आउने विछोडजस्ता प्रसङ्गले बमका गीतहरू कारुणिकताको सञ्चार गराउन सक्षम छन् । कतै प्रेमीप्रेमीकाको विछोडले कारुणिक भावको सञ्चार भएको पाइन्छ भने कतै दैवीय प्रकोपले उत्पन्न गराउने कष्टप्रद क्षणको चित्रणले करुणरसको प्रवाह भएको पाइन्छ । मायाप्रेममा देखिने विग्रहले प्रेमीप्रेमीकामा हुने विछोडको मार्मिक चित्रण उनका गीतमा कारुणिकता सञ्चार गराउने मुख्य विषय बनेको छ ।

बमका गीतमा विभिन्न विषय तथा सन्दर्भ समेटिएको भए पनि कारुणिकताले उच्च महत्त्व पाएको छ । गीतहरूमा कारुणिकतालाई महत्त्व दिएर पनि उच्च कलात्मक सौन्दर्यको निर्माणले पीडाबोधको आभाष हुदैन । गीतको मीठास र मधुरतामा करुणताले ह्रास नल्याएर उच्चता थपेको छ । सामाजिक जीवनका वास्तविकताको चित्रणले गीतमा मन छोइरहने संवेदना प्रकट भएको छ । मानिसको कोमल मनमुटु स्पर्श गर्नमा बमका गीतको करुणपक्षले विशेष महत्त्व राखेको पाइन्छ । पाठक वा श्रोतालाई आत्मग्लानी र पछुतो नगराइ भावात्मक अतितमा डुबाएर रहस्यमय ढङ्गले आनन्द सञ्चारमा करुणरसको चित्रण महत्त्वपूर्ण रहेको छ । उनका सबै गीतको अध्ययनले बम कारुणिक गीतकार हुन भन्न सकिने अवस्था छ । करुणताप्रधान गीत लेख्ने बमका कारुणिक गीतका केही अंश यसप्रकार छन् :

क)	परेलीभित्र आँसुका थोपा, छाती नै चिरिन्छ
वेदना बोकी जादैछु हजुर, भेटहोला भनेर
('ए हजुर'; पृ. १)

ख)	चिठी पढ्छु कुरा सुन्छु, अनि बेहोस भइ दिन्छु
सम्झी सम्झी मुटु थिची सुस्केरा हाली दिन्छु
('मेरा प्रेममा'; पृ. ३)

ग)	नयनका धारा वर्षी रहन्छन्
प्राण पखेरु उडी रहन्छन्
जन्म जन्ममा प्रेमको दियो
बलीरहोस जीवन यो
('आगो सरी'; पृ.४)

घ)	अँधेरोमा बत्ती बाली डाको छोडी रोए
साथी भनी बोलाउदा भित्ता पनि रोए
मैले आँसु थाम्न सकिन
तिम्रो खबर पाउन सकिन
('गल्ती मेरै'; पृ.५)

ङ)	सम्झी सम्झी आँसु पोखी स्वर त्यसै रोकिएछ
कलिलो विछोड रहेछ, किन व्यर्थै वैलिएछ
('मनको फूल'; पृ. ९)

च)	सम्झी रोए रोई हाँसे सिरानीको यताउता
अंगालोमा सधैं बाध्ने प्रिय तिमी गयौ कता
भन्ने कुरा धेरै थियो तर बल्झ्यो गहभरि
बाटो हेरे मैले तिम्रो जिन्दगीको सफरभरि
होस उड्यो आँखैबाट तिमी आउने आशाभरि
('बाटो हेरे'; पृ. १२)

छ)	पग्लि झरे आँसु सबै निचोरु कसरी चित्त
जिन्दगी नै हराई सके, पीरतीको पानाभित्र
('मन मन्दिर'; पृ. १७)

उदाहरण 'क' मा आफ्नो मायालुसितको विछोडमा उत्पन्न भएको कारुणिक प्रसङ्ग रहेको छ । आफूले मन पराएको व्यक्तिसँग विछोड हुँदा हुने छट्पटीको आँसुले आँखा भिजेका र मन चिरिएको कारुणिक अवस्थाको चित्रण छ । मनभरि दुःख बोकेर पुनर्मिलनको प्रतीक्षामा रहेको भावले कारुणिकतालाई उत्कर्षमा पुऱ्याइएको छ । उदाहरण 'ख' मा आफ्नो मायालुको चिठी पढेर बेहोस भएको कारुणिक भाव आएको छ । सञ्चोबिसञ्चो चिठीका माध्यमबाट आदानप्रदान गर्दा आरामी खबरले खुशी बनाउँछ भने बिरामी खबरले दुःखी बनाउँछ । प्रेमको नासो स्वरूप चिठी पाउँदा सम्झी सम्झी सुस्केरा हालेको अवस्थाको वर्णनले भावुक तुल्याएको छ ।

उदाहरण 'ग' मा जन्मजन्मान्तरसम्म प्रेमको अमरताको कामना गरी आँसुका धारा बगेको चित्रण रहेको छ भने उदाहरण 'घ' मा साथीको सम्झनामा आँसु थाम्न नसकेर डाको छोडेर रोएको हृदयविदारक क्षणको चित्रण रहेको छ । साथीको खबर नपाउँदा पक्कै पनि मन थाम्न सकिँदैन । दुःखद् क्षणमा मानिस अतालिन्छ । उसले आफूलाई सम्हाल्न सक्दैन । मनबुझाउनको लागि डाको छोडेर रोई साथीप्रतिको प्रेम प्रकट गर्छ । साथीसँगको विछोडमा मनमा उत्पन्न भएको करुण भावलाई भित्ताजस्तो निर्जीव वस्तु पनि रोएर साथ दिएको दारुण स्थितिको चित्रण रहेको छ । मानिस ज्यादै दुःखी भएको अवस्थामा प्रकृतिले समेत उसको दुःखमा दुःख प्रकट गर्छ भन्ने भाव करुण रूपमा आएको छ । उदाहरण 'ङ' र 'च' मा पनि प्रेमीसितको विछोडपछि उत्पन्न भएको दुःखद् र भावुक अवस्थाको चित्रण रहेको छ । सधैं अंगालोमा बाँधिने प्रेमी अलप भएपछि अकेली रहेकी प्रेमीका प्रेमीको सम्झनाले भाव विह्वल हुँदा करुणताले उत्कर्ष छुन्छ । त्यस क्षणलाई यसमा उतारिएको छ । प्रेम बाहेक, आँधीहुरीजस्ता प्राकृतिक प्रकोप, मनको चोट, सामाजिक विकृति तथा स्वार्थी प्रवृत्तिले समेत बमका गीतमा कारुणिकता सिर्जना गरेको देखिन्छ । केही कारुणिक गीतका अंशहरू यसप्रकार छन् ।

क) पहिरोले ढाक्यो, कुहिरोले छोप्यो जिन्दगी यसरी
यो आँधीबेरी बीचैमा छाडी हरायौ कसरी
('पीरको तीर'; पृ. २२)

ख) हुरीसँगै बत्ती निभ्यो बेसहारा जिन्दगीमा
झरीसँगै पुल भत्क्यो, जीवन टुट्यो किनारैमा
जहर पिउँदै मरीजाने रहर पनि कहाँ थियो
('आँसुसँगै'; २३)

ग) पछ्याइराखे पाइलाहरू जिन्दगीको सफर भरि
मिटाइदियौ निशानहरू किनहोला यसो गरि

सोधु भन्छु ओठ खुल्दैनन मनविचारा कठैवरी
बिर्सन कसरी सक्छु वाचा थियो अजम्बरी
('छातीभरि'; पृ. ४९)

घ) सागरका लहर सरी छल्किन्छन् पुराना ती याद
आँसुका धारा बगाई दिन्छन, यी दिन यी रात
('दोधार बीच'; पृ.। ६६)

उदाहरण 'क' मा बाढीपहिरोले मानिसको जीवनमा ल्याएको आपत्लाई देखाएर करुणता सिर्जना गरिएको छ भने उदाहरण 'ख' मा हुरी बतास र झरीले मानिसको जीवनलाई किनारा लाएको अवस्थाको वर्णनले प्राकृतिक प्रकोपको प्रताडना सहन विवश मानिसको बाध्यताको चित्रण छ । मानिसको जीवन सधैं एकनासको हुँदैन । जीवनको गतिमा पहिरोले ढाक्दा, कुहिरोले छोप्दा उसलाई सहयोगको आवश्यकता पर्छ । प्राकृतिक प्रकोपसँग जुध्न मानिसलाई आफन्तको आड भरोसा चाहिन्छ ।

प्राकृतिक प्रकोपले सताएको बेला आफन्तले समेत छोड्दा मानिसको मनमा पर्ने पीडालाई मार्मिक तवरले देखाइएको छ । जीवन जिउने आशाको दियो प्राकृतिक प्रकोपले निभाउँदा मानिस बेसहारा बन्छ । उसले आफूलाई एक्लो र निसहाय पाउँछ । हुरीले बिपत्मा पारेकै बेला झरीले समेत किनारा लाएपछि मानिस अलपत्र पर्छ । एकपछि अर्को गर्दै आइलाग्ने प्राकृतिक विपत्तिसँग संघर्ष गर्दागर्दै थाकेपछि जहर पिएर मरेको सन्दर्भले कारुणिकताको सशक्त सञ्चार गरेको छ । प्राकृतिक आपत् विपत्ले मानिस पीडित र दुःखी भएको सन्दर्भले सामाजिक वास्तविकतालाई पनि समातेको छ ।

उदाहरण 'ग' र'घ' मा विछोडको यादले व्यथित भएको सन्दर्भ रहेको छ । जीवनभरि मिलनको लागि प्रयत्न गरिरहँदा पनि भेट नहुँदा दुःखी भइन्छ । विगतका निशाना पनि मेटिदा कसैलाई सोध्न खोज्दा ओठसम्म नखुलेको र नबिर्सने अजम्बरी वाचाले सताएको भाव छ । पुराना यादहरू सागरको लहरसँगै आइरहन्छन् । ती यादहरूले दिनरातमा आँसु बगिरहने प्रसङ्गले घायल प्रेमीप्रेमीकाको कारुणिक अवस्थालाई दर्साएको छ । मानिसले झेल्नु परेका विरह, वेदना, अभाव, विछोड, वियोग आदिको मार्मिक अभिव्यक्त गरिएका गीतहरूमा कारुणिकता प्रकट भएको देखिन्छ ।

### ३.२.३.५ प्रणय/श्रृङ्गार भाव

मायाप्रेममा देखिने मिलन विछोडका सन्दर्भलाई गीतको मूल विषय बनाउनु गीतकार बमको मुख्य पहिचान हो । उनका गीतमा प्रेमप्रणयले प्रमुख स्थान पाएको देखिन्छ । विभिन्न

शीर्षकमा प्रेमप्रणयका बेग्ला-बेग्लै अनुभव र अनुभूतिले 'विरही माया' गीतिसङ्ग्रहका गीतहरू तरङ्गीत भएका छन् । कृतिको नामबाटै पनि यस कुराको पुष्टि हुन्छ । उनका सबै गीतमा प्रेमको कुनै न कुनै पक्ष प्रकट भएकै पाइन्छ । बमका गीतमा मूलतः युवायुवतीमा हुने प्रेमप्रणय केन्द्र बनेको हुन्छ । उनका गीत प्रेम र श्रृङ्गारका भण्डार नै बनेका छन् ।[७६] मायाप्रेमलाई केन्द्रीय विषय बनाएर लेखेका गीति रचनाहरू यसप्रकार छन्: 'ए हजुर', 'कसरी भनुँ', 'मेरा प्रेमका', 'आगो सरी', 'गल्ती मेरै', 'मेरो सम्झना', 'गुलाब भई म', 'मनको फूल', 'जलन भई', 'सिउँदोको सिन्दुर', 'बिर्सी दिन खोज्दा', 'बाटो हेरे', 'सम्झना नै', 'यो जिन्दगीको', 'अधरमा मुस्कान', 'मन मन्दिर', 'आउ सजाई', 'सम्झेर तिमीलाई', 'बोतल भरिको', 'विरही माया', 'आँखा वरिपरि', 'माया लैजाउ', 'कामनाले भरिएको', 'आउ नजर', 'सम्झनालाई', 'पापी मन', 'बैरागी बिहानी', 'इन्द्रेणी पऱ्यो', 'मनैभरि', 'सँगै बस्यौ', 'फूल फुल्यो', 'मायाको डोरी', 'आँखाभरि', 'छातीभरि', 'मायालु तिम्रो', 'मेरो आँखाका', 'वसन्तको अंगडाइमा', 'रातभरि सपनीमा', 'आज यो दिलमा', 'खोलासरी आँसु', 'पीरतीको झोली', 'मनको बगैचामा', 'माया भन्नु', 'आँखाभरि सजाई', 'पिरोली रह्यो', 'मनको व्यथा', 'बैंसको रहर', 'मेरो दिलमा', 'किन हो किन', 'दोधार बीच', 'पिरोली रह्यो', 'त्यो तिम्रो', 'पीरतीको चोखो', 'आँखाभरि छाइरह्यो', 'पीरतीको बोलीमा', 'मनको फूल', 'रुमल्ली रहे', 'यो दिलभित्र', 'यौवनको', 'यो दुनियाँ कहिले', 'आँखामा तिम्रो', 'कहाँ पुगे', 'मोहनी त्यो', 'आँसु पुछेर' ।

'विरही माया' गीतिसङ्ग्रहमा रहेका छहत्तर गीतहरूमध्ये साठी गीतहरूमा प्रेमप्रणयको भाव रहेको छ । ती प्रणयभावयुक्त गीतहरूमा पनि संयोग र वियोग दुवै भाव पाइन्छ । प्रणय भाव भएका गीतहरूमा 'म' ले 'तिमी' लाई फूल, मोती, बत्ती, जून, सागर, बिजुली, बादल आदि जस्तै भएको कुरा बताउँदै सबै ठाउँमा उसलाई नै देखेको, पाएको भाव व्यक्त गरिएको पाइन्छ । प्रणयको वियोगावस्था भएका गीतहरूमा प्रियको अभावमा संसार शून्य भएको भाव तथा दिउँसै अँध्यारो हुने र हुरीले पनि खुशीको सन्देश नल्याउनेजस्ता भावहरू व्यक्त भएको देखिन्छ । यस्ता गीतहरूमा नायक वा नायिका एक्लै तड्पिरहेका हुन्छन् ।

प्रेम मानवीय स्वभाव हो । विपरीत लिङ्गी आकर्षणले प्रेममा झन उत्सुकता थपिदिन्छ । मानिस कुनै न कुनै रूपमा प्रेम गर्दछ । युवायुवतीमा हुने प्रेम प्रेमको एउटा रूप हो । बमका गीतमा स्वभाविक रूपमा युवायुवतीमा हुने प्रेमप्रणय प्रस्तुत भएको छ । यस सङ्ग्रहमा साठी प्रेमपरक गीतहरूमध्ये पृ. २१, २७, २९, ३०, ३४, ३९, ४६, ५१, ५७, ५९, ६३, ६९, ७४, ७८ का गीतहरूमा संयोग श्रृङ्गारको प्रयोग भएको पाइन्छ भने पृ.१, २, ३, ४,

[७६] राष्ट्रकवि माधवप्रसाद घिमिरे, 'विरही माया' (काठमाडौं: २०६२) ।

५, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १९, २०, २४, २६, ३५, ३७, ४०, ४१, ४९, ५०, ५२, ५३, ५४, ५५, ५६, ६०, ६१, ६२, ६४, ६५, ६७, ६८, ७०, ७१, ७२, ७३, ७६, ७७, ७९ का गीतहरूमा वियोग श्रृङ्गारको प्रयोग भएको देखिन्छ । प्रेम विषयक साठी गीतहरूमध्ये बाउन्न एकल र आठ युगल गीत रहेका छन् । आठ युगल गीतहरूमध्ये चारमा वियोग श्रृंगार रहेको छ भने चारमा संयोग श्रृङ्गार रहेको देखिन्छ । विरह, वेदना, विछोड र सम्झनाको चित्रणले बमका वियोग श्रृंङ्गारपरक गीतहरू मन छुन सफल देखिन्छन् ।

प्रस्तुत सङ्ग्रहका प्रणयमूलक गीतहरूमा प्रेयसीको शारीरिक रूप सौन्दर्यको वर्णन विभिन्न उपमा दिएर गरिएको छ । आँखालाई सागरको गहिराइसँग, दाँतलाई अनारसँग, केशलाई नदीको तरंगसँग, अनुहारलाई चन्द्रमासँग तुलना गरी आफू ती अंगप्रत्यंगबाट मोहित भएको भाव व्यक्त भएको छ । युवतीको लजालु बोली, छड्के हेराइ तथा मायालु स्वभावको चित्रणले गीतहरूमा मायाप्रेम स्वभाविक रूपमा प्रकट भएको छ । यौवनले युवायुवतीमा ल्याउने परिवर्तन, बैसमा हुने भावुकता, प्रेमलाई अमर बनाउन आपसमा गरिने वाचा कबोलको जीवन्त चित्रण पनि यस सङ्ग्रहका गीतमा भेटिन्छ । प्रेममा हुने त्याग र समर्पणलाई उच्च रूपमा प्रस्तुत गरी भावी जीवनका सुनौला कल्पना र अतितका स्मरणीय क्षणको प्रस्तुतिले गीतमा मार्मिकता थपेको देखिन्छ । विछोड र वेदनाका साथै विरहको भावले गीतहरूमा कम मार्मिकता थपेको छैन । प्रेम यात्रामा लीन भइरहेकै बेला एक्कासी विछोडिनु पर्दाका दुखद् क्षण तथा प्रेमीकाको प्रतीक्षामा कैयौ दिन बितेको प्रसङ्गले गीतमा वियोग श्रृङ्गारलाई उत्कर्षमा पुऱ्याएको हुन्छ । धेरै गीतहरूमा धोकेबाज प्रेमीले घायल बनेकी प्रेमीकाको मानसिक अवस्थाको केरकार गरिएको भेटिन्छ । प्रेम विषयक केही गीतका अंशहरू यसप्रकार छन्:

क) बाडुली लागे सम्झिउला हजुर, सम्झना जिउँदै छ
त्यो मनमा लागे सम्झिनु होला, त्यो कतै पिउँदै छ ।
('ए हजुर'; पृ. १)

ख) उजाड, उदास नदी किनारा झैं म भै सकें
यौवनको प्रेम होइन, साउनको भेल होइन, जो सेलाएर जान्छ
प्रेम त दुई मुटुको धड्कन हो, जो प्रेमीलाई तड्पाउँदै जान्छ
कसरी भनु तिमीलाई माया गर्छु
म त प्रेममा मरी सकें
('कसरी भनु'; पृ. २)

ग)	तिमीलाई खोज्न भनि चरी बनी उडें
पृथ्वीको कुना काप्चा खोज्दा खोज्दै घुमे
तर मैले भेट्न सकिन, तिम्रो छली रूप देखिन
गल्ती मेरै नै हो, तिमीलाई नै साथी मैले रोजे
('गल्ती मेरै'; पृं ५)

घ)	कस्तो हो यो तितो मिलन आगो लगाई डढाई दिने
कस्तो हो यो तिम्रो विछोड जलन मात्र बढाइ दिने
खरानी भई उडी पुग्छु, प्रिय तिमी हुन्छौ जहाँ
जलन भई दिन्छ भित्र थाह छैन कहाँ कहाँ
('जलन भइ'; पृ. १०)

ङ)	सम्भना नै सम्भना छ, अरू के पो छ र यहाँ
रात दिउसो जताततै तिम्रै आश गर्छु यहाँ
मान्छे माथि मान्छे देख्छु तर तिमी गयौ कहाँ
('सम्भना नै'; पृ. ११)

च)	हे ईश्वर नमासी देऊ दुई प्रेमीको कथा यहाँ
पाप लाग्ला विछोडमा, पोखिएला व्यथा यहाँ
मधुर मिलन सम्भे, तर भयो जहर सरी
बाटो हेरें मैले तिम्रो, जिन्दगीको सफर भरि
होस उड्यो आँखाबाट तिमी आउने आशा गरी
('बाटो हेरें'; पृ. १२)

छ)	चिता भैं जलि रहें, फेरि भेट्ने आश गरी
खरानी भै उडी रहे, सम्भनामा आकाश भरी
आगो निभाई दिदा पनि, धुवा भने आई रह्यो
हाँसी दिन खोज्दा खोज्दै, गहभित्रै जलि रह्यो
('विर्सी दिन खोज्दा'; पृ. १३)

ज)	छल्की न देऊ मदहोस नयनमा रित्तो गिलासको आभाष दिएर
कला हौ तिमी आकार दिन्छु उडी न देउ धुवाँ भएर
बोतल भरिको शराव तिमी, पिएर तिमीलाई शरावी भए
नशालु तिमी नशा भो मलाई पिएर नशा बेहोसी भए
('बोतल भरिको'; पृ. २१)

झ)  विरही माया अधुरो रह्यो, बिर्सनु कसरी
तड्पाई दिन्छ, जलाई दिन्छ याद आउँछ बेसरी
('विरही माया'; पृ. २४)

ञ)  केटा : फूल फुल्यो साली बारीमा केतुकी
भोलि हुन्न साली, आजै रात भेटुकी
मुग्लिन बजार, ज्यूज्यान एउटै छ
केटी हजार

केटी  फूल फुल्यो भिना खोलीमा असारे
हुती छैन भिना कुरा छ चेपारे
फिस्लींग बजार ज्यूज्यान एउटै छ
केटा हजार
('फूल फुल्यो'; पृ. ४१)

ट)  केटा : मायाको डोरी तिम्रै नै होकी नतान यसरी
मोहनी रूप बैशालु आँखा, बल्झायौ कसरी

केटी : प्रीतिको जाल नफाली हाल, म परे पासोमा
त्यो रूप रंग झन मीठो बोली म फसे हाँसोमा
('मायाको डोरी'; पृ. ४६)

ठ)  झस्कि दिन्छु कहिले काहीं मीठो मीठो सपनीमा
बगी दिन्छु कहाँ कहाँ, पीरतीको भूमरीमा
('रातभरि सपनीमा'; पृ. ५३)

माथिको उदाहरण 'क' मा प्रेमीप्रेमीका दुवैले एक अर्काको सम्झना नबिर्सिएको भाव व्यक्त भएको छ । प्रेमीले प्रेमीकाको सम्झना रहिरहेको र बाडुलीले त्यसलाई जीवन्त बनाइराख्ने धारणा राखेको छ । प्रेमीकालाई सम्झन मन लागे कतै पिउँदै छ होला भन्ने ठान्नु भनी आग्रह गरिएको छ । उदाहरण 'ख' मा पवित्र प्रेमलाई परिभाषित गर्दै आफ्नो प्रेम क्षणिक साउने भेलजस्तो नभई तड्पाउने भावुक रहेको बताएर 'तिमी'लाई प्रेम गर्छु भन्न नसकेरै नदी किनारझै उजाड भएको सन्दर्भ रहेको छ । प्रेम दुई मुटुको धड्कन हो । यसले प्रेमीप्रेमीकालाई तड्पाउने गर्छ, उजाड बनाइ दिन्छ । प्रेमीहरूले प्रेमलाई व्यक्त गर्न नपाउँदा उनीहरूको जीवन उदास हुन्छ । यसमा 'म' ले 'तिमी' लाई एकोहोरो अव्यक्त प्रेम गरेको र भित्रभित्रै छट्पटिएको भावनाले प्रेमको तड्पाइलाई दर्साएको छ । 'तिमी' लाई भेट्न चराको रूप धारण गरेर संसारभर घुम्दा पनि भेट्न नपाउँदा साथी रोज्नु आफ्नै गल्ती भएको स्वीकारोक्ति उदाहरण 'ग' मा छ । यसमा 'तिमी' लाई खोज्न चरी बनेर भौतारिदा पनि

उसको छली रूपलाई भेट्न नसकेकोमा पश्चाताप बोध गरिएको पाइन्छ । उदाहरण 'घ' मा 'तिमी' सितको तितो मिलनले डढाएको र विछोडले जलाउँदा खरानी भएर पनि 'तिमी' भएको ठाउँमा पुग्ने भावुक अभिव्यक्ति रहेको पाइन्छ । उदाहरण 'ङ' मा रातदिन 'तिमी' को सम्झनाले छट्पटाएर मानिसै मानिसको भीडमा पनि 'तिमी' लाई खोज्दा नभेटेको विरह बोधी भाव प्रकट भएको छ । उदाहरण 'च' मा मधुर मिलनको लागि जीवनभर 'तिमी' को प्रतीक्षामा बस्दा आउने आशा जहर भएकोमा ईश्वरसँग बिन्ती गर्दै दुवैको प्रेम नमास्न आग्रह गरिएको छ । विछोड भएमा पाप लाग्छ र सबै व्यथा छताछुल्ल होला भन्ने शंकाले त्रसित मनोविज्ञानलाई देखाएको छ ।

उदाहरण 'छ' मा फेरि भेट्ने आशमा चिता झैं जलेको, खरानी भएर उडेको, बिर्सन खोज्दा पनि सम्झना आइरहेको र हाँस्दा पनि मुटु जलिरहेको अवस्थाको चित्रण छ । प्रेमको घाउ गहिरो हुँदा ठीक नहुने सत्यलाई यसले संकेत गरेको छ । उदाहरण 'ज' मा 'तिमी' लाई कला र शरावको आरोप लगाएर आफूले आकार दिन खोजेको र शराबी भएको मर्म प्रकट भएको छ । 'तिमी' लाई नशाका रूपमा चित्रण गरी आफू नशाले मदहोस भएको वर्णनले 'तिमी' को शारीरिक सौन्दर्य र मायालु स्वभावलाई संकेत गरेको छ । उदाहरण 'झ' मा विरही माया अधुरै रहँदा सम्झनाले बेसरी तड्पाउँदै जलाएर सताएको दुःखेसो पोखिएको छ भने उदारहण 'ञ' मा साली र भिनाका बीच हाँसो ठट्टाका रूपमा दोहोरो संवाद गराई आजै भेटुकी भन्ने भिनाको आग्रहलाई सालीले ठट्टामा उडाएको वर्णन मार्मिक बनेको छ । भोलिको असहमति जनाएर भिनाले आजै भेट्न सालीलाई कर लाएका छन् । सालीले भिनालाई हुती नभएको आरोप लाउँदै चेपारे कुरा नगर्न जवाफ दिएकी छन् । उदाहरण 'ट' मा केटा र केटीका बीच प्रेमप्रसङ्गको चर्चा चलेको छ । केटाले केटीको मोहनी रूप र बैशालु आँखाले तानेको वर्णन गरेको छ भने केटीले केटाको रूपरंगबाट आफू जालमा फसेको भाव व्यक्त गरेकी छिन् । उदाहरण 'ठ' मा पीरतीका सुन्दर सपनाले कहिले काहीं झस्कने र बग्ने गरेको सन्दर्भ देखाइएको छ । यी सबै उदाहरणमा प्रेम विषयमा केन्द्रित भावलाई अनेक ढंगढाँचामा प्रकट गर्ने काम भएको छ ।

गीतकार बमले यस सङ्ग्रहका गीतहरूमा वियोग श्रृङ्गारको मात्र प्रयोग नगरी संयोग श्रृङ्गारको पनि प्रयोग गरेका छन् । संयोग श्रृंङ्गार प्रयोग भएका गीतहरूमा युवायुवतीको प्रणय बढ्दै गएको, दुवैले सुखको अनुभूति गरेको स्थितिको चित्रण गरिएको छ । उनीहरूलाई आफू र आफ्नो प्रेममा गर्व र हर्ष महशुस भएको भेटिन्छ । यस्ता संयोग श्रृंङ्गार भएका केही उदाहरण यस प्रकार छन् :

क) तिमी नझूम बरु म झुम्छु, पिलाउ अरू एक घुट्को थपेर
बोतल भरिको शराब तिमी, पिएर तिमी शराबी भए
नशालु तिमी नशा भो मलाई, पिएर नशा बेहोसी भए
('बोतल भरिको'; पृ. २१)

ख) चाहनाको तलाउ तिमी तरङ्गले भरी दिन्छु
प्रतीक्षाका सबै घडी आज यही रोकी दिन्छु
कामनाले भरिएको आज खुशी सबै दिन्छु
('कामनाले भरिएको'; पृ. २७)

ग) यो जीवन हो तिम्रै, जवानी हो तिम्रै
भोका आँखाको सिकार हुँ म तिम्रै
भोलि अरूकै, आज हो तिम्रै
('आऊ नजर'; पृ. २९)

घ) चोखो माया, चोखै यौवन, लुकाई राखु कसो गरी
यौवनको बगैचामा बैंस फुल्यो ढकमकी
टिप प्रिय केही बोल माया गर लुकीछिपी
('यौवनको'; पृ. ७४)

उदाहरण 'क' मा पिउने र पिलाउने प्रसङ्गमा 'तिमी' शराब भएको र 'म' शराबी भएको देखाएर 'तिमी' को नशाले 'म' नशालु बनेको संयोग अवस्थाको वर्णन रहेको छ। 'म' ले 'तिमी' लाई पिलाउन आग्रह गरेको, 'तिमी' को मायारूपी नशाले 'म' नशालु र शराबी भएको छ । उसले नशा र शराबको प्राप्ति गरेर आनन्दित भएको मदहोसपूर्ण सुखको वर्णन यसमा देखिन्छ। उदाहरण 'ख' मा 'म' को चाहनाकी तलाउका रूपमा रहेकी 'तिमी' सितको भेट्ने प्रतीक्षा पूरा भएकोमा आजै सबै खुशी बाडिदिन्छु भन्ने भाव व्यक्त भएबाट मिलनको क्षण झल्केको छ। यो मिलन पूरै सुखद् र मनोरञ्जनले भरिपूर्ण भएकोले यसमा पनि संयोग श्रृङ्गारको सुन्दर प्रयोग भएको छ । उदाहरण 'ग' मा रूप र जवानी 'तिमी' कै हो भन्ने देखाई 'तिमी' का भोका आँखाको सिकार भएकोमा त्यसको तृप्तिका लागि आज तिम्रै हुँ भन्ने संकेत गरिएको छ भने उदाहरण 'घ' मा चोखो माया र यौवनले बैंसको बगैचा ढकमक फुलिसकेको हुँदा लुकाएर राख्न नसकि प्रियलाई माया गरि टिप्न आग्रह गरिएको छ। यसमा संयोग श्रृङ्गारको उत्कृष्ट र शालीन प्रयोग भएको पाइन्छ। प्रेयसीले आफ्नो माया र यौवन दुवै चोखो भएको बताएकी छे । ऊ यौवनले फक्रेकी छे । अब बैंसलाई लुकाई राख्न ऊ असमर्थ देखिन्छे । लुकीछिपी माया गर्दै टिप भनेर उसले सहर्ष आफ्नो यौवन प्रियलाई सुम्पेकी छे । यसले प्रेमीप्रेमीकाको सुखद् मिलन भएको र यौवनको रसपान आनन्दपूर्वक भएको वर्णन गरेको छ। युवतीले लुकीछिपी टिप भनेबाट ऊ लज्जाएको बोध भएको देखिन्छ।

यस गीतिसङ्ग्रहका गीतहरूमा मिलन र विछोडको भावले बढी महत्त्व पाएको छ । प्रेमीप्रेमीकाको मिलनले दुवैका आशा पूरा भई नयाँ सिर्जनशील जीवनको सुरुवात भएको पाइन्छ भने विछोडले दुवै अत्यन्तै व्यथित भई तड्पिरहेको छट्पटी पनि प्रकट भएको छ । बमका संयोग श्रृङ्गारका गीतहरूका आधारमा उनी सिर्जनशील र शान्त पारिवारिक समाज निर्माणको पक्षमा देखिन्छन् । यी गीतहरूको सन्दर्भले बम सिद्धहस्त प्रणयमूलक गीतकारका रूपमा प्रमाणित हुन्छन् ।

### ३.२.३.६ पवित्र प्रेमको समर्थन र बनावटी प्रेमको विरोध

बमका गीतमा प्रेमका दुईवटा रूपको चित्रण भएको छ । प्रेम विषयक गीतमा आत्मीय र बनावटी प्रेमलाई प्रस्तुत गरी दुवै प्रेममा फरक–फरक मान्यता स्थापना गरिएको छ । पवित्र र स्वार्थरहित प्रेमको खुलेर प्रशंसा गर्दै व्यक्ति, परिवार र समाजमा विस्तार हुनुपर्ने धारणा देखिन्छ भने स्वर्थी प्रेम व्यक्ति, परिवार तथा समाज कसैको भलो नगर्ने हुँदा त्यस्तो प्रेममा असहमति जनाइएको छ । प्रेमको अभावले चारैतिर अशान्ति, युद्ध र हिँसा फैलिन्छ । प्रेममा शान्ति सुख र समृद्धि गर्ने क्षमता हुन्छ । सामाजिक अमनचयन गर्नका लागि पनि पवित्र प्रेमले फैलिनु पर्छ । सामाजिक सद्भाव बढाउन बमका पवित्र प्रेमका गीतहरू सक्षम देखिएका छन् । स्वार्थी प्रेमले सामाजिक सम्वन्धलाई धमिलो बनाउँछ । व्यक्तिलाई अवसरवादी र जिम्मेवार विहिन बनाउन सहयोग पुऱ्याउने हुँदा यस्तो प्रवृत्तिप्रति बम पूर्णरूपमा असहमत देखिएका छन् । पवित्र प्रेमको सन्दर्भ भएका केही गीतका अंश यस प्रंकार छन् :–

क. मिलनमा संसार रचे, तर खसे तारासरी
तिम्रै यादमा रोई वस्छु, साउनको झरिसरी
('जलन भई';पृ.१०)

ख. यो दिलको राज बसेको छ तिम्रै
पर्दा हटाउ धड्कन मिलाऊ
हरेक पलको प्यास बुझाऊ
('आऊ नजर'; पृ.२९)

ग. मनको बगैंचामा फुल्यो के को, फूल के को हो
पीरतीको वासना छ, बोटभरि उनको
('मनको बगैंचामा' ; पृ. ५७)

उदाहरण 'क' मा प्रेमीप्रेमीकाको मिलनमा सिर्जना गरिएको संसार विछोडले तारासरी खसेकोमा साउनको झरी झैं निरन्तर रोइरहेको भावको प्रस्तुति छ । 'म' र 'तिमी' दुवै प्रेमीप्रेमीका बीच अभेद्य सम्वन्ध रहेको देखिन्छ । यही सम्वन्धबाट दुवैले सुन्दर संसारको निर्माण गरेका छन् । दुवैले सोचेको र कल्पना गरेको जीवन निर्माण भएको पाइन्छ । एक- अर्काबाट विछोड हुँदा दुवैको काल्पनिक संसार तारासरी खसेको पाइन्छ । छुट्टिनुको पीडाले दुवै व्याकुल बनेका छन् । 'म' र 'तिमी' का बीच विछोडमा उत्पन्न भएको पीडा पवित्र प्रेमको परिणाम हो । प्रेममा भएको निस्वार्थी पनले नै दुवैमा छट्पटी उत्पन्न भएको देखिन्छ । यसखाले पवित्र प्रेमको व्यापक प्रयोग बमका गीतमा पाइन्छ ।

उदाहरण 'ख' मा दिलमा 'तिमी' को राज भैसकेकाले पर्दा हटाएर धड्कन मिलाई प्रत्येक पलपलको प्यास मेटाऊ भन्ने आग्रह गरिएको पाइन्छ । यसमा दुई मुटुको पवित्र प्रेमको मिलन भएको पाइन्छ । आपसमा देखापरेका असमझदारी हटाएर ढुक्क भई प्रेमपासमा गाँसिन आग्रह गरिएको छ । मायामा देखिने तिर्खा मेटाऊ भन्ने धारणाले दुवैको मिलन हुन सक्ने संकेत गरिएको छ । उदाहरण 'ग' मा मनको बगैंचामा फुलेको फूलले प्रेमको सुगन्ध छरेको भाव आएको छ। फूल के हो भन्ने थाहा नभएको र प्रेमको वासनाले प्रेमरूपी फूल नै हो भन्ने थाहा पाएको भावात्मक अभिव्यक्तिले पवित्र प्रेमलाई बुझाएको छ । पवित्र प्रेमले व्यक्तिमा उत्पन्न गर्ने निस्वार्थपन,त्याग, समर्पण बलिदान तथा अरूको इच्छालाई महत्त्व दिने प्रवृत्ति र विछोडमा व्याकुल बनेको सन्दर्भ मार्मिक रूपमा व्यक्त भएको छ । बनावटी प्रेम अभिव्यक्त गरिएका केही उदाहरण निम्नानुसार छन् :-

क. आशा धेरै छन्, विश्वास सबको
तर हुन्छ यहाँ विपरित यिनको
यो दुनियाँ कसले चिन्न सक्छ ?
मैले बुझेको कसले भन्न सक्छ ?
('यो दुनियाँ';पृ.३२)

ख. एउटै उच्चवास एउटै सहवास, एउटै कुरा दिलभित्र
भिन्नता कसरी भयो, सोधिरहन्छ मेरो चित्त
('सँगै बस्यौ'; पृ.४०)

उदाहरण 'क' मा मानिसले भन्ने एउटा र गर्ने अर्को भएकाले आशामात्र गर्नु, विश्वास नगर्नु यो दुनियाको बाध्यता हो भन्ने धारणा रहेको छ । प्रेमका नाममा अनेकौं प्रलोभन देखाई स्वार्थपूर्ति गरेर भाग्नेहरूको भीड छ । यो सामाजिक जीवनका विविध पक्षमा लागु हुन्छ । मान्छले जे भन्छ, त्यो गर्दैन र जे गर्छ, त्यो भन्दैन । यस्तो आचरणले समाजमा

विश्वास भत्किदै गएको छ । यो दुनियाँलाई पूर्ण रूपमा कसैले चिन्न सक्दैन भन्ने देखाई हामी जे देख्छौ, त्यो पाउदैनौ र जे पाउछौ त्यो अदृश्य हुन्छ । प्रेममा यस्तो बनावटीपनको बिगबिगी चलेकाले गीतकार बमले यस्तो अपवित्र र घृणित प्रेमका विपक्षमा आफ्नो अभिमत राख्न रुचाएका छन् ।

उदाहरण 'ख' मा एउटै गाँसबास भएको प्रेममा विग्रह कसरी आयो भन्ने प्रश्न आफ्नै मनसँग गरेको भाव अभिव्यक्त छ । बनावटी प्रेममा छिटो विग्रह आउँछ । षड्यन्त्रबाट भएको प्रेम दिगो हुँदैन । कुनै दिन स्वार्थपूर्तिका लागि एउटै गाँसबास बनाए पनि कपटीहरू धोका दिएर बेपत्ता हुन्छन् । हिजोको मिलन आज विछोडमा परिणत हुनुमा बनावटी प्रेमलाई जिम्मेवार देखाएर यसखाले प्रेमले मानवकल्याण गर्न नसक्ने धारणा अघि सारेका छन् । यसकारण प्रेमभित्र लुकेका सकारात्मक र नकारात्मक प्रवृत्तिको उजागर गरी मानव कल्याणका लागि पवित्र प्रेम फैलाउनु पर्ने संन्देशको प्रस्तुतिले बमलाई पवित्र प्रेमको पक्षपतीका रूपमा उभ्याएको छ ।

### ३.२..३.७ चञ्चल भावुकता

बमका गीतमा भावुकताको चञ्चल प्रयोग भएको पाइन्छ । आफ्ना इच्छा, चाहना प्रकट गर्ने क्रममा भावुक लहडले उनका गीत चञ्चल बनेका देखिन्छन् । भावको तीव्रता र चञ्चलताले गीतलाई मार्मिक र जीवन्त बनाएको पाइन्छ । उनका दुईवटा गीतमा मात्र यस्तो भाव रहेको छ । गीतको भावलाई गतिशील र प्रभावपूर्ण बनाउन यस्ता गीतले विशेष भूमिका खेलेको देखिन्छ । विभिन्न वस्तुको सन्दर्भ देखाई आफू त्यस्तै गरिदिने चाहनाले चञ्चल भावुकता प्रयोग भएका गीत उत्कृष्ट बनेका छन् । भावुकताको उच्च प्रायोगले गर्दा बमका गीतमा चञ्चलताले स्थान पाएको हो । भावना अटेसमटेस भएर आउँदा त्यसले चञ्चलरूप ग्रहण गर्छ । चञ्चल भावनामा स्वभाविक अभिव्यक्ति रहेको छ । आफ्ना चाहना पूरा गर्न असम्भवलाई सजिलै पूरा गर्ने सामर्थ्यको वर्णन भावुक चञ्चलता भएका गीतले गरेका छन् । सङ्गीतको ध्वनी, सारङ्गीको तार, सितारको झङ्कार तथा घुघुरुको छमछम जस्तै लय मिलाई दिने मिठासपूर्ण अभिव्यक्ति भावुक चञ्चलताकै रूप हुन् । उनका चञ्चल भावुकता प्रयोग भएका गीतका उदाहरण यस प्रकार छन् :-

क. सङ्गीतको ध्वनिसँगै सबै व्यथा पोखी दिन्छु
सारङ्गीको तारसँगै जिन्दगी नै रेटी दिन्छु
घुघुराको छमछममा जिन्दगी नै बजाई दिन्छु
सुर र तालको तरङ्गमा मनको बह भरी दिन्छु
('सङ्गीतको ध्वनिसँगै'; पृ.२८)

ख.	सम्झनालाई छरी दिन्छु, नीलो आकाश भरि
माया जति पोखी दिन्छु, हरियो धरती भरि
('सम्झनालाई; पृ.३०)

उदाहरण 'क' मा जीवनलाई विभिन्न ढपढाँचा झैं बनाइदिन्छु भन्ने इच्छा प्रकट गरिएको छ । जीवन सोचेजस्तो हुदैन । मानिसले चाहेर पनि जीवनलाई इच्छाअनुसारको बनाउन सक्दैन । यो गीतको अंशमा भने गीतकार बमले जीवनलाई चाहेजस्तो बनाइदिन्छु भन्ने कल्पनाको प्रयोग गरेका छन् । मनभित्रका पीडालाई पनि सङ्गीतको ध्वनि तथा सुरतालको तरङ्गमा अन्त्य गरिदिन्छु भन्ने अभिव्यक्तिले जीवन पीडा मुक्त भएको भाव सञ्चार गराउन सफल भएको छ । सङ्गीत बजाउँदा उत्पन्न ध्वनिको आनन्दमा मनका व्यथा पोखी हलुको बनाउने र सारङ्गी रेट्दा-रेट्दै जिन्दगीलाई बिताई दिने रहरमा भावुक चञ्चलपन मार्मिक रूपमा प्रकट भएको छ । घुघुराको छमछममा जीवनलाई बजाई दिने अभिव्यक्तिले पनि भावुकताको चञ्चलरूपलाई नै प्रकट गरेको छ ।

उदाहरण 'ख' मा भावनालाई पोखिदिने अभिव्यक्ति व्यक्त भएको छ । मनमा सम्झनाका असीमित लहरहरू हुन्छन् । ती क्षणहरूलाई असीमित आकाशमा पोखिदिन्छु भन्ने प्रस्तुतिले आकाशको नीलो रङ्ग सम्झनाको भावले रङ्गिन्छ भन्ने भाव उत्पन्न गराएको छ ।

आकाश र सम्झनाको असीमिततालाई पनि यसले संकेत गरेको छ । मायालाई हरियो धरतीमा पोखिदिने कुराले माया र धरतीलाई सजीव वस्तुका रूपमा चित्रण गरिएको छ । जीवनलाई चाहेजस्तो बनाउन सक्ने आशावादी भावको सञ्चार गराउनमा भावुक चञ्चलता प्रयोग भएका गीतहरू सफल देखिन्छ ।

### ३.२.३.८ कौतुहलता

गीतकार दीर्घसिंह बमका गीतमा कौतुहलताको सुन्दर प्रयोग भएको पाइन्छ । स्रोता वा पाठकलाई निरन्तर जिज्ञासु बनाइराख्न कौतुहलताको प्रयोग भएका गीत सफल रहेका छन् । गीत पढ्दै जाँदा पाठकलाई खुल्दुली हुन्छ । कौतुहलमय ढङ्गबाट गम्भीर विषयलाई सहजरूपमा व्यक्त गर्न यसखाले गीतले विशेष महत्त्व राखेको छ । पाठकलाई उत्सुक र एकाग्र बनाउने क्षमता राख्ने कौतुहलमय गीतहरूमा स्रष्टाको हृदयको धड्कन प्रकट भएको पाइन्छ । स्वभाविक गीतको अभिव्यक्तिले गीतको रूप ग्रहण गर्न पुग्दा कौतुहलताको मिश्रण भएको पाइन्छ । उच्च काल्पनिक उडान,जीवनको विराट चित्रण तथा प्रेमप्रणयको प्रसङ्गलाई कौतुहलमय प्रस्तुतिले रोचकता प्रदान गरेको छ । यस प्रविधिको प्रयोग बमका थोरै गीतमा भएको पाइन्छ । भावलाई आकर्षक, विषयवस्तुलाई गम्भीर र

पाठक /स्रोतालाई जिज्ञासु बनाउन कौतुहलताको प्रयोग भएका गीत उपलब्धिपूर्ण रहेका छन् । उनका कौतुहलमय केही गीतका नमुना यसप्रकार छन् :-

क. कोपिलाको रहर कस्तो फुलु-फुलु लाग्ने
फूल भित्रै भमरालाई ढोका थुनि राख्ने
ढोका खोलु भन्दा भन्दै वासना त उडी सक्यो
('वसन्तको अंगडाईमा'; पृ.५३)

ख. कोपिलाको वासनालाई छेकु छेकु लाग्छ
फक्रिएको यौवन टिपी उडु उडु लाग्छ
मनको मभ्फेरीमा बस्यो किन त्यही फूल
('आँखा भरि सजाइ'; पृ.६०)

ग. सुनु-सुनु लाग्छ सधैं,तिम्रो बोली जताततै
तस्वीर भै छाइदिन्छ, तिम्रो मुहार जताततै
यती ठूलो धरतीमा, देखिदैन केही पनि
मात्र तिम्रो रूपरंग खोजिरहन्छु सधैंभरि
('पीरतीको चोखो'; पृ .६८)

उदाहरण 'क' मा चाहेको कुरा गरुभन्दा भन्दै पूरा हुन नसकेको भाव व्यक्त भएको छ । कोपिलाको विकास फूलमा हुन्छ । उसलाई कहिले फुल्ने भन्ने कौतुहलता जाग्छ । फूलको रस चुस्ने भवरालाई फूलभित्रै थुनेर राख्न मन लाग्छ तर फूलको बासना उडिसक्दा कौतुहलता चरममा पुगेको देखाएको छ । उसले आफूले चाहेका इच्छा पूरा नहुदै सबै कुरा गुमाएको देखिन्छ । कोपिला र भवरा एकअर्काका सुन्दरता हुन् । यी दुवैका माध्यमबाट मानिसका इच्छा, आकांक्षा पूरा गर्न लाग्दा लाग्दै समय गइसकेको कौतुहलमय प्रस्तुतिले यो गीतको अंश रोचक बनेको छ ।

उदाहरण 'ख' मा मनको छट्पटी उत्सुक रूपमा प्रकट भएको देखिन्छ । कोपिला सुन्दर वस्तु हो । त्यसले सबैको मनलाई लोभ्याउँछ । कोपिलाको बासनालाई छोपेर राखी रहुँ भन्ने भनाइले भावनालाई कौतुहलता प्रदान गरेको छ । स्वभावैले बासनालाई छेक्न सकिदैन । मनमा उत्पन्न भएको भावनाले बासनालाई कैदगर्न खोज्दा सम्भव हुन्छ वा हुदैन भन्ने उत्सुकता पैदा भएको देखिन्छ । यौवनलाई सोभ्फो रूपमा टिप्न सकिदैन । यौवन टिपेर उड्न मन लागेको अभिव्यक्तिमा पनि कौतुहलताको सुन्दर प्रयोग भएको देखिन्छ । धेरै फूल हुँदा हुँदै त्यही फूल मात्र किन मनको गहिराईमा बस्यो भन्ने सन्दर्भबाट पनि कौतुहलता उत्पन भएको छ । त्यो फूलले प्रेमी वा प्रेमीका कुनलाई जनाएको हो भन्ने प्रष्ट नहुँदा भ्फन

उत्सुकता थपिएको छ । सिङ्गो गीतको अंशमा रहस्यात्मक ढङ्गबाट भावलाई गहिराई प्रदान गरिएकाले कौतुहलता झन बढेको देखिन्छ ।

उदाहरण 'ग' मा 'म' ले 'तिमी' लाई विशाल धरतीको एक मात्र दृश्य-श्रव्य वस्तुका रूपमा चित्रण गरेको सन्दर्भ रहेको छ । 'म' 'तिमी' को बोलीबाट प्रभावित देखिन्छ । उसको बोली मधुर लागेको पाइन्छ । त्यसकारण उसलाई 'तिमी' कै बोली सुनिरहन मन लागेको छ । उसको बोलीमा भएको कौतुहलताले पनि 'म' लाई उसको बोली प्रिय लागेको देखिन्छ । 'तिमी' को मुहारले पनि 'म' लाई प्रभाव पारेको आशय पाइन्छ । उसको रूप सुन्दर र आकर्षक भएको बोध गराउन चारैतिर उसैलाई हेरिरहन लागेको मनले प्रमाणित गराएको छ । 'म' 'तिमी' को मुहारबाट लट्ठपरी चारैतिर उसैको तस्वीर देखेको महशुस गर्छ । यसले 'तिमी' को मुहारमा पनि कौतुहलता रहेको बताउँछ । धर्तीको विशाल आयाममा अरू देखिदैनन् भन्ने सन्दर्भले कौतुहलतालाई उत्कर्ष विन्दुमा पुऱ्याएको देखिन्छ । उसको रूपरङ्गको खोजीमा सधै भौतारिरहन्छु भन्ने सन्दर्भले उसलाई भेट्ला नभेट्ला भन्ने जिज्ञासा उत्पन्न गराउँन पनि गीतकार सफल छन् । यसकारण विभिन्न विषयवस्तुलाई कौतुहलमय प्रविधिको प्रयोग गरेर रोचक बनाउनु बमको विशिष्ट उपलब्धि हो । कौतुहलताको प्रयोग भएका गीतहरू सामाजिक सन्दर्भका विविध पक्षलाई समेट्न सफल नै छन् ।

### ३.२.३.९ कल्पनाको प्रचुरता

कल्पनाको अत्यधिक प्रयोग बमका गीतको महत्त्वपूर्ण पाटो हो । उच्च काल्पनिक प्रयोगले गीतलाई रोचक र मार्मिक बनाउनु बमको सबल पक्ष देखिन्छ । सम्भाव्य र व्यवहारिक कल्पनाभित्र समाजको प्रस्तुतिलाई अटाएकाले बमका गीत जीवन्त र मधुर बन्न पुगेका छन् । सामाजिक सन्दर्भ तथा प्राकृतिक चित्रणमा केन्द्रित गीतहरूमा पनि कल्पनाको सुन्दर प्रयोग भएको छ । कल्पनाको उच्चता र भावको गम्भीरताले गीतको मर्म झन् कसिलो बनेको देखिन्छ । गीतमा बमको कल्पना आकाश-पाताल, जल-थल स्वर्ग-नर्क सबैतिर घुमेको पाइन्छ । प्रेम सम्बन्धी गीतमा कल्पनाको विशेष प्रयोग भएको छ । मिलन-विछोड आँसु -हाँसो सुख-शान्तिजस्ता प्रसङ्गमा पनि कल्पनिक पुनर्निर्माण भएको देखिन्छ । कल्पनाको प्रयोग गर्ने क्रममा बमका गीत निकै गहिराइमा पुगेका छन् । पाठकको मन छुन यसखाले गीतले सफलता पाएका छन् । जीवनका विविध पक्षलाई सुन्दर कल्पनामा मिसाएर रङ प्रदान गर्ने विधिले गीतको रूप र सारमा विशिष्टता झल्केको देखिन्छ । भावनालाई भावुक बनाई गीतको ओजन बढाउन विशिष्ट कल्पना शक्तिले निकै सहयोग गरेको पाइन्छ । मानवीय आवश्यकताभन्दा परको काल्पनिक संसारको निर्माणमा रमाउदै सिर्जना गरिएका गीतहरूका उदाहरण यसरी देखाउन सकिन्छ :-

क. आवाज दिन्छु चोखो प्रीतिको, बोल्छौ कि कहीं आउँछु भनेर
आकार दिन्छु तिम्रै स्वरूपको, मन्दिर भित्र पाउँछु भनेर
पुजेर तिमीलाई कसरी पाउँ, गरेर माया अर्चना
सम्झेर तिमीलाई कसरी पाउँ, गरेर मात्र कल्पना
विछोडमा विरह कसरी थामु,रोकेर मात्र भावना
('सम्झेर तिमीलाई'; पृ.२०)

ख. तिमी न झुम बरु म झुम्छु, पिलाऊं अरू एक घुट्को थपेर
बोतल भरिको शराब तिमी, पिएर तिमीलाई शरावी भएँ
नशालु तिमी नशा भो मलाई पिएर नशा बेहोसी भएँ
('बोतल भरिको' ; पृ २१)

ग. नदी झैँ बग्ने त्यो तिम्रो माया,झरना झैँ झरेछ
सपना रम्ने आँखामा मेरो पर्दा झैँ खसेछ ।
('विरही माया'; पृ.२४)

घ. कति गहिरो चोट छ भित्र,नत निको हुने,नत सिउन सकिने
कति तड्पन जलेछ भित्र,नत निभी दिने,नत जिउन सकिने
('कति गहिरो'; (पृ..३६)

उदाहरण 'क' मा 'तिमी' को सम्झनामा व्याकुल बनेर कल्पित गरेको भावना व्यक्त भएको छ । यसमा 'तिमी' र 'म' का बीच विछोड भएको आशय भेटिन्छ । 'तिमी'लाई आउँछु भनेर बोल्छौ की भन्ने भावले 'म' ले प्रीतिको चोखो आवाज दिने वाचा गरेको छ । 'तिमी'लाई पाउन मन्दिरमा उसको स्वरूप दिने भावुक कल्पनाको प्रयोग र पूजा गरेर उसलाई भेट्ने प्रङ्गगले काल्पनिक भावलाई सुन्दर बनाएको छ । 'तिमी' लाई पाउन 'म' हरदम सम्झेर बसेको देखिन्छ । उसलाई भेट्ने र सुन्ने 'म' को चाहना पूरा भएको छैन । विछोडको व्यथामा विरह कसरी रोक्ने भन्ने अलमलमा 'म' परेको छ । नायक-नायिकाबीच विछोड हुँदा एकअर्कालाई भेट्न सम्भव नभएपछि भावना र कल्पनाका माध्यमबाट भेट्न प्रयत्न गरिएको काल्पनिक संसारको निर्माण यस अंशमा रहेको छ ।

प्रेमीकाको शरावरूपी नशाबाट प्रेमी शरावी भएको भावले उदाहरण 'ख' काल्पनिक प्रयोगको विशिष्ट नमुना बनेको छ । यसमा प्रेमीलाई शराव र प्रेमीलाई शरावीका रूपमा कल्पना गरिएको देखिन्छ । शराव भेट्टाउदा शरावी खुसी भएजस्तै प्रेमीका भेट्टाउदा प्रेमी हर्षविभोर हुन्छ । प्रेमीकामा शरावको जस्तै नशा दिने शक्ति हुन्छ भन्ने कल्पनाले प्रेमी नशालु बनेको देखाइएको छ । प्रेमीकालाई थप पिलाउन आग्रह गरिएको छ । प्रेमी आफूले

झुम्न चाहेको छ भने प्रेमीकालाई नझुम्ने निर्देशन गरेको छ । शराव र शरावीको सन्दर्भबाट प्रेमीप्रेमीकाको सुखद् मिलन भएको यस गीतांशमा कल्पनाको उत्कृष्ट प्रयोग भएको पाइन्छ । प्रेमीलाई शरावी,प्रेमिकालाई शराव,प्रेमीकालाई नशालुका रूपमा गरिएको कल्पना विशिष्ट र रोमान्समूलक रहेको देखिन्छ । पिउने र पिलाउने सन्दर्भबाट प्रेमीप्रेमीकाको सुखद् मिलनलाई रोमान्टिक ढङ्गले प्रकट गर्नुले यस गीतमा प्रयोग भएको काल्पनिक उच्चता प्रमाणित हुन्छ । उदाहरण 'ग' मा प्रेमयात्रामा बाधापुगेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । नायक नायिकाबीच लामो समयदेखि प्रेम चलेको पाइन्छ । दुवैले निरन्तर रूपमा सम्झदै आएको कुरा नदी झैँ सम्झना बगेको वर्णनले प्रष्ट्याको छ । प्रेमयात्रामा अगाडि बढिरहेकै बेला सम्झना झरना झैँ खसेको कुराले प्रेममा बाधा परेको देखिन्छ । यसले प्रेमीलाई चोट पुगेको देखिन्छ । प्रेमी कल्पना गरेको सुन्दर संसार धमिलो बन्ने डरले त्रस्त देखिएको छ । उसले थुप्रै काल्पनिक सपना बोकेको पाइन्छ । आँखामा सुन्दर सपना सजाउने उसको अगाडि पर्दा खस्दा दुवैको वियोग भएको देखिन्छ । प्रेमीको इच्छा अपुरै रहेको देखिन्छ । लामो समयबाट को प्रणय संसार प्रभावित भएर निरस बन्नाले विरहको भाव जगाउन यो गितांश सफल रहेको छ । यस गितांशमा मायालाई नदीको प्रवाह तथा झरनाको वेग अनि आँखाको पर्दाको रूपमा कल्पना गरी भावलाई गहिराई प्रदान गरिएको छ ।

मनभित्रका चोट पीडालाई न देख्न सकिने न ठीक पार्न सकिने भावुक अभिव्यक्ति उदाहरण 'घ' मा रहेको छ । पीडा मनमा गरिने अनुभूति हो । यो अदृश्य हुन्छ । पीडालाई कम गर्न सुख र शान्ति चाहिन्छ । पीडा बल्झिदै गएपछि असह्य हुन्छ । माया प्रेममा हुने धोका र विछोडबाट उत्पन्न पीडा कम गर्ने उपाय नभएको र त्यस्तो पीडाबाट मर्माहत भएको भाव यस गीतांशमा रहेको छ । भित्रभित्रै प्रेम पीडाले व्यथित भएको मनोविज्ञानलाई कल्पनाले उच्चता प्रदान गरेको छ । भित्र दुख्ने पीडा कम भएको छैन । त्यसलाई सिएर कम गर्न पनि सकिएको छैन । त्यसको जलन बढ्दै गएको पाइन्छ । जलन शान्त पार्ने प्रयास असफल हुँदा मर्न नसकिएको अवस्थाको वर्णनले प्रेम पीडाको छट्पटीलाई यसमा प्रस्तुत गरिएको छ । मानसिक चोटको असर कति गहिरो हुन्छ भन्ने यस गीतको भावलाई काल्पनिकताले अझै विशिष्ट बनाएको छ । मानसिक छट्पटीबाट जीवनमरणको दोसाँधमा पुगेको अवस्थाले पाठकको मनमा चस्का पसेको पाइन्छ ।

प्रस्तुत गीतिसङ्ग्रहका गीतहरूमा कल्पनाको अत्यधिक प्रयोग भएको पाइन्छ । जहाँ पुग्दैन रवि त्यहाँ पुग्छ कवि भन्ने उक्तिलाई यस गीतिसङ्ग्रहका गीतमा प्रयोग भएको कल्पनाले पुष्टि गरेको छ । समाजिक साँस्कृतिक तथा प्रेमप्रणयका विषयवस्तुमा प्रयोग भएको काल्पनिक विराटता प्रशंसा योग्य देखिन्छ । यथार्थ विषयलाई पनि काल्पनिक रङ्गमा मुछेर नवीन उद्देश्य र सन्दर्भ प्रस्तुत गर्न 'विरही माया' गीतिसङ्ग्रहका गीतहरू सक्षम छन् ।

### ३.२.३.१० मनोविज्ञान

'विरही माया' गीतिसङ्ग्रहका गीतहरूमा मनोविज्ञानको प्रयोग राम्रो भएको देखिन्छ। विभिन्न प्रसङ्गमा उत्पन्न पश्चाताप, हर्ष, दु:ख, कारुणिकता, मिलन विछोड आदि अवस्थाले बेग्ला-बेग्लै मनोविज्ञानलाई चित्रण गरेको पाइन्छ । सोझै मनोविज्ञानको प्रस्तुति गीतमा आएको हुदैन । मानवीय स्वभाव रुचि तथा जीवनका बाध्यात्मक परिस्थितिलाई प्रस्तुत गर्ने क्रममा मानसिक अवस्थाका विविधरूपहरूले मनोविज्ञानलाई देखाएको पाइन्छ । स्रष्टाका परिस्थितिजन्य अनुभूतिले पनि फरक–फरक मानसिकताको संकेत गरेको हुन्छ । यस सङ्ग्रहका गीतहरूमा जीवनका विभिन्न अवस्था समेटिएका भावहरू भएका गीत भएकाले पनि भिन्न-भिन्न मानसिक अवस्थालाई दर्शाएका छन् । चाहेको कुरा नपाउँदा मानिस निरास हुन्छ । निरास अवस्थामा व्यक्ति मानसिक रूपमा दु:खी भएको हुन्छ । व्यक्तिको पीडित मनस्थितिको छट्पटी यस सङ्ग्रहका धेरै गीतहरूमा भेटिन्छ । विशेष गरी प्रेममा बाधिएका युवायुवती प्रेमयात्रामा सफल असफल हुँदाको मानसिक अवस्थालाई यस सङ्ग्रहका गीतमा प्रस्तुत गरिएको छ । जस्तै,

क. यो दिलको राज बसेको छ तिम्रै
पर्दा हटाऊ धड्कन मिलाऊ
हर एक पलको प्यास वुझाऊ
('आऊ नजर'; पृ.२९)

ख. केटा :मायाको डोरी,तिम्रै नै हो कि नतान यसरी
मोहनी रूप बैंसालु आँखा, बल्झायो कसरी
केटी :प्रीतिको जाल नफाली हाल, म परे पासोमा
त्यो रूप रङ्ग झन मीठो बोली म फसे हासोमा
('मायाको डोरी'; पृ. ४६)

ग. चोखो माया, चोखै यौवन, लुकाइ राखुँ कसो गरी
यौवनको बगैचामा बैंस फुल्यो ढकमकी
टिप प्रिय केही बोल माया गर लुकीछिपी
('यौवनको'; पृ.७४)

घ. कस्तो तिर्खा कस्तो जलन, किन दियौ जिन्दगीमा
मर्नु बाँच्नु बिर्सी सके किन पार्‍यो दोधारमा
अड्न देऊ, प्रिय तिम्रो,प्यारो - प्यारो अङ्गालोमा
('कहाँ पुगे';पृ.७७)

उदाहरण 'क' मा समर्पणको भाव रहेको छ । तिमीलाई निर्वाधरूपमा प्यास मेटाउन भनेबाट सुखद् मनस्थितिको प्रस्तुति भएको देखिन्छ । नायिकाको मनमा नायक बसिसकेको पाइन्छ । उसले सहर्षरूपमा नायकलाई स्वीकारेको देखिन्छ । त्यसकारण आफ्नो दिलको राज तिम्रै हो भनेको हो । नायकले नायिकाको दिलमा डेरा जमाई सकेको हुँदा स्वतन्त्र रूपमा राज गर्ने वातावरण निर्माण भएको छ । अब एकअर्काको धक मान्ने अवस्था छैन । बिनाडरत्रास प्रेमपासमा बाँधिने वातावरण सिर्जना भएकोले अवरोध हटाइ, धड्कन मिलाउन आग्रह गरेको देखिन्छ । मिलनको क्षणलाई भरपुररूपमा उपयोग गरी प्रेम प्यास मेटाउन गरिएको आग्रहले नायक-नायिका दुवैको सन्तोषमूलक मानसिक मनोविज्ञानको चित्र देखापरेको छ । क्षण-क्षणको प्यास मेटाउन सक्रिय रहेको सन्दर्भले प्रेमरसमा लीन भइरहेको मनोविज्ञान यसमा रहेको देखिन्छ ।

केटा र केटी एकअर्काबाट प्रभावित भई जालोमा अल्झेको सन्दर्भ उदाहरण 'ख' मा रहेको छ । संवादमूलक यस गीतको अंशमा केटा र केटी एकअर्काका लागि प्रेमपासो बनेका छन् । केटालाई कसको मायाले आफूलाई तान्यो प्रष्ट छैन । तैपनि घुमाउरो रूपले तिम्रै हो भने पीडा दिएर नतान्न आग्रह गरेको छ । ऊ केटीको प्रेमले निकै आकर्षित भएको देखिन्छ । केटीको रूप सौन्दर्य र बैंसबाट प्रभावित भएर केटाको मन बल्झेको छ । केटीको मुहार सुन्दर देखिन्छ । ऊ यौवनले फक्रेकी छे । केटीको मोहजालमा फसेको केटा उम्कन नसक्ने अवस्थामा पुगेको देखिन्छ । यसले जटिल मनोविज्ञानलाई चित्रण गरेको छ । केटी केटाले फालेको प्रेमजालमा फसेकी देखिन्छ । ऊ उम्कन नसक्ने जटिलतामा छे । आफूलाई पासोमा फसेको भनाइले जटिल मनोविज्ञानलाई बुझाएको छ । केटाको रूपरङ्ग सुन्दर देखिन्छ । बोली मधुर छ भने हाँसो लोभलाग्दो देखिन्छ । मीठो बोली र हाँसोमा फसेकी केटी र बैंसालु आँखा र मोहनीरूपमा फसेको केटा दुवैले प्रेमजालले जेलिएको महशुस गरेकाले यसमा जटिल मानसिक आस्थालाई उभ्याएको छ ।

उदाहरण' ग' मा यौवनले फुलेकी प्रेमीकालाई बैंस लुकाएर राख्न धौ -धौ परेकाले प्रियलाई टिप्न आग्रह गरिएको भाव रहेको छ । प्रेमीका जवान अवस्थामा पुगेकी छे । जवानीले भरिएकी ऊ फूलझैं ढकमक सुन्दर देखिन्छ । उसले अहिलेसम्म प्रेम गरेको पाइदैन । उसको मायामा पवित्रता छ भने यौवनमा चोखोपन छ । आफ्नो यौवन सुरक्षित पारेर राखेको देखिन्छ । अटेसमटेस भएर आएको यौवनले निकास खोज्दै गरेको भाव व्यक्त छ । यस्तोमा उसलाई यौवन लुकाएर राख्न हम्मेहम्मे भएकाले प्रियलाई माया टिप्न आग्रह गरेकी छे । उसले माया भेटाएको देखिदैन । त्यसकारण प्रियलाई माया गरेर केही बोलेर शान्त पार्न भन्छे । स्वतन्त्र रूपमा प्रेम गर्न उसले अप्ठ्यारो मानेको देखिन्छ । मायालुलाई लुकिछिपी माया गर भन्ने उद्गारले उसको त्रसित मनोविज्ञानलाई देखाएको छ । यसमा

बैंसको प्यास मेटाउन हतार भएको युवतीको आतुर मनस्तिथि र कसैले देख्ला भन्ने त्रसित मानसिक अवस्थाको सुन्दर प्रंयोग देखिन्छ ।

प्रेमको तिर्खा र जलनले गलेकी प्रेमीकाले प्रेमीको अङ्गालोमा अड्न पाउन गरेको आग्रह उदाहरण 'घ' मा छ । प्रेमले व्याकुल बनेकी प्रेमीकाको व्यथित मनोविज्ञानलाई यस गीतांशले प्रस्तुत गरेको छ । उसले प्रेमको प्यास मेट्न पाएकी छैन । प्रेममा हुने जलन र तिर्खाले प्रेमीका नराम्ररी पीडित भएकी देखिन्छे । त्यसकारण उसले जीवनमा किन जलन र तिर्खा दियौ भनेर प्रश्न पनि गरेकी छे । उसको मनस्थिति दुविधाग्रस्त देखिन्छ । न मर्न सक्ने न बाँच्न सक्ने भएकी छे । प्रेमीको न्यानो काख उसले पाएको देखिदैन । प्रेंमीलाई काखमा अड्न दिन उसले गरेको आग्रहले प्रेमबाट विक्षिप्त भएको मानसिक अवस्थालाई शान्त पार्न खोजिएको देखिन्छ । जीवनभर प्रेमको छट्पटीमा बाचेकी उसले प्रेमसुखको अनुभूति गर्न पाएको देखिदैन । उसको जीवन प्रेमकै कारण अलपत्र भएको देखिन्छ । आफ्नो प्रेमरूपी थकानलाई मेटाउन न्यानो अङ्गालोको खोजिमा हतारिएको मनोविज्ञान यस गीतांशमा भेटिन्छ ।

मान्छेका प्राप्ति अप्राप्तिका अनुभूतिमा देखापर्ने मानसिक अवस्थालाई यस गीतिसङ्ग्रहका गीतमा चित्रण गरेको देखिन्छ । प्रेममा दुःख पाएको मानसिक पीडा तथा संयोगको मिलनले सिर्जना गरेको हर्षजस्ता अवस्थामा मानसिक रूपमा देखिने प्रफुल्लताको सजीव चित्रण थुप्रै गीतमा भेटिन्छ । यसकारण व्यक्तिको बेग्ला-बेग्लै परिवेश, मानसिक आस्थामा देखिने मनोविज्ञानको प्रस्तुति गर्न 'विरही माया' का गीतहरू सफल देखिन्छन् ।

### ३.२.३.११ विसङ्गतिवादी तथा अस्तित्ववादी भाव

'विरही माया' गीतिसङग्रहका गीतहरूमा मानवीय मूल्य, मान्यता, चाहना तथा उसका क्रियाकलापलाई निरर्थकता प्रदान गरेको देखिन्छ भने विसङ्गत समाजमा बाँचेको मानिसको अस्तित्व पनि खोजिएको छ । मानिस आफ्नो लागि आफै निर्णय गर्छ । उसले गरेको निर्णयको परिणाम आफैले भोगेकाजस्ता घटना यसमा रहेका छन् । समाजमा बढ्दै गएका विकृति तथा रित्तिदै गएका समाजिक मूल्यहरूको प्रभाव व्यक्तिमा बढ्दै गएको पाइन्छ । आजको मानिस जे देखिन्छ, त्यो हुदैन र जे हुन्छ,त्यो देखिदैन । आडम्बर र बनावटीपनले मानिसको वास्तविक स्वरूप ठम्याउन गाह्रो छ । बमका गीतमा गिर्दै गएको मानवीय मूल्यलाई निराश ढङ्गले उल्लेख गरिएको देखिन्छ । विसङ्गतिलाई बमले गीतमा चित्रण गरेका भए पनि अस्तित्वको दावा भने छिपछिपे रूपमा मात्र प्रकट गरेका छन् । उनका यस्ता भाव भएका गीतहरू निम्न छन् :-

क .	निको हुदैन गहिरो चोट, दिलैमा लागेर
यो पश्चातापको, घडीलाई हेरी केगरु बाँचेर
प्रेमको फूल कलिलो बैस ओइलियो कसरी
('पिरोली रहयो त्यो तिम्रो'; पृ .६७)

ख.	यो दुनियाँ कति मन दुखाउँछ, कति दिल जलाउँछ
अनि आफन्तलाई नै बिरानो बनाउँछ
('यो दुनियाँ कहिले'; पृ .७५)

ग.	आँसु पुछेर के भो जब धर्ती नै चिरिन्छ
जीवन रहेर के भो जब लास नै भैदिन्छ
मायाको मोल हुन्छ कहाँ बजार त देखिदैन
प्रेमीको प्रेम हुन्छ जहाँ बन्धन त देखिदैन
('आँसु पुछेर'; पृ. ७९)

उदाहरण 'क' मा पछुतो मानेर बाच्नुको अर्थ छैन भन्ने भाव रहेको छ । दिलको गहिरो चोट ठीक नहुँदा पश्चातापमा अल्झेर बाच्नुको विवशताले विसङ्गत पक्षको उजागर गरेको छ । जीवन जिएर के गर्ने भन्ने जीवन विरोधी भाव विसङ्गतिको सुन्दर नमुना हो । उदाहरण 'ख' मा आफन्त नै पराइ बनेको सन्दर्भ देखन्छ । यो दुनियाँमा बढदै गएको विकृतिले मानिस दु.खी बनेको पाइन्छ उसको मनमा शान्ति हुदैन । अनेक षड्यन्त्र र स्वार्थले आफ्ना पनि पराइ बनेका भन्ने उद्गारले सामाजिक विसङ्गतिलाई सङ्केत गरिएको छ ।

उदाहरण 'ग' मा बाचेर पनि मानिस लास बनेको विसङ्गतिपूर्ण भाव रहेको पाइन्छ । धर्ती नै चिरिन्छ भने आँसु पुछ्नुको अर्थ हुदैन । मानिस बाचेर पनि केही गर्न सक्दैन भने मरेतुल्य हुन्छ । अनेकौ बाध्यताले मानिस चारैतिरबाट घेरिएको छ । मायाप्रेममा पनि पैसाको मोलतोल हुन्छ । प्रेमको महानता र पवित्रता बजारमा विक्री हुनु सामाजिक विसङ्गतिको चरम हो । यसकारण यहाँ मान्छे आफ्नो सक्कली रूप छोडेर पूरै आडम्बरी बनेकाले सबै समाज विसङ्गतिको रापले रापिदै गएको तथ्यलाई प्रस्तुत गरिएको छ । यस्तोबाट बच्न मानिसले अस्तित्वको खोजी गर्नु पर्ने सन्देश अप्रत्यक्षरूपमा आएको छ ।

### ३.२.३.१२ भाग्यवादी दृष्टिकोण

ईश्वरीय आस्था 'विरही माया' गीतिसङ्ग्रहका गीतहरूमा भाग्यवादका रूपमा व्यक्त भएको देखिन्छ । मान्छेले चाहदैमा सबैकुरा पूरा हुँदैनन् । उसले गरेका क्रियाकलाप सम्पन्न

हुन भाग्यले साथ दिनु पर्छ । कसले के गऱ्यो भन्नेभन्दा पनि भाग्य ठूलो हुन्छ । मानिसका सबै क्रियाकलाप भाग्यद्वारा नै निर्देशित भएका हुन्छन् । राम्रो नराम्रो भाग्यकै प्रतिफल हो । मानिस भाग्यको फल भोग्न विवश हुन्छ । भाग्यले नै मानिसलाई सपार्ने र बिगार्ने गर्छ भन्नेजस्ता भाग्यलाई उच्च महत्त्व दिएर सिर्जना गरिएका गीतहरू यस सङ्ग्रहमा रहेका छन् । मानिसले जन्मदै भाग्य लिएर आएको हुन्छ । उसको लेखालाई कसैले मेट्न सक्दैन । भाग्यकै कारण मानिस सुखी दुःखी हुन्छ । भाग्यद्वारा नै मानिसका क्रियाकलाप सञ्चालित हुन्छन् । मानिसका बाहिरी क्रियाकलापहरूको सार भाग्य हो । त्यसकारण सुख-दुःख, मिलन-विछोड, आँसु- हाँसो, राग-वैराग सबै भाग्यकै फल हुन भन्ने धारणा बमका गीतमा जीवन्त बनेर आएको पाइन्छ । विभिन्न घटना सन्दर्भलाई भाग्यका रूपमा चित्रण गरेका केही गीतका उदाहरण यसरी देखाउन सकिन्छ ।

(क) हिजोको मिलन सधैंको विछोड, सहनु कसरी
फुटेको भाग्य जोडेकै थिए, मन जोडु कसरी
उल्लास जीवन उदास भयो कुन पापी कर्मैले
सिउँदोको सिन्दुर पखाली दियो कुन पापी कर्मैले
हातको चुरा फुटाली दियो कुन पापी धर्मैले
('सिउँदोको सिन्दुर'; पृ. १४)

(ख) तक्दिरको खेल एउटै, विपत्तिलाई खेली रहनु
भन्थ्यो मेरो भाग्य सधैं, सके जति सही दिनु
भूमरीमा खेली रहने धोको, मेरो कहाँ थियो
('आँसुसँगै'; पृ. २३))

(ग) जिन्दगी हो मेला, सबै बिक्न सक्छ कसले भन्न सक्छ
भावीले भाग्य, लेख्न बिर्सेछ, कसले फेर्न सक्छ
('आँखा वरिपरि'; पृ. २५)

(घ) नबिर्सने याद रह्यो, पीरको निशानी
पीरै पीरले जलाई दियो, सुनौला बिहानी
भनुँ म कसरी भनुँ वेदनाको छट्पटाई
लेखुँ म कसरी लेखुँ आफ्नो भाग्य आफै सजाई
भावीले तक्दिर लेख्यो, बाँची रहनु आँसु बगाई
('लेखुँ म कसरी'; पृ. ३८)

(ङ) यसरी नै फुल्छ वनपाखा हेरी
कसले भाग्य रेखा कोर्छ चिना हेरी-हेरी
कसले तक्दिर लेख्छ, भाग्य रेखा कोरी
('जिन्दगी हो'; पृ. ४४)

भाग्यको कारण सुखी जीवन दुःखी भएको भाव उदाहरण 'क' मा रहेको छ । भाग्यले गर्दा हिजोसम्म जीवन सुखी थियो भने त्यही भाग्यले गर्दा सधैंको विछोड गरायो । यो असह्य पीडाले मन टुटेको देखिन्छ । फुटेको भाग्यमा चित्त बुझाउन सकिए पनि मन टुट्दा जोड्न सकिएको छैन । उल्लासमय जीवन उदास बनेको देखिन्छ । जीवनका सबै हर्ष र खुसी भाग्यले लुटेको पाइन्छ । हातको चुरा फुटेको र सिन्दुर पखालिनु परेको सन्दर्भले नारी विधवा बनेकी देखिन्छन् । पति वियोगमा चिन्तित नारीको भाग्यवादी मनस्थितिलाई यस गीतांशले चित्रण गरेको छ । हिजोसम्म पति सुखमा रमाएकी नारी लोग्नेको मृत्युले विछोडिनु पर्दा आफ्नै भाग्यलाई सराप्न पुगेकी छे । उनले यो मिलन र विछोड कर्मको खेल हो भन्ने धारणा प्रकट गरेको पाइन्छ ।

उखाहरण 'ख' मा दुःखी बन्ने रहर नभए पनि आफ्नो भाग्यले दुःखी बनाएको भाव रहको छ । भावीले लेखेको भाग्य फेर्न नसकिने भाव उदाहरण 'ग' मा आएको छ । जीवन मेला हो । सोचेजस्तो हुँदैन । भावीले सबैलाई सुखी बनाएको हुँदैन । उसको लेखनी कसैले फेर्न सक्दैन । भावीको लेखन एकै चोटी लेखिने हुँदा मानिसले बदल्न सक्दैन भन्ने भाव यसमा रहेको छ ।

उदाहरण 'घ' मा भावीले दुःखी बनाएको तक्दिर आफै सजाएर लेख्न नसकिने हुँदा जीवन वेदनामय भएको धारणा रहेको छ । जीवनका सबै खुसी बेदनाले जलाएको देखिन्छ । दुःखका क्षणले कहिल्यै नमेटिने छाप लाएको पाइन्छ । यसमा वेदनाको छट्पटी भन्न नसकिएको देखिन्छ । भाग्य लेख्नेले नै जीवनलाई दुःखी बनाएको स्वीकारोक्ति पाइन्छ । जीवन दुःख र पीरले जेलिएकाले छुट्कारा पाउन आफ्नो भाग्यलाई कसरी सजाऊ भन्ने सन्दर्भले जीवनलाई पूरै भाग्यमा आधारित बनाएको भाव यसमा देखिन्छ ।

उदाहरण 'ङ' मा वनपाखामा फूल आफै फुलेजस्तै भाग्यरेखा पनि प्राकृतिक रूपमा कोरिन्छ भन्ने भाव रहेको छ । फूललाई कसैले फुलाउनु पर्दैन । फुल्ने उसको स्वभाव हो । मानिसको भाग्य पनि चिना हेरेर कोर्न सकिदैन । चिनाले मानिसको भाग्यलाई निर्धारण गर्न सक्दैन । भाग्यरेखा हेरेर मानिसको तक्दिर कसैले थाहा पाउँदैन । यसमा हात र चिना हेराउने प्रवृत्तिमा असहमति जनाई भाग्य जन्मजात रूपमा आउने मान्यतालाई समर्थन गरिएको छ ।

बमका भाग्यवादी गीतहरू भाग्यवादी कोणबाट हेर्दा उत्कृष्ट रहेका देखिन्छन् । यस्ता गीतहरूको मूल उद्देश्य नै भाग्यलाई महत्त्वदिनु रहेको पाइन्छ । आफ्नो उद्देश्यमा भाग्यवादी गीतहरूपूर्ण सफल भएका पाइन्छ । मानिसको जीवन र भाग्यको सम्बन्ध देखाएर जीवन पूर्णरूपमा भाग्यद्वारा सञ्चालित हुने कुरा विभिन्न घटना सन्दर्भबाट प्रस्तुत गर्न सफल रहेका छन् । जीवन भन्नु नै भाग्य हो । भाग्यकै कारण जीवन सुखी र दुःखी हुन्छ । भाग्यमा नभएको कुरा मानिसले चाहेर पनि पाउन सक्दैन । मानिसले नचाहेर पनि भाग्यको फल भोग्नै पर्छ । त्यसकारण जीवन भाग्यको खेल हो भन्ने मान्यतालाई देखाउन सफल भएका हुँदा यस्ता गीत उद्देश्य अनुरूप ठीकै रहेका छन् ।

### ३.२.३.१३ आध्यात्मिकता र दार्शनिकता

बमको 'विरही माया' गीतिसङ्ग्रहका गीतहरुमा आध्यात्मिकता र दार्शनिकताको पनि प्रयोग भएको पाइन्छ । ईश्वरीय आस्थालाई स्वीकार्ने बमका गीतमा उनको जीवन दृष्टिको पनि छाप पाइन्छ । अदृश्य शक्तिका  कारण संसार गतिशील छ । ईश्वरबिना संसार सञ्चालित हुन सक्दैन भन्ने धारणाबाट उनका गीत प्रभावित भएका छन्। उनका गीतमा कुनै विशेष शक्तिलाई संसारको चालक, पालकका रूपमा स्वीकारेको पाइन्छ र सृष्टि, स्थिति र विनाशको जिम्मा पनि त्यही शक्तिलाई मानेको हुँदा दार्शनिकता पनि सँगै आएको छ । बमका गीतमा ईश्वर वा रहस्यात्मक शक्तिको वर्णन कही प्रेमीकाका रूपमा, कहीं आफ्नै शरीरका अंगका रूपमा, कहीं प्रकृतिका रूपमा, कहीं दुःखका रूपमा, कहीं सुखका रूपमा, कहीं जीवनका रूपमा, कहीं सृष्टिको नियमको रूपमा गरेको पाइन्छ । यस्ता आध्यात्मिक गीतहरूमा मिलन-विछोड, मर्नु-जन्मनुजस्ताा सांसारिक क्रियाकलापका दार्शनिक पक्ष पनि समावेश भएका छन् । यस्ता गीतहरूमा गीतकारले आध्यात्मिक शक्तिलाई प्रत्यक्ष रूपमा लिएर अप्रत्यक्ष रुपमा प्रकट गरेको हुँदा एक्कासी हेर्दा प्रणयकाजस्ता देखिए पनि अप्रत्यक्ष रूपमा आध्यात्मिका भाव आएका हुन्छन् । आध्यात्मिक र दार्शनिक भाव आएका गीतका उदाहरण यस प्रकार छन्:-

क. जहाज डुब्यो सागर बीच, आकाश धरती हेरी रहेछन्  
रहेछ सोला मनुष्य चोला, प्रेमीले प्रेम फेरि रहेछन्  
कसैको सुरु कसैको अन्त, घुम्दछ जीवन बाटो सरी  
('यो जिन्दगीको'; पृ.१५)

ख आकाश नीलो कहाँ छ, गहिराईको तहमा  
मायाको बास कहाँ छ, तिम्रै मुटुको दहमा

आऊ पुजारी भई खोला पवित्र मन्दिर
आऊ सजाई देऊ पावन पवित्र मन्दिर
('आउ सजाई'; पृ.१९)

ग कस्तो रहेछ जीवन,आभाष हुने बुझ्नै नसकिने
कस्तो रहेछ जिन्दगी, कहिले रुवाउने, कहिले हसाउने
आशा र विश्वास, यही जीवन धारा
बग्दछन् इच्छा, अनि मोह सारा
पहेलियो जीवन अनन्त झैं टाढा
बुझाउनको सक्छ र यो परिभाषा
('कस्तो रहेछ'; पृ ४३)

घ. लेखेको कुरा नमेट्दो रहेछ, मेटु म कसरी
दैवको खेल रहेछ झेल, सहुँ म कसरी
प्रेमको दियो निभाई दियो, कुन पापी दैवले
सिउँदोको सिन्दुर पखाली दियो, कुन पापी कर्मैले
हातको चुरा फुटाली दियो कुन पापी धर्मैले
('सिउँदोको सिन्दुर'; पृ १४)

यी चारओटा उदाहरणमा आध्यात्मवादी र दार्शनिक धारणा आएको पाइन्छ । उदाहरण 'क' मा अन्त्य र आरम्भको सिलसिलाबाट संसार चलिरहने दार्शनिक धारणा रहेको छ । जीवनको जहाज डुबेको दृष्य आकाश र धरतीले हेरिरहेको प्रसङ्गले जीवनको गहिराईलाई छोएको पाइन्छ । मानिसको जीवन कष्टमय यात्रा हो ।प्रेमीले प्रेम परिवर्तन गरेबाट संसारको गतिशीलतालाई संङ्केत गरिएको छ । जीवनको अन्त्य र सुरु एकै चोटी नभए जस्तै मानिसको उन्नति र अवन्नति क्रमिक रूपमा घुमिरहन्छ । जीवनको उतारचढाबलाई नियमित प्रक्रियाका रूपमा प्रस्तुत गितांशमा चित्रण गरिएको छ । उदाहरण 'ख' मा दार्शनिक र आध्यात्मिक धारणा एकैसाथ आएको देखिन्छ । पहिला दुई पंक्तिमा आकाशको रङ नीलो छैन, गहिराइका कारण नीलो देखिएको हो । माया मानिसको मुटुमा रहन्छ । मायालाई मानिसको मुटुको दहले गहनता प्रदान गरेझै आकाशलाई लामो दूरीले नीलो बनाएको भन्ने धारणा रहेको पाइन्छ । दोस्रा दुई पंक्तिमा आध्यात्मवादी भावना देखिन्छ । पुजारी भई पवित्र मन्दिरमा आएर सजाई दिन आग्रह गरेको देखिन्छ । मन्दिरलाई पवित्र पार्ने काम पुजारीले गर्छ । पवित्र धारणासाथ धर्तीलाई सिँगार्न गरिएको आग्रहमा भक्तिभाव झुल्किएको छ ।

उदाहरण 'ग' मा जीवनको व्यापकता सम्बन्धी भाव आएको पाइन्छ । जीवन नबुझ्न सकिने खालको छ । यसको व्यापकतालाई परिभाषामा कैद गर्न सकिदैन । जीवन कहिले दुःखी र कहिले सुखी हुने भएकाले आभाष मात्र गर्न सकिन्छ, बुझ्न सकिदैन । मानिसका इच्छा, चाहना तथा आशा र विश्वासको धाराबाट जीवन प्रभावित भइरहन्छ । कहिले जीवन अन्त्य झैं पहेलो देखिन्छ । जीवनमा यस्ता खाले आरोह-अवरोह आउने भएकाले यसलाई कुनै परिभाषामा खुम्च्याएर राख्न सकिदैन भन्ने दार्शनिक मूल्यले यो अंश प्रेरित देखिन्छ । उदाहरण 'घ' आध्यात्मवादी धारणाको नमुना हो । यसमा दैवको खेल अचम्म लाग्दो छ भन्ने भाव देखिन्छ । मानिसको भाग्यमा लेखिएको कुरा मेटिदैन । ईश्वरको लीला सहन अप्ठ्यारो भएको भाव यसमा छ । सिन्दुर पखालिनु, चुरा फुट्नु र प्रेमको दियो निभ्नुमा ईश्वरलाई जिम्मेवार ठानिएको छ । सुख र दुःखको कारक ईश्वरलाई देखाएर ईश्वरीय सत्ता सहन गाह्रो भएको भावबाट भक्ति भावना प्रकट भएको देखिन्छ ।

यी उदाहरणबाट 'विरही माया' गीतिसङ्ग्रहका गीतमा भक्तिभाव र दार्शनिक मान्यता रहेको पुष्टि हुन्छ । संसारको अस्तित्व दैवी शक्तिमा रहन्छ । ईश्वर नै सबै भाव-अभावको कारक हो । ईश्वर अनेक रुपमा क्रियाशील भइरहन्छ भन्ने भक्तिभावका गीतहरु यसमा समेटिएका छन् भने जीवनको विराटता, मिलन-विछोड तथा संसारको रहस्यात्मकताजस्ता दार्शनिक मूल्यलाई पनि यसमा समाविष्ट गीतहरुले चित्रण गरेका पाइन्छ ।

### ३.२.३.१४ सामाजिक सांस्कृतिक चित्रण

गीतकार सामाजिक व्यक्ति हुने भएकाले उसले सिर्जनामा जीवन जगत् तथा आफ्नो समाजको चित्र पनि उतारेको हुन्छ । गीतकार बमले समाज चित्रणलाई र सांस्कृतिक चित्रणलाई मात्र विषयवस्तु बनाएर गीत रचना गरेका छैनन् तापनि नेपालको सामाजिक र साँस्कृतिक चित्रणलाई भने धेरै महत्त्व दिएका छन् । साँस्कृतिक चित्रणको क्रममा गीतकारले नेपालको विविध सामाजिक पक्षको सुन्दर चित्रण गरेका छन् । अलौकिक सिर्जनशील प्रेमीकाको समाज, वर्गीय असमानताको समाज, शान्तिप्रेमीहरूको समाज, देशभक्तहरूको समाज, आफ्नो प्रेमी विछोडिदा उसको प्रतीक्षा गर्ने नायिकाको समाज, जवानीको आवेगमा भूल गरेर पछुताउनेको समाज, प्रेमपीडितहरूको समाज, धार्मिक समाज, सालीभिनाजु बीचको समाज, यस गीतसङ्ग्रहमा समेटिएको छ । बमका प्रत्येक गीतमा विभिन्न समाज र संस्कृति मिश्रित भएको पाइन्छ । नेपाली समाजमा विद्यमान मिलन-विछोड, सुख-दुख, प्रेम-प्रणय, चाडपर्व शान्तिप्रियता आदि संस्कृतिका साथै हिन्दु धर्मका आधारमा आउने पापपुण्य, भाग्यजस्ता प्रवृत्तिहरू उनका गीतमा आएको पाइन्छ । प्रेमप्रणयले सफल र असफल बनाएका प्रेमजोडीहरूको व्यथित मनोविज्ञानले यस सङ्ग्रहका

गीतहरू रङ्गिन बनेका छन् । पात्रहरूको मनोविज्ञान नेपाली समाज र संस्कृतिबाट प्रभावित देखिन्छ । पात्रहरुका क्रियाकलाप, जीवन भोगाइ तथा जीवन-दृष्टि पनि नेपाली परिवेशले भिजेको देखिन्छ । प्रेमी आउँछ भनेर प्रतीक्षामा रहेकी प्रेमीकाको मनस्थितिलाई गीतकारले यसरी चित्रण गरेका छन् –

आँखा लोलाएका आँखा
पुनर्मिलन हुन्छ भनि गरी देउन भाखा ।
('माया नै लाऊ'; पृ. २६)

माथिको उदाहरणमा पुनर्मिलनको प्रतीक्षा गरिएको भाव व्यक्त भएको छ । प्रतीक्षाले आँखा लोलाएका छन् । भेट्ने खुसीले आँखा आतुर भएकाले फेरि मिलन हुन्छ भनेर वाचा गर्न आग्रह गरिएको पाइन्छ । यसमा विछोड हुन लागेको अवस्था देखिन्छ । विछोडमा फेरि भेट गर्ने वाचा गर्न गरिएको आग्रहले विछोड क्षणिक हुने देखिन्छ । यहाँ कामको सिलसिलामा प्रेमीप्रेमीकाबाट टाढा हुनुपर्ने बाध्यताले नेपाली समाजको सजीव चित्र उतारेको छ । गीतकारले यस गीतिसङ्ग्रहका गीतमा सालीभिनाजु बीचको ठट्टालाई यसरी प्रस्तुत गरेका छन्: -

केटाः फूल फुल्यो साली, बारीमा केतुकी
भोलि हुन्न साली, आजै रात भेटुकी
मुग्लिन बजार, ज्यू-ज्यान एउटै छ
केटी हजार

केटीः फूल फुल्यो भिना, खोलीमा असारे
हुति छैन भिना, कुरा छ चेपारे
फिस्लींग बजार, ज्यू-ज्यान एउटै छ
केटा हजार
('फूल फुल्यो', पृ. ४१)

माथिको उदाहरणमा साली र भिनाजुका बीचको हास्यव्यङ्ग्य प्रस्तुत भएको छ । यसले नेपाली समाजमा सालीभिनाजुमा हुने ख्यालठट्टाजस्तो सांस्कृतिक समाजलाई चित्रण गरेको छ । यहाँ बारीमा फूल फुलेको सन्दर्भले साली यौवनले फक्री सकेकी भन्ने संकेत गरेको देखिन्छ । उसको यौवनबाट भिनाजु लोभिएका देखिन्छन् । त्यसैले ऊनी सालीलाई प्रेमपासमा बाध्न आजै रात भेट्ने कुरा गर्छन् । उनी सालीसँग भेट्न आतुर भएको पाइन्छ । भेटलाई पर सार्नेमा भिनाजु असहमत छन् । फूल फुलेको सन्दर्भ र भेट्न हतार गरेको कारणबाट भिनाजुको सालीसँग फूल फुलेको सन्दर्भ र भेट्न हतार गरेको

कारणबाट भिनाजुको सालीसँग प्रेमरसमा डुब्ने मनोदशालाई चित्रण गरेको छ । यसका लागि उपयुक्त स्थल मुग्लिनलाई मानिएको छ । मुग्लिन बजार पनि धेरै सुन्दरीले प्रेममय बनेको देखिन्छ । सालीले फुलेको फूल टिप्ने भिनाको औकात नभएको बताएकी छे । भिनाजुको कुरामा सालीको शालीन असहमति देखिन्छ । उनले व्यंग्य गरी हिम्मत नभएको भन्ने आरोप पनि लाएकी छिन् । कुरा मात्रै चेपारे गर्ने आँट छ भने हिम्मत गर्न चुनौती पनि दिएकी छन् । फिस्लिङ बजारको सन्दर्भबाट केटाको आफूलाई अभाव नभएको धारणा व्यक्त गरेकी छिन् । सालीभिनाको यो रमाइलो ठट्टाले नेपाली समाजको सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ । त्यस्तै तलको उदाहरणले वसन्त ऋतु र फलफूलको चित्रण गरेको छः-

ऐंसेलु मीठो कता हो कता, वैशाख हुनाले
यौवन ढल्के पछुताउ होला, लाज मानी बस्नाले
चिसो बदन ढाकुला, तातो गरी राखुला
दुई जना मिलेर
('पापी मन', पृ. ३४)

बमका यस गीतिसङ्ग्रहका गीतहरूमा विभिन्न समाजहरू सजीव रूपमा चित्रित भएर आएका छन् । प्रत्येक समाजसँग त्यस समाजको संस्कृति पनि सँगै आएकाले गीतकारले सामाजिक-साँस्कृतिक चित्रण सचेत भएर उतारेको देखिन्छ ।

## ३.२.३.१५ वैचारिकता

साहित्यमा विचारको सोझै प्रयोग गरेमा त्यो सिर्जना कोरा नारा मात्र हुन्छ । त्यसकारण सिर्जनामा सोझै वैचारिकता प्रयोग गर्नु राम्रो हुँदैन । गीतजस्तो भावना प्रधान विधाले त वैचारिकतालाई ग्रहण गर्न सक्तैन । जबरजस्ती वैचारिकता लाद्यो भने त्यस्तो गीतले स्रोता / पाठकको मन छुन सक्दैन । गीतकार बमले आफ्ना गीतहरूमा विचारलाई सोझै प्रस्तुत गरेका छैनन् । विचारको अभिव्यक्ति सोझै नगर्दा नगर्दै पनि जीवन जगत्प्रतिका दृष्टिकोण भने अवस्थाअनुसार आएका छन् । सिर्जनामा सर्वथा विचारको उपेक्षा गर्न पनि सकिदैन । सिर्जनालाई जति विचार शून्य बनाउन खोजे पनि कुनै न कुनै रूपमा विचारको उपस्थिति भई हाल्छ । उनका गीतमा आएका वैचारिकतालाई यसरी हेर्न सकिन्छ । जस्तैः

चङ्गा उडी पर गयो, धागो अल्झेर बल्झि रह्यो
जीवनको सार यत्ति न हो, गहको भाषा बल्झि रह्यो ।
('यो जिन्दगीको', पृ. १५)

माथिको उदाहरणमा जीवनको सार भनेको सम्झना मात्रै हो भन्ने धारणा रहेको छ । जीवन सधैं रहँदैन । मानिस सधैं एकै ठाउँमा बस्न पनि सक्दैन । अवस्था र परिस्थितिले उसले विभिन्न ठाउँमा जानुपर्ने हुन्छ । भौगोलिक दूरी बढे पनि सम्झनाले मानिसलाई नजिक बनाउँछ । चङ्गालाई हावाले उडाएर आकाशमा लैजान्छ । तर धागोले चङ्गालाई नियन्त्रण गरे झैं सम्झनाले मानिसको जीवनलाई बल्झाइरहन्छ । जीवनको सार भनेको नै यही सम्झना हो भन्ने विचार यस गीतांशमा देखिन्छ । दुःखी मानिसले सुख पाउँदैनन् भन्ने सार्भभौम विचार तलको अंशमा आएको छ –

टुटेको हाँगा, खसेछ कहाँ
फुटेको भाग्य जोडिन्छ कहाँ
('टुटेको हाँगा', पृ. ३३)

गीतकार बमका केही गीतहरूमा आशावादी विचारको प्रस्तुति हुन्छ भने केही गीतमा निराशावादी स्वर पनि पाइन्छ । उनका कुनै गीतमा वैचारिकता दार्शनिक रूपमा प्रकट भएको देखिन्छ । वैचारिकताको सशक्त प्रस्तुति भएको गीतको एउटा अंश यस्तो छ–

मन्दिर बनाउँछ देवता रचाउँछ
आफै कता हो, सधैं नै हराउँछ
तृप्ती नहुने चाहना सजाउँछ
धोको नमेट्दै एक दिन बिलाउँछ
कस्तो रहेछ दर्पण, आफ्नै स्वरूप आफै जिस्क्याउने
('कस्तो रहेछ'; पृ. ४३)

माथिको उदाहरणमा मानिसको विचित्र स्वभावलाई प्रकट गरिएको छ । मानिस असन्तोषी प्राणी हो । ऊ आफ्ना कार्यमा कहिल्यै सन्तुष्ट रहँदैन । सन्तुष्टि मेटाउन मानिस नयाँ-नयाँ सिर्जना गर्दै जान्छ । सिर्जनाकै क्रममा उसले मन्दिरको निर्माण गरी देवताको रचना गर्छ । मन्दिरको निर्माता मानिस भएकाले देवतालाई पनि मानिसले स्थापित गरेको हो । उसले आफैमा भएको ईश्वरलाई चिनेको हुँदैन । त्यसकारण ईश्वरको खोजीमा आफै हराइरहेको हुन्छ । मानिसका आकांक्षा पूरा नहुने हुन्छन् । जहिले पनि उसले असम्भव कल्पना गरेको हुन्छ । आशा र असन्तुष्टिमै मानिस आफ्नो जीवन अन्त्य गर्छ । यसले मानिसको जीवन क्षणिक छ भन्ने बुझिन्छ । मानिसका यी आडम्बरी र अज्ञानी क्रियाकलापले उसलाई आफैदेखि घृणा उत्पन्न हुन्छ भन्ने विचार यस गीतांशमा रहेको छ । आशै आशामा जीवन रुमल्लिएको भावना समेटिएका गीतको उदाहरण यस्तो छ :-

ऋतु हेरी-हेरी गए वर्षहरू बित्तिसके

झूठो आश गर्दा गर्दै चयन सबै उडी गए
बहार आउला भन्दा भन्दै, खडेरी भो जतातता
इच्छा सबै बाँझा रहे यस्तै पर्‍यो विवशता
('जिन्दगीका पाना'; पृ. ४५)

माथिको उदाहरणमा इच्छाहरू पूरा नभएको निराशावादी धारणा आएको छ । यसमा असीमित इच्छाहरू रहेका र पूरा हुने आशामा लामो प्रतीक्षा गरेको देखिन्छ । प्रतीक्षा गर्दागर्दै कैयन वर्ष बित्दा पनि चाहना पूरा नभएर जीवन खेडेरीमय भएको देखिन्छ । जीवनलाई हरियाली बनाउने सबै आशा निराशामा परिणत भएका छन् । यसरी आफ्ना सम्पूर्ण इच्छाहरू-अपुरै रहेको विवशता यसमा रहेको पाइन्छ । उनका कतिपय गीतमा प्रेममा हुने रहस्यमय शक्तिको महिमा गाएको पाइन्छ । जादुको झैं प्रेममा रहने आश्चर्यलाई चित्रण गर्ने गीतको उदाहरण यसप्रकार छः–

परिवेश हो यो कस्तो, अनुभूति मात्र हुने
दिनै-दिनको यादै-यादमा, जलन भित्रै जली दिने
प्यासी आँखा तस्वीर हेरी, बल्झी रहे किन-किन
('रातभरि सपनीमा',पृ. ५३)

माथिको उदाहरणमा प्रेम प्यासको नबुझिने परिवेशलाई प्रकट गरिएको छ । सम्झनाले तड्पिएको मनस्थिति यसमा देखिन्छ । प्यास मेट्नको लागि तस्वीर हेर्दा झन घाऊ बल्झेको देखिन्छ । प्रेमले यसरी छट्पटी हुँदा पनि देख्न, बुझ्न नसकिने प्रेमको त्यो अनुभूति कस्तो अचम्म लाग्दो हुँदोरहेछ भन्ने विचार यस गीतको अंशमा रहेको छ । वासनामा दुनियाँ डुबेको प्रसङ्ग 'विरही माया' गीतसङ्ग्रहका गीतहरूमा यसरी आएको छः–

वासनाको मगमगमा दुनियाँ नै भुली सक्यो
वसन्तको रहरमा यौवन नै फक्री सक्यो
कोपिलाको अधरदेखि, मनमा के भो के भो
('मनको बगैंचामा', पृ. ५७)

प्रस्तुत उदाहरणले शारीरिक सुखमा दुनियाँ रमाएको धारणालाई प्रकट गरेको छ । वासना आनन्दमय हुन्छ । यसले सबैको मन तान्न सक्छ । वासनाकै आनन्दमा सबै भुलेका पाइन्छन् । वसन्तको बहारबाट प्रभावित यौवन पनि फक्रेको देखिन्छ । यौवनले फुलेको ओठबाट मन प्रभावित भएको भाव यस अंशमा पाइन्छ । माया प्रेमलाई अर्थ्याउने काम पनि बमका गीतमा भएको पाइन्छ । यस्तो गीतको एउटा उदाहरण यस्तो रहेको छ ।

तिर्खा भन्नु के हो, मिलनको प्यास न हो ।
माया भन्नु के हो, पीरतीको जाल न हो ।
('माया भन्नु', पृ. ५९)

यस उदाहरणमा प्रेममा देखिने तिर्खा भनेको मिलनको प्यास हो भन्ने भाव आएको पाइन्छ । प्रेमी-प्रेमीकाको मिलन भएन भने प्यास लाग्छ । मिलनमा त्यो तिर्खा तृप्त भएर जान्छ । माया भनेको प्रेमको जाल हो । त्यसले मानिसलाई जेल्ने काम गर्छ । यसकारण यसमा माया र मायाको तिर्खालाई चिनाउने काम भएको छ । प्रेमको क्षणिकता सम्बन्धी धारणा आएको गीतको उदाहरणलाई यसरी देखाउन सकिन्छ ।

वर्षाको भेलसरी बिलायो, प्रीतिको मुहान
कतिञ्जेल बाँचु हातमा लिई, एक मुठ्ठी प्राण
कसरी गयौ यो मन पारी, डढेलो लगाई
विछोडमा पीडा मुर्छन् दिन्छ, जिन्दगी तडपाई
('मनको व्यथा', पृ. ६२)

यसमा छोटो समयमा प्रेम टुटेको सन्दर्भ रहेको देखिन्छ । प्रेम विहिन जीवन बाँच्न सकस भएको मानसिक अवस्थाको चित्रण भएको छ । कसरी गयौ मनलाई डढेलो पारी भनेको सन्दर्भले पवित्र प्रेमको विछोड भएको देखिन्छ  प्रेममा आएको विग्रहले तड्पिएको धारणाले यो अंशमा प्रेमको विछोडमा उत्पन्न पीडामय विचार प्रकट भएको छ । रहस्यमय संसारलाई कसैले चिनाउन नसक्ने विचारलाई गीतमा यसरी व्यक्त गरिएको छ ।

दुई-दिनको डेरा, यहाँ हो कि उहाँ, कसले भन्न सक्छ
आफन्तैको व्यथा, छल्की-छल्की बग्छ, कसले रोक्न सक्छ
('यो दुनियाँ कहिले', पृ. ७५)

यसरी गीतकार बमले 'विरही माया' गीतिसङ्ग्रहमा कतै राष्ट्रियता, शान्ति, दार्शनिकताका पक्षमा वकालत गरेका छन् भने कतै तत्कालीन व्यवस्थाप्रति असहमति प्रकट गरेका छन् । कतै प्रेममा हुने षड्यन्त्र प्रस्तुत गरिएको छ भने कतै प्रेमको महानता प्रस्तुत गरिएको पाइन्छ । प्रेमका मिलन र विछोडजस्ता भावका साथै निराशावादी स्वर पनि बमका गीतमा आएको देखिन्छ । बमका गीतमा विभिन्न विचारहरू पाइए पनि उनी जीवन समर्थक जीवनवादी गीतकार हुन भन्ने धारणा गीतबाट प्रष्ट नै देखिन्छ ।

### ३.२.४ परिवेश

गीतकार बमको 'विरही माया' गीतसङ्ग्रहमा रहेका गीतहरुमा बाह्य र आन्तरिक वा प्रत्यक्ष तथा प्रच्छन्न परिवेश आएको पाइन्छ । बाह्य परिवेशको रूपमा नेपालको ग्रामीण परिवेश तथा हिमाल, पहाड र तराईको स्थानीय रङ्गविधानको दृश्य पाइन्छ भने आन्तरिक परिवेशका रूपमा सांस्कृतिक सापेक्ष मानसिक अवस्थालाई समेटिएको पाइन्छ । बमका गीतमा स्थानीय तथा राष्ट्रिय परिवेशका साथै शाश्वत मानवीय र अन्तर्राष्ट्रिय परिवेशको व्यापक प्रयोग भएको देखिन्छ । 'विरही माया' गीतिसङ्ग्रहका धेरै गीतहरूमा प्रयोग भएका पात्रहरूको विभिन्न अवस्थाको मानसिक स्थिति तथा चिन्तन र कल्पनाको बाहुल्य रहेकाले आन्तरिक परिवेश सशक्त रूपमा प्रकट भएको देखिन्छ । उनका गीतमा भौगोलिक क्षेत्रको चर्चा, प्रेमी-प्रेमीकाका भावनात्मक चेष्टाहरू, धार्मिक-सामाजिक तथा सांस्कृतिक संवेगात्मक वातावरण, धार्मिक मूल्यहरू, ग्रामीण र सहरिया जीवनले सिर्जना गरेका पीडाहरू आदि परिवेशका रूपमा आएका छन् ।

समयगत परिवेशका रूपमा साँझ, बिहान, अँधेरी रात, जुनेली रात, खडेरी, हरियाली, वर्षा आदि आएका छन् भने स्थानगत परिवेशका रूपमा सिलगढी, लेकबेसीं, गाउँ, वनजंगल, डोटी लानाकेदारेश्वर आदि आएका छन् । विश्व परिवेशमा, आकाश, पाताल, समुन्द्र, सूर्य, चन्द्र आदि आएका छन् । पौराणिक परिवेशमा स्वर्ग नर्क पनि सहज रूपमा आएका छन् । ऐतिहासिक-सांस्कृतिक परिवेशहरूमा दशैं, तिहार, प्रेम प्रणयका ख्यालठट्टाजस्ता परिवेश आएका छन् । यस्ता परिवेश भएर पनि गीतकार बमका गीतहरुमा मानव मनका रागात्मक भावहरू, प्रेमका तरङ्गहरू, विछोडका पीडाहरू, जीवनका सफलता र असफलताका क्षणहरूले नै गीतको परिवेशको प्रमुख रूप लिएको छ । उनका गीतमा भविष्यका संकेतहरू भेटिए पनि आफूले बाँचेको युगीन जीवन नै गीतको मूल परिवेश बनेको छ । गीतकार आफ्नी मायालु पाउँदा वेदना शान्ति भएको पाउँछन् र गाउँ घरको वस्ती पनि आखभरि पाउँछन् । त्यति मात्र नभएर प्रियाको प्यारो अङ्गालोमा अड्न देऊ भन्ने आग्रह पनि गर्छन् । जस्तैः

साँची राखे सबै कुरा, प्रिय तिम्रो सङ्गालोमा
आकाश भरि तारा खसी रित्तिएछ बिहानीमा
अड्न देऊ प्रिय तिम्रो, प्यारो-प्यारो अङ्गालोमा
('कहाँ पुगे'; पृ. ७७)

वर्षाको भेल उर्लंदो हुन्छ । क्षण भरमै त्यो घट्दै जान्छ । माया पनि वर्षाको भेलसरी बिलाउँदा मन दुख्छ । विछोडमा एक मुट्ठी प्राण हातमा लिएर कतिबेलासम्म बाँचु भन्ने

निराशा प्रेमीको मनमा उत्पन्न हुन्छ । मनमा डढेलो लाएर कसरी गयौ भन्ने प्रश्नलाई यसरी व्यक्त गरेका छन् :

वर्षाको भेलसरी बिलायो, प्रीतिको मुहान
कतिञ्जेल बाँचु हातमा लिई, एक मुट्ठी प्राण
कसरी गयौ यो मन पारी, डढेलो लगाई
विछोडमा पीडा मुर्छना दिन्छ, जिन्दगी तड्पाई

('मनको व्यथा'; पृ. ६२)

माथिको उदाहरणमा मानसिक छट्पटीलाई परिवेश बनाएको देखिन्छ । प्रेमको विछोड भएकाले जीवन बोझ भएको मानसिक अवस्थाको चित्रण देखिन्छ। जीवनप्रति कुनै आशा देखिएको छैन । मनलाई जलाएर कसरी गयौ भन्ने प्रश्नार्थक भाव प्रकट भएको पाइन्छ। विछोडले जीवन मुर्छित बन्न लागेको पीडाजन्य अवस्थालाई यसले संकेत गरेको छ। गीतकारद्वारा गीतको एउटै अनुच्छेदमा पनि एकभन्दा बढी परिवेशको प्रयोग गरिएको छ। यो तथ्य तलको उदाहरणमा पाउन सकिन्छ।

सुभाष तिम्रो मग-मगाई रह्यो बगैंचा भरिमा
मालीको दिल छट्पटाई रह्यो जिन्दगी भरिमा
टपक्क टिप्यो थाहा नै नपाई, मायाको त्यो फूल

('किन हो किन'; पृ. ६५)

यस उदाहरणमा सुभाष मग-मगाएको बगैंचाको परिवेश, मालीको दिन छट्पटाएको मानसिक परिवेश तथा मायाको फूल टिपेको परिवेश एकै ठाउँमा चित्रण गरिएको छ । गीतकारले कतै प्यारको बारम्बार आइरहने तड्पनलाई चित्रण गरेका छन् भने कतै प्रेमीकाको तस्वीर आँखामा झल्किरहने प्रसङ्ग उल्लेख गरेका छन् । कतै उही पुरानो बाटो, मौसम आफ्नै लागि पर्खिरहने भावुक सन्दर्भ पनि पेश गरेका छन् । यस किसिमको मायाको तड्पन, तस्वीर र बाटो तथा मौसमको परिवेश गीतमा यसरी आएको छ :–

कस्तो हो यो प्यारको तड्पन, पलपलमा आइरहने
तस्वीर तिम्रो हरएक क्षणमा, आँखाहरूमा छाइरहने
बाटो त्यही, मौसम त्यही पर्खी रहेछन् हाम्रै लागि

('मेरो दिलमा'; पृ. ६४)

बमले आन्तरिक परिवेशमा वा रागात्मक भावका गीतहरुमा प्रेमको आवाज, ओठ, विरह, व्यथा, आँसु, हाँसो, दियो, औंसीको रात, आदिलाई प्रेमपरक भावमा प्रस्तुत गरेका छन्; जस्तै,

प्रीतिको आवाज ओठमा लुकाई, न थुन यसरी
विरह व्यथा आँसुमा बगाई, न हास त्यसरी
प्रेमको दियो निभाई दियौं, औंसीको रातमा
('पिरोली रह्यो'; पृ. ६१)

मोहनी रूप, हृदयको धड्कन, लाली जोवनलाई सम्हाल्न प्रियासँग यसरी गीतमा बिन्ती गरेका छन् :–

मोहनी त्यो मुहार थुनी राखे
हृदयको धड्कनमा तिमीलाई लुकाई राखे
यो लाली जोवन हो तिम्रै निम्ति
आऊ सम्हाल प्रियतम् मेरो छ विन्ती
('मोहनी त्यो'; पृ. ७८)

प्रेमी-प्रेमिका एक अर्कालाई हेर्दा हेर्दै समय बितेको, माइती घरमा बस्दा लाग्ने बात तथा मायाको शहरमा उडेर जाऔं भन्ने भावगत परिवेश बमका गीतमा भेटिन्छ । जसलाई निम्न गीतमा हेर्न सकिन्छ ।

हेरा हेरी गर्दा गर्दै यौवन बिती जाला
माइती घर बस्दा बस्दै बात पनि लाग्ला
मायाको शहर लौ उडी जाऔं
('बैसको रहर'; पृ. ६३)

गीतकार बमका गीतहरूमा गाउँ, सहर, हिमाल, पहाड, तराई, नदी, सागर, फूलको बगैंचा, औंसीको रात, प्रेमील क्षण, बैसको बेलाजस्ता क्षेत्रगत, समयगत तथा भावगत परिवेशको प्रयोगले गीतलाई भावमय र मार्मिक बनाएको पाइन्छ । उनका प्रायःजसो गीतहरूमा भावगत परिवेश आएको देखिन्छ । भावगत परिवेश भएका गीतहरू 'बिर्सी दिन खोज्दा' (पृ.. १३), 'जलन भई' (१०), 'यो जिन्दगीको' (पृ.. १५), 'आँसुसँगै' (पृ.. २३), 'कामनाले भरिएको' (पृ.. २७), 'संगीतको ध्वनीसँगै' (पृ.. २८), 'सम्झनालाई' (पृ.. ३०), 'इन्द्रेणी पर्‍यो' (पृ.. ३७), 'फूल फुल्यो' (पृ.. ४१), 'कसरी भनु' (पृ.. २), 'गुलब भई म' (पृ.. ८), 'पीरतीको बोलीमा' (पृ.. ७०), 'मनको बगैंचामा' (पृ.. ५०), 'यो दुनियाँ कहिले' (पृ.. ७५), 'पिरोली रह्यो त्यो तिम्रो' (पृ..६७), 'आँखाभरि छाइरह्यो' (पृ.. ६९), 'बैशको रहर' (पृ.. ६३) आदि हुन् । बमका धेरैजसो गीतहरुमा आन्तरिक परिवेश प्रेमप्रणयका रूपमा प्रकट भएको देखिन्छ । प्रेमप्रसङ्गका, आँसु, हाँसो, मिलन-विछोड, आरोह-अवरोह, प्राप्ति-अप्राप्ति, आशा-निराशा, घात-प्रतिघातजस्ता प्रवृत्तिहरू परिवेशका रुपमा उपस्थिति भएका देखिन्छन् ।

### ३.२.५ लयविधान

गीतको अनिवार्य तत्त्व लय हो । यसले गीतलाई मधुर र कर्णप्रिय बनाउँछ । लय भएन भने गीतले आफ्नो धर्मलाई बोक्न सक्दैन । त्यसकारण लयले गीत र कवितामा भिन्नता ल्याउँछ । गीत लयको प्रवाहबाट तरङ्गीत हृदयको प्रकाशन हो । गीतका प्रत्येक पङ्क्तिमा आउने स्वर, व्यञ्जनहरूको संयोजन मात्रा, तान, सुर र आघातले लयको सृजना गर्दछन् । त्यसैले गीतमा लय साध्य हुन्छ । भावका साथै गेयात्मकताको गीतमा विषेश भूमिका रहन्छ । शब्द, अर्थ र ध्वनिको समुचित विन्यासमा मात्र लयात्मकताका लागि आवश्यक आधारभूमिको संरचना निर्माण हुन्छ ।[७७] बमको गीतिलयमा लोकछन्दको बाहुल्यता रहेको छ । उनका गीतहरू पङ्क्ति योजना वा अन्तरा संरचनाका दृष्टिले ज्यादा लामा छैनन् र च्वास्स मुटु छुने गरि वेद्यक पनि छन् । जस्तै :–

क. संगीतको ध्वनीसगै सबै व्यथा पोखी दिन्छु
सारङ्गीको तार सगै जिन्दगी नै रेटी दिन्छु
('सारङ्गीको ध्वनीसँगै'; पृ २८)

माथिको उदाहरणका पाउहरू सोह्र-सोह्र अक्षरबाट बनेका छन् । प्रत्येक पाउको आठौ अक्षरमा विश्राम भेटिन्छ । दुवै पाउमा बराबर अक्षरको वितरण हुनुका साथै गति र यतिको पनि राम्रो निर्वाह भई लोकलयको मधुरता प्रकट भएको छ । बमका गीतमा देशभक्तिका भावना, नेपाली जीवनको ढुकढुकी, देशको गौरवगाथा, सरल र सहज रूपमा व्यक्त भएका छन् । उनका गीतमा लय भावजस्तै साध्य भएर आएको छ भने हासो रोदन बोक्ने दु:खसुखका क्षण पनि प्रतिबिम्वित भएका छन् ।

गीतकार बमका गीतहरूमा लोकलय,दोहरी तथा झ्याउरे पाराका साथै वार्षिक छन्दका निकट मानिन सक्ने नेपाली लयको प्रयोग भएको देखिन्छ । लोकलयका साथै स्वतन्त्र लयविधानको प्रयोगले 'विरही माया' सङ्ग्रहका गीतहरू उच्च कलात्मक बनेका छन् । यस सङ्ग्रहका गीतहरूमा आठ अक्षरदेखि छब्बीस अक्षरसम्मको लयविधानको प्रयोग भै लगायत विविधता भएको देखिन्छ । यस सङ्ग्रहका 'ए हजुर'र 'कसरी भनु' गीतमा छब्बीस अक्षरसम्मको लयविधान प्रयोग भै क्रमश: दश र सत्र अक्षरमा विश्राम भएको पाइन्छ । चौबीस अक्षरको लयविधान प्रयोग भएको एकमात्र गीत 'कति गहिरो' हो । यसमा दश अक्षरमा विश्राम भएको देखिन्छ । त्यस्तै 'बोतल भरिको' र 'मेरो आँखाको' गीतमा तेइस अक्षरको लयविधान रहेको पाइन्छ । यी दुई गीतमा क्रमश: एघार र बाह्र अक्षरमा विश्राम गरिएको पाइन्छ । 'यो जिन्दगीको', 'आँखा वरिपरि' र 'आज यो दिलमा' एक्काइस अक्षरको

[७७] मोहन हिमांशु थापा, साहित्य परिचय, चौथो संस्करण (काठमाडौं: साझा प्रकाशन, २०५०), पृ. ४६ ।

लयविधान रहेको छ । यी गीतहरूमा क्रमशः नौ बाह्र र एघार अक्षरमा विश्राम रहेको देखिन्छ । 'सम्झेर तिमीलाई', 'आँखाभरि', 'खोलासरी आँसु' र 'मेरो दिलमा' बीस अक्षरको लयविधान प्रयोग भएको छ । यी गीतहरूमा क्रमशः बाह्र, नौ, आठ र एघार अक्षरमा विश्राम रहेको छ । उन्नाइस अक्षरको लयविधान रहेको एक मात्र गीत 'कस्तो रहेछ' हो । यसमा आठ अक्षरमा विश्राम रहेको भेटिन्छ । अठार अक्षरको लयविधान रहेका ६ वटा गीत रहेका छन् । 'मनको फूल', 'अधरमा मुस्कान', 'मन मन्दिर', 'वसन्तको अगडाइमा', 'पीरतीको बोलीमा' र 'यो दुनियाँ कहिले' गीतमा अठार अक्षरको लयविधान रहेको भेटिन्छ । जसमा क्रमशः नौ,नौ, दश, नौ, नौ र एघार अक्षरमा विश्राम भेटिन्छ । 'गुलाब भई म', 'जलन भई', 'पुरानो घाउ', 'लेखु म कसरी', 'इन्द्रेणी पर्‍यो', 'जिन्दगी यहाँ' र 'पीरतीको चोखो' गीतमा सत्र अक्षरको लयविधान रहेको छ । यी गीतहरुमा क्रमशः नौ, नौ, आठ, एघार, दश, आठ, दश र नौ अक्षरमा विश्राम रहेको पाइन्छ ।

यस सङग्रहका सबैभन्दा बढी गीतहरूमा सोह्र अक्षरको लयविधान रहेको देखिन्छ । सोह्र वटा अक्षरको लयविधान प्रयोग भएका तीस गीत रहेका छन् । जसमध्ये पन्ध्र वटा गीतहरू 'मेरा प्रेमका', 'आगोसरी', 'मेरो सम्झना', 'सम्झना नै', 'बिर्सी दिन खोज्दा', 'खुशी भित्रै' आसु सँगै', 'कामना ले भरिएको', 'सङ्गीतको ध्वनिसँग', 'सँगै बस्यौ', 'जिन्दगीका पाना', 'छाती भरि', 'पीरतीको झोली', 'योवनको' र 'कहाँ पुगे' गीतमा आठ अक्षरमा विश्राम रहेको देखिन्छ । दश वटा गीतहरु 'पीरको तीर 'पिरोली रहयो', 'मनको व्यथा', 'किन हो किन', 'दोधार बीच', 'पिरोली रह्यो त्यो तिम्रो', 'मनको फूल', 'रुम्मली रहे', 'जिन्दगी यहाँ' र 'आँखामा तिम्रो' मा दश अक्षरमा विश्राम रहेको पाइन्छ । 'मायाको डोरी' र 'यो दिल भित्र' मा पाँच अक्षरमा विश्राम भएको छ । 'सम्झनालाई' एकमात्र गीतमा नौ अक्षरमा विश्राम रहेको छ भने 'गल्ती मेरै' मा छ अक्षरमा विश्राम रहेको देखिन्छ भने 'आउ सजाइ'मा सात अक्षरमा विश्राम भएको देखिन्छ । चार गीतहरू 'रातभरि सपनीमा', 'मनको बगैँचामा', 'आँखाभरि सजाइ'र 'आँसु पुछेर' मा पन्ध्र अक्षरको लयविधान रहेको देखिन्छ । जसमा क्रमशः : आठ, नौ, नौ र सात अक्षरमा विश्रामा रहेको छ । तीनवटा गीतहरू 'पापी मन','माया भन्नु'र 'आँखा भरि छाइरह्यो' मा चौध अक्षरको लयविधान रहेको पाइन्छ । जसमा क्रमशः सात, छ, आठ अक्षरमा विश्राम रहेको पाइन्छ । 'वैरागी विहानी' र 'फूल फूल्यो' दुई गीतमा बाह्र अक्षरको लयविधान रहेको छ । यी दुवैमा छ अक्षरमा विश्राम रहेको छ । एघार अक्षरको लयविधान प्रयोग भएका तीनवटा गीत छन् । 'जिन्दगी हो', मायालु तिम्रो' र वैसको रहर'मा एघार अक्षरको लयविधान छ । यी गीतहरूमा क्रमशः चार, पाँच र छ अक्षरमा विश्राम रहेको पाइन्छ । 'टुटेको हाँगा'र 'यो दुनियाँ' गीतमा दश अक्षरको लयविधान रहेको पाइन्छ । यीनमा क्रमशः : पाँच र चार अक्षरमा विश्राम रहेको पाइन्छ ।

'माया लैजाऊ' र 'मनै भरि' दुई गीतमा आठ अक्षरको लयविधान रहेको छ । यिनीमा क्रमशः पाँच र चार अक्षरमा विश्राम रहेको छ ।

यसकारण बमका गीतहरूमा लयगत विविधता रहेको पुष्टि हुन्छ । आठ अक्षर देखि छब्बीस अक्षरसम्मको लयविधान, मध्य विश्राममा विविधता, लोकदोहरी, मुक्त तथा मिश्रित लयविधानले उनका गीत गेयात्मक र साङ्केतिक बन्न पुगेका छन् । बमका कुनै गीतमा लयको मिठास नपाए पनि अधिकांश गीतहरूमा लयले भावलाई प्रवाहित गरेको देखिन्छ ।

### ३.२.६ भाषाशैली

भाषा गीतको अनिवार्य तत्त्व हो । भाषाकै माध्यमबाट गीत प्रकट गरिन्छ । गीतको भाषा मधुर र मनछुने हुनुपर्छ । भाषा हृदय सम्वेद्य भएन भने गीतको भाव सजीव बन्न सक्तैन । गीतको भाषा सरल र सरस हुनुपर्छ । लोकजीवनलाई प्रभावित पार्न सक्ने बोधगम्य भाषाले गीतको ओज बढाउँछ । गहन र प्रभावकारी शब्द प्रयोग भएको भाषा उत्कृष्ट ठहरिन्छ । भाषा प्रयोग गर्ने ढङ्ग शैली हो । शैली व्यक्तिअनुसार फरक-फरक हुन्छ । व्यक्तिले आफ्नो रुचिअनुसारको शैली प्रयोग गर्छ । गीतकार बमले मूलतं. स्तरीय नेपाली भाषाको प्रयोग गरेका छन्। कतै कतै कथ्य भाषाको प्रयोग पनि भएको देखिन्छ । उनको मातृभाषा डोटेली भएकाले कही - कही डोटेली भाषाको प्रयोग भएको पनि देखिन्छ । यस गीतिसङग्रहका गीतहरूमा झर्रा, तत्सम, तद्भव तथा अनुकरणात्मक शब्द र आगन्तुक शब्दको पनि प्रयोग भएको छ । आगन्तुक शब्दहरुमा अङ्ग्रेजी, अरवी, फारसी, मराठी, हिन्दी भाषाका शब्दहरूको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका गीतमा प्रयोग भएका आगन्तुक शब्दहरु व्यवहारिक जीवनमा चल्तीमा आइसकेकाले बोधगम्य नै रहेका छन् ।

#### ३.२.६.१ कथ्यभाषाको प्रयोग

गीतकार बमले मानक नेपाली भाषाका साथै कथ्य नेपाली भाषाको प्रयोग पनि कहीकही गरेका छन् । जस्तै त्यै = त्यही (पृ.१) थल = स्थल (पृ.५) कस्को = कसको (पृ.४४) कस्लाई =कसलाई (पृ.४६) कस्ले =कसले (पृ.२५,३२, ४४) के भो = के भयो (पृ.७९) यस प्रकारको कथ्य भाषाको प्रयोगले बमका गीतहरू अझ गेयात्मक, लयात्मक,सरल र मधुर बनेका छन् । सम्प्रेषण तथा लयसौन्दर्यमा कथ्य भाषाको प्रयोगले गीतमा असर पारेको देखिदैन ।

#### ३.२.६.२ शब्द प्रयोग

बमको 'विरही माया' गीतिसङग्रहका गीतहरूमा जल, नभ (पृ.५) आकाश, पवित्र, मन्दिर, मूर्ति (पृ.१९), हंश (पृ.२६), सहवास, नयन (पृ.२१), ऋतु (पृ.८), माली, फूल (

पृ.१६), सुभाष (पृ.७), सागर (पृ.५), चित्त (पृ.१२), चिता (पृ.१३), पीडा (पृ.१८), धर्म ( पृ.१४), गह (पृ.१३), दैव (पृ.१४), चोला, मनुष्य, धरती (पृ.१५), सुगन्ध, विषालु (पृ.१६), तृष्णा, (पृ.२२), किनार, जहर (पृ.२३), आँसु, गोधुली (पृ.२४), दर्पण (पृ.४३), गगन (पृ.५१), वदन (पृ.३४)जस्ता तत्सम शब्दहरूको प्रयोग पाइन्छ । फूल (पृ.९), उजाड (पृ.४९), घाम (पृ.३७), काँडा (पृ.८), आगो (पृ.४), अध्यारो (पृ.१८), जून (पृ.१७), जुनी ( १९)जस्ता तद्भवहरुको शब्दहरुको प्रयोग भएको पाइन्छ ।

यस गीतिसङग्रहमा आगन्तुक शब्दहरुको पनि महत्त्वपूर्ण स्थान छ । नसा, नसालु (पृ.२१), नजर, दिल (पृ.१६), हजुर (पृ.१), गुलाब (पृ.८) बोतल (पृ.२१), जहाज (पृ.१५), रसियन, प्यास (पृ.२८), संगमरमर (पृ.५१), चिट्ठी (पृ.३१)जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ । सललल (पृ.३५), रिमझिमी (पृ.४१), ढकमक्क (पृ.७८), मगमग (पृ.७८), छनछनी (पृ.४२), टपक्क (पृ.६७), झलझली (पृ.६७)जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । गीतकारको मातृभाषा डोटेली भएकाले 'कठैबरी' (पृ.१०) सुसाई (पृ.१३) घघुरु (पृ.२८)जस्ता डोटेली भाषाका शब्दहरूपनि प्रयोग भएका पाइन्छन् । यस गीतिसङग्रहका गीतहरूमा विभिन्न गुणहरूको प्रयोग भएको पाइछ । उनका राष्ट्रभक्तिका गीतमा ओजगुण प्रयोग भएको देखिन्छ भने प्रेमप्रणयका गीतमा माधुर्य गुण आएको पाइन्छ । ओजगुण र माधुर्य गुण सम्पन्न सरल र सरस शब्दहरूको चयन गरी कथ्यभाषा र स्तरीय भाषाको उचित व्यावस्थापन गर्न गीतकार बम सफल देखिन्छन् ।

बमका गीतहरूमा प्रयोग गरिएको भाषा हृदय संवेद्य रहेको देखिन्छ । कोमल शब्द प्रयोगले भावलाई भावुकता प्रदान गरेको पाइन्छ । बोलीचालीको शब्द प्रयोग तथा शब्दहरूको समुचित विन्यासबाट रोचक शैलीको निर्माण हुन पुगेको छ । भाव सुहाउँदो भाषा शैलीको प्रयोगले बमको 'विरही माया' गीतिसङ्ग्रहका गीतहरू सफल छन् ।

### ३.२.६.३ अलङ्कार विधान

अलङ्कार काव्यको गहना हो । यसले काव्यलाई अलङकृत बनाउँछ । काव्यलाई सुन्दरपारी अर्थमा प्रभावकारीता ल्याउन अलङ्कारको महत्त्वपूर्ण भूमिका हुन्छ । शब्दको आलङ्कारिक प्रयोगबाट गीत तथा कविताको भावमा रोचकता र तीव्रता आउने हुनाले काव्यमा यसको विशेष महत्त्व रहेको हुन्छ । गीतमा व्यञ्जित अर्थ ल्याउन र सौन्दर्यलाई मूल्यवान बनाउन अलङ्कारले महत्त्व राख्दछ । गीतकार बमको 'विरही माया' गीतिसङग्रहका गीतहरूमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको समुचित प्रयोग भएको देखिन्छ । बमका गीतमा अलङ्कार अलङ्कारका रूपमा नभई स्वतं स्फूर्त रूपमा आएको

छ । गीतकार बमले आफ्ना गीतहरूमा शब्द र अर्थ  दुवै अलङ्कारको प्रयोग गरेका छन् र ती अलङ्कारलाई शब्द र अर्थ गरी दुई भागमा राखेर अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

**शब्दालङ्कार**

शब्दका माध्यमबाट काव्यलाई अलङकृत पार्ने अलङ्कारलाई शब्दअलङ्कार भनिन्छ ।[७८] यो शब्दको तहमा देखापर्छ । यसले काव्यको बाह्य र आन्तरिक दुवै सौन्दर्य निर्माण गर्दछ । शब्दालङ्कारका अनुप्रास, यमक, श्लेषजस्ता भेदहरू हुन्छन् । गीतकार बमले 'विरही माया' गीतिसङग्रहका गीतहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग गरेका छन् । ती मध्ये केही शब्दालङ्कारका उदाहरणहरूलाई यसरी देखाइन्छ ।

अ) अद्यानुप्रासः यो अनुप्रासमा सुरुका पदहरूबीच समानता पाइन्छ, जस्तै टुटेको हाँगा, खसेछ कहाँ
फुटेको भाग्य जोडिन्छ कहाँ
('टुटेको हाँगा'; पृ. ३३)

माथिको उदाहरणमा पहिलो र दोस्रो पङक्तिको सुरुका 'टुटेको'र 'फुटेको' मा आद्यानुप्रास भएको छ ।

आ) मध्यानुप्रासः यस अलङ्कारमा पाउको बीचमा वा मध्यमा शब्दहरू बीच समानता हुन्छ; जस्तै,

आँसु पुछेर के भो जब धर्ती नै चिरिन्छ
जीवन रहेर के भो  जब लास नै भैदिन्छ ।
('आँसु पछेर'; पृ. ७९)

यस उदाहरणमा दुवै पङ्क्तिका माध्यममा आएका 'के भो जब र' 'के भो जब म' मध्यनुप्रास भएको देखिन्छ ।

इ) अन्त्यानुप्रासः पाउका अन्त्यमा समान वर्णहरू दोहोरिए भने अन्त्यानुप्रांस बन्दछ; जस्तै,

फूल फुल्यो साली बारीमा केतुकी
भोली हुन्न साली, आजै रात भेटुकी
('फूल फुल्यो' पृ ४१)

---

[७८] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** दोस्रो संस्करण (काठमाडौंः साझा प्रकाशन, २०५०), पृ. १६३ ।

माथिको उदाहरणमा दुवै पाउको अन्त्यमा आएका 'केतुकी'र 'भेटुकी' का बीचमा अन्त्यानुप्रास भएको देखिन्छ । अन्त्यानुप्रास  प्रयोग भएका अन्य उदाहरणहरू:–

खोला झै सुसाइ रहे, विछोडमा एकलै परि
साउने भेलसरी वगे,दिन रात ओछ्यानमा भरि
('बिर्सी दिन खोज्दा'; पृ. १३)

दुनियाँको रीत न हो डोलीभित्र चढाइ रुनु
पीरतीका पाना सबै, आगो लगाइ डढाइ दिनु ।
('मन मन्दिर'; पृ १७)

विरही माया अधुरो रह्यो,बिर्सनु कसरी
तड्पाई दिन्छ जलाई दिन्छ, आउँछ बेसरी
('विरही माया' पृ २४)

यो दुनियाँ कस्ले चिन्न सक्छ
मैले बुझेको कस्ले भन्न सक्छ
('यो दुनियाँ'; पृ. ३२)

सगै बस्यौ, सगै हाँस्यौ सगै लायौ चोखो माया
कति चाडै ओइली झरयो कस्तो रहेछ  घाम छायाँ
('सँगै बस्यौ'; पृ. ४०)

बादलु भैं उडी दिन्छ माया मेरो कता कता
पागल झैं विछोडमा, खोजी रहन्छु यता उता
('पीरतीको चोखो'  पृ ६८)

ई) छेकानप्रासः एक वा अनेक व्यञ्जनको उसै क्रममा एक पटक मात्र आवृत्ति भएमा छेकानुप्रास हुन्छ । 'विरही माया' का गीतहरूमा छेकानुप्रास को प्रयोग प्रशस्त पाइन्छ, जस्तैः-

क. टिपु -टिपु भन्दा -भन्दै आगो, लाग्यो जता -जता,
('जिन्दीका पाना' पृ ४५)

ख . राती- राती सपना सजाइ कल्पिरहे छु तिम्रै लागि
('पीरतीको बोलीमा,'पृ ७०)

उदाहरण 'क' मा रहेको 'टिपु' 'टिपु' को 'टि'र 'भन्दा' -'भन्दै'को 'भ' र उदाहरण 'ख'को 'राती' 'राती' को 'र' 'सपना'को 'स'उसै क्रममा एकपटक मात्र आवृत्ति भएकाले छेकाप्रास भएको हो ।

उ) वृत्यानुप्रास : एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यानुप्रास हुन्छ । बमका गीतमा वृत्यानुप्रासको पनि प्रशस्त प्रयोग भएको पाइन्छ । जस्तैः-

मान्छे माथि मान्छे देख्छु,तर तिमी गयौ कहाँ
('सम्झना नै', पृ.११)

माथिको उदाहरणमा 'म' र 'छ'को अनेक पटक आवृत्ति भएर वृत्यानुप्रास अलङ्कार भएको छ । त्यस्तै, यस सङ्ग्रहका धेरै गीतहरूमा आन्तरिक अनुप्रास भएको पाइन्छ, जस्तैः-
रहेछ सोला मनुष्य चोला, प्रेमीले प्रेम फेरी रहेछन्
('यो जिन्दगीको,'पृ.१५)

यहाँ, 'सोला'र 'चोला' मा आन्तरिक अनुप्रास रहेको छ ।

**अर्थालङ्कार**

अर्थका आधारमा रहने अलङ्कार अर्थालङ्कार हो । यसले अर्थलाई चमत्कृत बनाउने गर्छ । गीतकार बमका 'विरही माया' गीतिसङ्ग्रहमा उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, सन्देह, कारणमालाजस्ता अलङ्कारको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहमा रहेका कही अर्थालङ्कारहरूलाई निम्नानुसार देखाउने प्रयास गरिएको छ।

क) उपमा : उपमेय र उपमानका बीच रूप गुण आदिको समानता देखाइएमा उपमा अलङ्कार हुन्छ ।[७९] बमका गीतमा पनि उपमा अलङ्कारको प्रशस्त प्रयोग भएको पाइन्छ; जस्तै,

पूर्णिमाको चाँदनी झैं किन रूप सजाएको
('मेरा आँखाका'; पृ ५१)

खोलासरी आँसु बगी, पीडा दुख्न थाल्यो, पीडा दुख्न थाल्यो
('खोलासरी आँसु'; पृ. ५५)

---

[७९] ऐजन, पृ. १२८ ।

सागरको लहर जस्तै छल्की दिन्छ मेरो मन
('पीरतीको झोली'; पृ. ५६)

ख) अर्थान्तरन्यासः सामान्यलाई विशेषद्धारा र विशेषलाई सामान्यद्धारा, कार्यलाई कारणद्धारा र कारणलाई कार्यद्धारा समानता र असमानता दुई आधारमा समर्थन गरिएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ ।[८०] जस्तै,

मायाको मोल हुन्छ कहाँ बजार त देखिदैन
प्रेमीको प्रेम हुन्छ जहाँ बन्धन त देखिदैन
('आँसु पुछेर'; पृ. ७९)

माथिको उदाहरणमा 'मायाको मोल हुन्छ कहाँ' भन्ने सामान्य कथनले 'प्रेमको बन्धनमा हुन्छ' भन्ने विशेष अर्थ देखाएका छ । त्यसकारण यो अर्थान्तरन्यास अलङ्कार हो ।

ग) अतिशयोक्ति : अभिव्यक्तिलाई प्रभावकारी बनाउन लोकप्रसिद्ध उक्तिलाई उछिन्दै बढाइचढाइ गरेर कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो ।[८१] जस्तै,

बोतल भरिको शराब तिमी, पिएर तिमीलाई शरावी भएँ
नशालु तिमी नशा भो मलाई पिएर नशा बेहोसी भएँ
('बोतलभरिको'; पृ २१)

यहाँ, बोतलको शरावरुपी तिमीलाई पिएर शराबी भएको र तिमीको नशाले नशालु भई बेहोस भएको वर्णनलाई बढाईचढाई गरेकाले अतिशयोक्तिअलङ्कार बन्न पुगेको हो ।

घ) विरोधः कुनै जाति, गुण क्रिया र द्रव्यका बीच विरोध परेको आभाष भएमा विरोध अलङ्कार हुन्छ ।[८२] जस्तै,

रहेछ सोला मनुष्य चोला, प्रेमीले प्रेम फेरिरहेछन्
कसैको सुरु,कसैको अन्त घुम्दछ जीवन बाटो सरी
('यो जीन्दगीको'; पृ. १५)

यस उदाहरणमा मनुष्य चोला सोलाजस्तै भएकाले प्रेमीले प्रेम फेरी रहन्छन् र कसैको सुरु र कसैको अन्त्यबाट संसार घुमिरहन्छ भनिएकाले क्रियासम्बन्धी विरोध भएर विरोध अलङ्कार भएको छ ।

---

[८०] ऐजन, पृ. १३४ ।
[८१] ऐजन, पृ. १३ ।
[८२] ऐजन, पृ. १३४ ।

(ङ) सन्देहः वस्तुहरूका बीच देखिने समानता वश संशय उत्पन्न भएको देखाइएमा सन्देह अलङ्कार हुन्छ ।[८३] जस्तै,

मन्दिर बनाउँछ देवता रचाउँछ
आफै कता हो सधै नै हराउँछ
('कस्तो रहेछ'; पृ. ४३)

माथिको उदाहरणमा 'मन्दिर' र 'देवता' बीच समानता भई आफू कता हराउँछ भन्ने सन्देह उत्पन्न भएकाले 'सन्देह' अलङ्कार परेको छ ।

च) कारणमालाः कारण र कार्य क्रमबद्ध रूपमा श्रृङ्खला पारेर प्रस्तुत गरिएमा कारणमाला अलङ्कार हन्छ ।[८४] जस्तै,

आँखामा तिम्रो हेराई बस्यो चिम्लिन सक्तिन
नजर भित्रै पर्दा नै खस्यो, अरू म देख्दिन
('आखामा तिम्रो'; पृ. ७६)

माथिको उदाहरणमा 'हेराइ बस्यो' कार्य, 'चिम्लीन सक्तिन', कारण, 'पर्दा खस्यो' कार्य, 'देख्दिन' कारण भई कारण र कार्यको क्रमिक श्रृङखला भएर करणमाला अलङ्कार परेको छ ।

छ) अर्थश्लेष . कुनै पनि एउटा शब्द वा वाक्यले धेरै प्रासङ्गिक अर्थ बुझाएमा अर्थश्लेष हुन्छ; जस्तै,

वेदना र छटपटाइमा नफाट्टिने कुहिरो लाग्यो
लेखा मेरो मेटिएछ भावी पनि पर भाग्यो
('बैरागी विहानी'; पृ ३५)

यहाँ, वेदना र छट्पटीमा भावी पर भागेको भनेर प्रेममा कुहिरो लागेको कुरालाई आरोप गरिएकाले अर्थश्लेष अलङ्कार हुन पुगेको छ ।

ज) विशेषोक्तिः कारण भए पनि कार्य नभएको देखाइमा विशेषोक्ति अलङ्कार हुन्छ ।[८५] जस्तै,

नयनका धारा वर्षी रहन्छन्
प्राण पखेरु उडी रहन्छन्
('आगोसरी'; पृ. ४)

---

[८३] ऐजन, पृ. १३३ ।

[८४] ऐजन, पृ. १३८ ।

[८५] ऐजन, पृ. १३८ ।

यहाँ, 'नयनका धारा वर्षी रहन्छन्' र 'प्राण पखेरु उडी रहन्छन्' कारण भए पनि कार्य नभएको देखाइको छ । त्यसकारण विशेषोक्ति अलङ्कार बन्न गएको देखिन्छ ।

झ) समासोक्तिः. प्रस्तुत वस्तुमा लिङ्ग, विशेषण र कार्यको समानताद्धारा अप्रस्तुत वस्तुको आरोप गरिएमा समासोक्ति अलङ्कार हुन्छ ।[८६] जस्तै,

मूर्ति सजाई राखे, तिम्रै प्रतिमा सम्झेर
('आऊ सजाइ'; पृ १९)

यहाँ, प्रस्तुत मूर्तिलाई अप्रस्तुत प्रेयसीको आरोप गरिएकाले समासोक्ति अलङ्कार हुन गएको देखिन्छ ।

### ३.२.६.४ बिम्व र प्रतीक

काव्यले अप्रस्तुत वस्तुको काल्पनिक वर्णन गरेर त्यसलाई प्रस्तुत गरेको हुन्छ भने बिम्व पनि अप्रस्तुत वस्तुको मानसिक वा काल्पनिक रूप हो । बिम्वले काव्यको अर्थ पूर्णरूपले स्पष्ट गर्छ । कृतिको भावलाई सरस बनाउँछ, वस्तु या घटनालाई प्रंत्यक्ष रूपले स्पष्ट गर्छ र रुपसौन्दर्य अथवा गुणको चित्रण गर्न सहयोग गर्दछ ।[८७] बिम्व मुख्यतया दृश्य वस्तु बिम्व, दृश्यकारक बिम्व र साँस्कृतिक बिम्वगरि तीन प्रकारका हुन्छन् । गीतकार बमले पनि 'विरही माया' गीतिसङ्ग्रहमा विभिन्न प्रकारका बिम्व तथा प्रतीकहरूको उचित प्रयोग गरेका छन् । उनले यी बिम्वहरू इतिहास पुराण, भूगोल, प्राणी, वनस्पति आदिबाट लिएको पाइन्छ । यसरी गीतकारले जीवन काल र तिनले जन्माएका भावलाई बिम्वहरूको माध्यमबाट गीतमा सजीव चित्र उतारेको पाइन्छ; जस्तै,

जुनेली रात औंसी झै छायो, जिन्दगी ढाकेर
कसरी देखाउ, मायाको तस्वीर छाती नै चिरेर
('दोधार बीच'; पृ ६६)

यहाँ, जुनेली रात, औसी, जिन्दगी, माया, तस्वीर तथा छातीजस्ता विभिन्न बिम्वको प्रयोग भएको देखिन्छ । गीतकारले यस गीतिसङ्ग्रहमा प्रयोग गरेका केही बिम्वहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ; जस्तै, मुटु, परेली, आँसु छाती, दिन महिना, वर्ष, बाडुली, मदिरा (पृ.१) नदी, किनारा, ओठ, चुम्बन (पृ.२) रात, चिठ्ठी, (पृ.३) आगो, जीवन, दैव, ज्वाला, हंस, नयनका, प्राण (पृ.४) हिमाल, वसन्ती, फूल, जवानी, सुबास, विहानी (पृ.७) , गुलाब, काँडा, जोगी, पात, शान्ति, ऋतु, बगैचा, भवरा, लैलामजुन (पृ.८)

---

[८६] ऐजन, पृ. १३७ ।

[८७] भगीरथ मिश्र, **काव्यशास्त्र**, दशौं संस्करण (वाराणसीः विश्वविद्यालय प्रकाशन, २०५०), पृ. २५२-५४ ।

ओठ, हाँगा, बाँध (पृ.९) जलन, मिलन, खरानी, संसार, तारा, छाँया (पृ.१०) सिरानी, ईश्वर (पृ.१२) गह, चिता, धुँवा, खोला, भेल (पृ.१३) सिउदो, सिन्दुर, कर्म, चुरा, दियो (पृ.१४) चङ्गा, धागो, तिर्खा, राँको जहाज, धरती (पृ.१५) अधर, कोपिला, बगैचा, मालीँ, चुम्बन, फूल, रानी (पृ.१६) मन्दिर, सहनाई, आकाश, डोली (पृ.१७) पीडा, अध्यारो, पंछी, जहर, (पृ.१९) पावन, मूर्ति, पुजारी (पृ.१९) बोतल, शराब, नयन, कला (पृ.२१) तीर, तृष्णा (पृ.२२), हुरी, झरी, पुल, भुँमरी (पृ.२३) गोधुली, सपना, गोरेटो, (पृ.२४) ऐना, तक्दिर (पृ.२५) चिता आत्मा ( पृ.२६) कामना, वसन्त, तलाउ (पृ.२७) सङ्गीत, ध्वनि, सारङ्गी घुघुरु, सुर, ताल, सितार ( पृ.२८) जवानी, दिल (पृ.२९) हरियो, सुगन्ध (पृ..३०) सागर, (पृ.३१) दुनियाँ, मन्दिर, नाटक (पृ..३२) जन्म, मृत्यु, प्यास (पृ..३३) ऐसेलु, बैसाख, बदन (पृ.३४) विहानी, साझ कुहिरो ( पृ..३५) कटान, बगर, मसान, मधुवन (पृ.३६) इन्द्रेणी, घामपानी, झरना (पृ..३७) साउन, चैत (पृ..३८) अजम्वरी चौतारी (पृ..४०) केतुकी, साली, मुग्लिन, फिस्लीगं, डोटी, लेक, कार्तिक जेठ, सिलगढी, शैलेश्वरी, वरपीपल, गीतार (पृ.४१) सृजना, वातावरण, डाँडा, कोपिला, चिना (पृ..४४) सलह, हरियाली (पृ..४५) जाल (पृ..४६) शिशमहल, पूर्णिमा, चाँदनी, संगमरमर, ताजमहल, हरियाली (पृ.५१) शोली, रिमझिम, शिशिर (पृ..५६) चुल्ठी ( पृ..५७) औंसी, रात (पृ..६१) वर्ष, प्राण, डढेलो (पृ..६२) सहर (पृ..६३) क्षितिज, मौसम ( पृ..६४) जुनेली, (पृ..६६) सौन्दर्य, राज, बैंस (पृ..६७) बादलु (पृ..६८) खोला (पृ..६९) घुम्टो, परेली (पृ..७०) भीरपाखा, हृदय, डाँडाकाँडा, भञ्ज्याङ (पृ..७१) गौथली (पृ..७५) दाँत, गाला, पर्दा (पृ..७६) भंगालो, अंगालो (पृ..७७) मुहार (पृ..७८) लास, बजार, सन्ताप (पृ..७९) यी मध्ये कतिपय बिम्वहरू धेरै गीतमा दोहोरिएर आएको देखिन्छ ।

आफ्नो रूप,गुण,कार्य या विशेषताका सादृश्य र प्रत्यक्षताका कारण जब कुनै वस्तु या कार्य कुनै अप्रस्तुत वस्तु,भाव,विचार क्रियाकलाप,देश,जाति,संस्कृति आदिको प्रतिनिधित्व गर्न आएका हुन्छन्, त्यसैलाई प्रतीक भनिन्छ । गीतकार बमले यस गीतिसङ्ग्रहमा बिम्वका साथै विभिन्न प्रतीकको पनि समुचित प्रयोग गरेका छन् । उनले एउटै प्रतीकलाई विभिन्न गीतमा विभिन्न अर्थमा प्रयोग गरेर प्रतिभाको प्रदर्शन गरेका छन् । उदाहरणका लागि एउटै फूललाई मुस्कान, ओठको कौमार्य, सिर्जना आदिको प्रतीकका रूपमा प्रयोग गरिएको छ । 'विरही माया' गीतिसङ्ग्रहमा प्रयोग गरिएका कोही प्रतीकहरू उदाहरणका लागि यसरी देखाउन सकिन्छ :–

मदिरा-विर्सनाको, बाडुली–सम्झनाको (पृ.१) प्रेम–मुटुको, उजाड–उदास, निराशाको (पृ.२) नयनका धारा-सम्झनाको, आगो–सन्तापको (पृ.४) बत्ती–प्रेमको (पृ.५) हिमाल–अटलताको, नदी–गतिशीलताको, वसन्ती फूल–यौवनको (पृ.७) गुलाब–पवित्रताको, काँडा–कठोरताको, बगैचा-प्रेमीकाको, भवरा-प्रेमीको, लैलामजुन-त्यागी प्रेमीप्रेमीकाको (पृ.८) तितो

मिलन -वियोगको (पृ.१०) चिता-छट्पटीको (पृ.१३) सिन्दुर-वैवाहिकताको (पृ.१४) नसालु नजर-मायालु हेराईको (पृ..१६) घाइते पंछी-घायल प्रेमीको (पृ.१८) कला-प्रेमीकाको (पृ.२१) तीर-घोचाइको, पहिरो र कुहिरो-निरासाको (पृ.२२) हरियो धरती-प्रेमको (पृ.३०) गाजलु आँखा-लोभलाग्दा आँखाको (पृ.३१) साउनको कालो बादल र चैते हुरी - अनिष्टको(पृ..३८) कोपिला-नबढेको प्रेमको(पृ..५०) पूर्णिमाको चाँदनी-प्रेमीकाको सुन्दरताको (पृ..५१) शिशिर-अभावको (पृ..५६) साँझको घाम-बुढेसकालको (पृ..५८) भुमरी-प्रेम पासोको (पृ..६२) जुनेली रात-सन्तुष्टिको (पृ..६६) बादलु-मायाको (पृ..६८)डढेलो-विरहको,फुलेको फूल-जवानीको (पृ..७२) लाली जोवन-लर्के बैंसको (पृ..७८) प्रतीकका रूपमा आएका छन् । यसबाहेक अनेक प्रतीकहरू 'विरही माया' गीतिसङ्ग्रहमा प्रयोग भएका देखिन्छन् ।

यस सङ्ग्रहका गीतमा आएका बिम्व र प्रतीकहरू अलङ्कारका साधनका रूपमा आएका छन् अर्थात् जहाँ बिम्व र प्रतीकको स्थान छ, त्यहाँ अलङ्कारहरू स्वतःस्र्फूत रूपमा आएको पाइन्छ । त्यसकारण गीतकार बम यस गीतिसङ्ग्रहमा जीवनको सजीव छाँयाछवि उतार्नका साथै गीतहरूलाई कलात्मक उचाइमा पुऱ्याउन सफल देखिन्छन् ।

## ३.२.७ कथनपद्धति

कथ्य कुराको कथन गर्ने तरिका नै कथन पद्धति हो । गीतको आफ्नै मूल कथनपद्धति वक्ता (गीतकार) को भावात्मक आत्मकथन हो । गीतमा गीतकारले सम्बोधन गरेर या नगरी जसरी प्रस्तुत गरे पनि आफूलाई नै प्रकट गरेको हुन्छ । गीतमा श्रोतालाई सम्वोधन गरी आफ्ना अनुभूतिहरू व्यक्त गरिएको हुन्छ । त्यसकारण गीत पाठ्य रूपमाभन्दा श्रव्य रूपमा सजीव र सशक्त भएको हुन्छ । गीतकार बमका यस गीतिसङ्ग्रहका गीतहरूमा कथयिता प्रथमपुरुष रहेको पाइन्छ । प्रथम पुरुषप्रधान कथयिताले कतै भावात्मक आत्मकथन र कतै श्रोतापरक सम्बोधनको पद्धति अपनाएको देखिन्छ । यसका साथै नौ वटा गीतहरूमा सम्वादात्मक कथन पद्धति पनि आत्मासात गरिएको देखिन्छ ।

गीतकार बमको 'विरही माया' गीतिसङ्ग्रहका केही गीतहरूमा प्रथमपुरुष कथयिताले द्धितीय पुरुषलाई सम्बोधन गरेको छ भने केही गीतहरूमा प्रथम पुरुष कथयिताले तृतीय पुरुषलाई सम्बोधन गरेको पाइन्छ । त्यसैगरी केही गीतहरूमा प्रथम पुरुष कथयिता भएर पनि सम्बोधित व्यक्ति छैन । सम्वादात्मक कथन पद्धति अपनाइएका गीतहरूमा केटा र केटीको दोहरी भाका छ । प्रथम पुरुष कथयिताले द्धितीय पुरुषलाई सम्बोधन गरिएका गीतहरू 'ए हजुर', 'कसरी भनु ?', 'गल्ती मेरै', 'सम्झना नै', 'बाटो हेरे', 'मन मन्दिर', 'सम्झेर तिमीलाई', 'बोतल भरिको', 'कामनाले भरिएको', आदिलाई उदाहरण रूपमा लिन सकिन्छ । प्रथम पुरुषले तृतीय पुरुषलाई सम्वोधन गरिएका

गीतहरूमध्ये 'मेरा प्रेमका', 'गुलाब भई', 'विरही माया', 'आँखावरिपरि' 'यो जिन्दगीका' आदिलाई उदाहरणका रूपमा देखाउन सकिन्छ ।

प्रथम पुरुष कथयिता भएर पनि सम्वोधित व्यक्ति नभएका गीतहरूमा कथयिता एकालापका रूपमा रहेका छन् । यस्ता गीतहरूमा कथयिताका हर्ष, चिन्ता, भय, विस्मय आदि प्रकट भएका छन् । ती गीतहरूमध्ये 'आगोसरी', 'मनको फूल', 'बिर्सी दिन खोज्दा', 'सिउदोको सिन्दुर', 'खुसी भित्रै', 'पीरको तीर', 'माया लै जाउ' आदिलाई उदाहरणका रूपमा पेश गर्न सकिन्छ । सम्वादात्मक कथनपद्धति अपनाइएका गीतहरू 'पीरतीको बोलिमा', 'बैंसको रहर', 'माया भन्नु' आज यो दिलमा', 'मेरो आँखाका', 'मायाको डोरी', 'फूल फूल्यो', 'आऊ सजाई', 'अधरमा मुस्कान' हुन् ।

बमका गीतमा प्रस्तुतिकरणका दृष्टिले मुख्यतः सम्वोधनात्मक, सम्वादात्मक, मनोवादात्मक कथनपद्धतिको प्रयोग गरिएको छ । विविध कथन पद्धति भएर पनि उनका सबै गीतहरू सशक्त र सहज प्रस्तुतीकरणमा समेटिएका पाइन्छन् ।

## ३.३ पखालिएको सिन्दुर रेडियो नाटकको अध्ययन

चेतना प्रवाहका दृष्टिले महत्त्वपूर्ण रहेको 'पखालिएको सिन्दुर' रेडियो नाटक बमको २०३८ सालमा रेडियो नेपालको टेप लाइब्रेरीमा रेकर्डिङ भएको पाइन्छ । आकारमा छोटो भए पनि यस नाटकले अन्धविश्वासमा रुमल्ली रहेको नेपाली समाजलाई गतिलो सन्देश प्रदान गरेको छ । यसको प्रसारण अवधि उनन्तीस मिनेट रहेको छ । हरिप्रसाद रिमालद्वारा निर्देशन गरिएको यस नाटकको ध्वनि सम्पादन कृष्णराम मुल्मीले गरेका छन् । बाबु, आमा, छोरा तथा धामीको भूमिकामा देखिएका जीतेन्द्र महत, सुशिला के.सी., मदनदास श्रेष्ठ र कृष्ण मल्ल यस नाटका पात्रहरू हुन् । थोरै पत्र प्रयोग, छोटो आकार तथा स्वास्थ्य सम्बन्धी चेतनामूलक सन्देश यस नाटकका विशेषता रहेका छन् । चिकित्सा पेसासँग को संलग्नता र त्यसबाट प्राप्त अनुभवका आधारमा यसको रचना भएको देखिन्छ । यो नाटक रेडियो नेपालबाट पटक-पटक प्रसारित भएको पाइन्छ । यसको संक्षिप्त विश्लेषणका लागि विषयवस्तु, उद्देश्य, परिवेश, शीर्षकको सार्थकता र भाषाशैलीलाई आधार मानिएको छ ।

### ३.३.१ विषयवस्तु

'पखालिएको सिन्दुर' रेडियो नाटकको विषयवस्तु जनस्वास्थ्यसँग सम्बन्धित रहेको छ । बमले चिकित्सा पेशामा काम गर्दा नेपाली ग्रामीण समाजमा विद्यमान अन्धविश्वासले स्वास्थ्यमा पारेको गम्भीर प्रभावलाई राम्ररी बुझ्ने मौका पाए । उनको त्यही अनुभवको सारका रूपमा यो नाटक प्रकाशित भएको देखिन्छ । यस नाटकको सम्पूर्ण विषयवस्तु स्वास्थ्य सम्बन्धमा केन्द्रित रहेको छ । नाटकको प्रारम्भ रक्सी पिउने कुलतबाट भएको छ भने त्यही कुलतले गर्दा मृत्यु भएको प्रसङ्गबाट टुंगिएको छ । पात्रहरूका क्रियाकलापले पनि स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सरोकार राखेका छन् । परिवारको सुख शान्ति तथा व्यक्तिको जीवनका लागि निरोगी स्वास्थ्य प्रथम महत्त्वपूर्ण कुरा हो । सबै सदस्य निरोगी भएमा परिवारमा सुख शान्ति छाउँछ । परिवारमा रोगले प्रवेश गऱ्यो भने मानसिक र आर्थिक रूपमा सिङ्गो परिवार बोझमा पर्छ । त्यसकारण आपसी सद्भाव र प्रेमका लागि पनि सम्पूर्ण परिवारका सदस्यहरू निरोगी हुनु अति आवश्यक हुन्छ । रोगी बन्नका विभिन्न कारण मध्ये रक्सी सेवन पनि एउटा हो । रक्सीको दूर्व्यसनले लाखौं मानिस अकालमै मृत्युको सिकार बन्दैछन् । मानवीय स्वास्थ्यलाई जोखिममा पार्ने रक्सीको कुलत मानव स्वास्थ्यका लागि ठूलो चुनौति बन्दै गएको छ । यसबाट बच्न सबैले रक्सीको कुलत त्याग्नु पर्छ भन्ने कुरा यस नाटकको विषय रहेको छ ।

रक्सीको दलदलमा परेर अस्तव्यस्त भएको परिवारको वर्णन, उपचारमा धामीझाँक्रीको भरपर्नु पर्ने अशिक्षित समुदायको प्रसङ्गले ग्रामीण नेपाली समुदायको वास्तविक झल्को भेटिन्छ । अशिक्षा र अज्ञानताले ग्रसित ग्रामीण समुदायका मानिसहरू परम्परागत धामीझाँक्री मैं भर पर्छन् । यो प्रवृत्तिले बेलैमा रोग पत्ता नलागी मानिस अकालमै मर्न बाध्य हुन्छन् । मानिसको अकाल मृत्यु हुनमा विद्यमान अज्ञानता र अशिक्षा पनि जिम्मेवार देखिन्छ । स्वास्थ्य जीवनका लागि अन्धविश्वास त्यागेर बिराम हुँदा तुरुन्त अस्पताल जानु जरुरी हुन्छ । व्यवस्थित र नियमित औषधी सेवनले रोगको राम्ररी उपचार गर्न सकिन्छ । रोग लागेमा पहिला धामीझाँक्री गर्ने अन्तिम अवस्थामा मात्र उपचार गर्ने बानीले बिरामी बाच्नै नबाच्ने र बाँचेमा पनि अनेक दुःख  कष्ट पाउन सक्छ । हाम्रो सामाजिक जीवनका अज्ञानता र त्यसले स्वास्थ्यमा पार्ने प्रभाव र त्यसबाट उत्पन्न संकट नै यस नाटकको विषय बनेको छ । गैरसाहित्यिकजस्तो लागे पनि यो साहित्यिक क्षेत्रमा नितान्त नौलो प्रयोग हो । सामाजिक वास्तविकता र जीवनको आधारशिला स्वास्थ्यलाई केन्द्रमा राखेर सन्देश प्रदान गर्नु यस नाटकको महत्त्वपूर्ण उपलब्धि हो ।

### ३.३.२ मूलभाव

रक्सीको कुलतले परिवारमा उत्पन्न हुने समस्या र त्यसले निम्त्याउने दुर्घटनालाई प्रस्तुत गर्नु 'पखालिएको सिन्दुर' रेडियो नाटकको मूल सन्देश रहेको छ । रक्सीजस्तो मादक पदार्थको सेवनलाई मनोरञ्जनको रूपमा लिने प्रचलन हाम्रो समाजमा रहेको छ । यस प्रवृत्तिले व्यक्ति विस्तारै कुलतमा फस्दै जान्छ । पेशेवर भएर रक्सी पिउदै जाँदा मानिस दूर्व्यसनको भूमरीमा नउम्कने गरी फस्छ । बानी परिसकेपछि चाहेर पनि कुलतलाई त्याग्न सकिदैन । ख्यालख्यालमै व्यक्ति दूर्व्यसनी बनेर देखापर्छ । उसको दूर्व्यसनले परिवारलाई पनि असर पार्छ । एउटा व्यक्ति आफ्नो जिम्मेवारीबाट पन्छिएर कुलतमा लाग्दा परिवार अस्तव्यस्त बन्न पुग्छ । अझ परिवारको मूलीको कुलतले सिङ्गो परिवार आर्थिक चपेटामा पर्छ । कमाउने मानिस नै काम छोडेर रक्सी पिएर बरालिदा उसको कमाइबाट बाच्ने जहान परिवार अलपत्र पर्छन् । यो समस्या ग्रामीण जीवनमा अक्सर धेरै हुने गर्छ । छोराछोरीले विद्यालय पढ्न नपाउने, बाच्नकै लागि पढ्ने बेला अरूको काम गर्नुपर्ने, रोग भोकले त्रसित हुनुपर्ने बाध्यता उत्पन्न हुन सक्छन् । टोल छिमेकमा कुलतले आफ्नो मानसम्मानमा पनि प्रभाव पर्छ । जड्याहालाई सबैले नराम्रो दृष्टिले हेर्छन् । उसप्रति कसैले पनि सद्भाव र सम्मान व्यक्त गर्दैनन् । आर्थिक, सामाजिक तथा पारिवारिक समस्या बढाउनमा रक्सीको कुलत बढी जिम्मेवार हुन्छ ।

रक्सीको कुलतले ज्यानै लिने दुर्घटना समेत सिर्जना हुन सक्छ । अत्यधिक रक्सी सेवनले क्षयरोग लाग्न सक्छ । अशिक्षाले बेलैमा त्यसको उपचार गरिदैन र अन्तत त्यसले

ज्यानै लिन सक्छ । त्यसकारण रक्सी सेवनले व्यक्तिको जीवनलाई प्रभावित बनाइ मृत्युको मुखसम्म पुऱ्याउँछ । यसका लागि कुलत, अशिक्षा र अज्ञानता कारक बनेका छन् भन्ने देखाएर मानव जीवनलाई सुन्दर शान्त र सुखमय बनाउनका लागि रक्सीको कुलतमा फस्नु हुँदैन । दूर्व्यसन मुक्त जीवनले परिवारमा र समुदायमा सन्तोषको प्रसार गराउँछ । मानिसलाई सम्मानित भइ बाँच्न, प्रगति र उन्नतिका लागि पनि कुलतको परित्याग अनिवार्य हुनुपर्छ । बिरामी हुँदा धामीझाँक्रीको भर नपरी औषधी प्रयोग गर्दा निको हुन्छ र कुलत बिनाको निरोगी र चेतनशील जीवनबाट आनन्दानुभूति गर्न सकिन्छ भन्ने भाव सन्देश यस नाटकले प्रदान गरेको छ ।

### ३.३.३ परिवेश

यस नाटकमा ग्रामीण अशिक्षित परिवेशको चित्रण गरिएको छ । स्थानगत रूपमा कुनै ठाउँको उल्लेख नभए पनि नाटकमा उल्लेखित मानवीय चेतना, रक्सीको दूर्व्यसन, पात्रहरूका गतिविधि तथा संवादबाट ग्रामीण समुदायलाई बुझाएको छ । रक्सीको कुलतमा फस्दादेखि बिरामी भइ मर्दा सम्मको वर्णनबाट नाटकले लामो समय लिएको पाइन्छ । अशिक्षा, अज्ञानता, धामीझाँक्री लगाउने तथा अन्धविश्वासजस्ता प्रसंगबाट पनि चेतनाको विकास नभइ सकेको, परम्परागत मान्यतामा रुमल्ली रहेको ग्रामीण समुदायलाई नै बुझाएको छ । जाँडरक्सी खाने, समयमै उपचार नगर्ने तथा गरिबीको मारमा परी मर्नेजस्ता सन्दर्भबाट पूरै वातावरण विसङ्गतमय देखिन्छ । बिरामीले रातभरि खोकिरहेको र परिवारमा बढ्दै गएको पिरोलोले दुःखद् वातावरणलाई संकेत गरेको छ । विषयवस्तु, पात्रका क्रियाकलाप तथा सन्देश अनुरूप विश्वसनीय परिवेशको निर्माणले यो नाटक जीवन्त बनेको छ । पात्रका गतिविधि तथा नाटकको सन्दर्भअनुसार नै परिवेश सिर्जना भएको छ ।

### ३.३.४ संवाद

'पखालिएको सिन्दुर' रेडियो नाटकमा प्रयुक्त संवाद प्रभावोत्पादक र कलात्मक रहेको छ । विषयको जानकारी, पात्र परिचय तथा परिवेश चित्रणमा संवादले सहजता प्रदान गरेको देखिन्छ । सरल र सहज भाषामा विषयवस्तुको जानकारी गराइ स्रोता/पाठकको ध्यान आकर्षण गर्नमा यस नाटकको संवाद सफल रहेको छ । संक्षिप्तता, बोधगम्यता सरलता तथा सम्प्रेषणीयता यस नाटकको संवादमा पाइने मूल विशेषता हुन् ।

### ३.३.५ भाषाशैली

नाटक अभिव्यक्तिको माध्यम भाषा हो । यो दृश्य-श्रव्य विधा भएकाले यसमा प्रयुक्त भाषा पनि प्रभावोत्पादक हुनुपर्छ । नाटकको भाषा प्रभावशाली नहुँदा भाव सम्प्रेषणमा

जटिलता उत्पन्न हुन्छ । 'पखालिएको सिन्दुर' रेडियो नाटकको भाषा सरल र बोधगम्य रहेको छ । विषयवस्तुको जानकारी र पात्र परिचय तथा परिवेश विधानको जानकारी गराउन भाषा सफल देखिन्छ । भाव ग्रहणमा भाषाले कुनै जटिलता थपेको देखिँदैन । तत्सम, तद्भव आगन्तुक तथा झर्रा शब्दको प्रयोग तथा छोटाछोटा र प्रभावकारी संवाद योजनामा विषयवस्तुलाई मार्मिक र चोटिलो रूपमा प्रस्तुत गर्न भाषा सक्षम रहेको छ । शैली कार्यात्मक र कलात्मक रहेको पाइन्छ । सरल भाषामा आकर्षक शैलीको प्रयोगबाट नाटकीय विषयवस्तु कौतुहलमय र तीव्र कार्यव्यापारतिर उन्मुख भएको देखिन्छ । यथार्थ विषयवस्तु झैं भाषाशैली पनि व्यावहारिक र जीवन्त रहेको छ ।

### ३.३.६ शीर्षकको सार्थकता

शीर्षक भनेको नामकरण मात्र नभई विषयवस्तुको सार खिच्ने तत्त्व समेत हो । यस नाटकको शीर्षकले मूल कथ्यको सारलाई राम्ररी समेटेको देखिन्छ । 'पखालिएको सिन्दुर' को प्रतीकात्मक अर्थ विधवा भएकी भन्ने हुन्छ । नाटककी पात्र सुशीलाको श्रीमान् क्षयरोगले मरेको छ । श्रीमान् मर्दा उसको सिन्दुर पखालिएको छ । सिन्दुर विवाहको साक्षी हो । श्रीमान् रहेसम्म सिन्दुर लगाउने चलन समाजमा प्रचलित छ । उसको श्रीमान्को मृत्यु भएपछि उसलाई सिन्दुर लाउने हक हुँदैन । त्यसकारण उसको सिन्दुर पखालिएको भन्नु श्रीमान्को मृत्यु हुनु हो । जुन घटना नाटकमा भएको छ, त्यसलाई सांकेतिक रूपमा शीर्षकले समेटेकाले शीर्षक सार्थक रहेको देखिन्छ ।

शीर्षकले विषयवस्तुको पूर्वजानकारी प्रदान गरेको छ । नाटकको मूल विषय र सारलाई शीर्षकबाट अड्कल गर्न सकिन्छ । शीर्षकले नै मोटामोटी रूपमा विषयको जानकारी गराएको हुँदा औचित्यपूर्ण नै रहेको छ । नाटकको मूल कथ्य र शीर्षकका बीच तादात्म्य सम्बन्ध रहेको देखिन्छ । रक्सीको कुलतले व्यक्ति मर्नु नाटकको मूल विषय हो । 'पखालिएको सिन्दुरको' मर्म पनि व्यक्तिको मृत्युसँगै जोडिएकोले शीर्षक सार्थक बन्न गएको छ ।

## ३.४ दीर्घसिंह बमको साहित्यिक योगदानको मूल्याङ्कन

दीर्घसिंह बम गीत, नाटक, कविता, कथा र भजनका लेखक हुन् । उनले गीत र नाटकको क्षेत्रमा विशेष सफलता प्राप्त गरेका छन् भने कथा, कविता तथा भजनका क्षेत्रमा पनि उनको योगदान महत्त्वपूर्ण रहेको छ ।

मोतिराम भट्ट (१९९३-१९५३) बाट नेपाली गीतको थालनी भएको कुरा धेरै विद्वान्ले बताएका छन् । भट्टले गीतको मूल विषय श्रृंगारलाई बनाएको पाइन्छ । त्यसपछि बालकृष्ण सम, बहादुर सिंह बराल आदिले यसलाई विकसित बनाउँदै लगेको देखिन्छ । सम र बहादुर सिंह बराले लोकलयमा गीत रचना गरेका छन् । त्यस लोकलयलाई देवकोटाले खण्डकाव्यमा रूपान्तरण गरेको देखिन्छ । यी गीतकारहरूमा समका गीतमा दर्शन र बौद्धिकता, बहादुर सिंह बरालका गीतमा जातीय जागरण र देवकोटाका गीतमा प्रकृति, मानवता र मानवताप्राप्तिका लागि गरिने विद्रोही स्वर देखापरेको पाइन्छ । यसै क्रममा देखापरेका सफल गीतकारमा माधवप्रसाद घिमिरे महत्त्वपूर्ण छन् । यिनका गीतको कथ्य विषय राष्ट्रियता, मानवता, प्रणय र प्रकृतिचित्रण बनेर आएको हुन्छ । स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैलीमा लोकलयको प्रयोग गरी कर्णप्रिय गीतको रचना अहिलेसम्म गर्दै आएका छन् ।

नेपाली गीतिसाहित्यका क्षेत्रमा महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा आदि आधुनिक युगका स्थापित प्रतिभाको परम्परामा माधवप्रसाद घिमिरे, भूपी शेरचन, राममान तृषित, कृष्णहरि बरालको स्थान महत्त्वपूर्ण रहेको छ । पछिल्लो समयमा देखापरेका दीर्घसिंह बमको पनि नेपाली गीतिसाहित्यको इतिहासमा महत्त्वपूर्ण भूमिका देखिन्छ । बमका गीतमा प्रेमको व्यापकता, पवित्रता, वियोग र विरहको व्यथा सल्बलाएको हुन्छ । बमका गीतहरू मूल रूपमा दुई प्रकारका छन् । उनका एक प्रकारका गीतहरू भाषाशैली, बिम्व, प्रतीक र अलङ्कारको प्रयोग भएकाले बढी मात्रामा पाठ्य र श्रव्य छन् । उनका अर्का प्रकारका गीतहरू मुख्य रूपमा श्रव्य र पाठ्य छन् । दोस्रो प्रकारका उनका गीतहरू विभिन्न क्यासेट एल्बम तथा विद्युतीय यन्त्रका साथै रेडियो नेपालमा रेकर्ड भएका छन् । उनको 'विरही माया' गीतिसङ्ग्रहका गीतहरूको कथ्य विषय मूलतः प्रेमप्रणय र त्यसैका समानान्तरमा देशभक्ति, प्रकृति चित्रण, सामाजिक-साँस्कृतिक चित्रण तथा भजन आदि आएको छ । त्यसैले बम नेपाली साहित्यको समसामयिक धाराका एक कुशल तथा सशक्त गीतकार बन्न पुगेका छन् ।

कविता, कथा, नाटक र भजनको क्षेत्रमा पनि बमले कलम चलाएका छन् । यी विधाहरूमा गुणस्तरयुक्त भएर पनि बमले समय नदिएका कारण परिमाणात्मक रूपले जुन

गतिमा विकास हुनुपर्ने हो त्यो गतिमा भएको देखिँदैन । यी विधामा प्रशस्त फुटकर रचना सिर्जना गरेका भए पनि सङ्ग्रहका रूपमा भने प्रकाशित भएका देखिँदैनन् । त्यसैले यी विधाहरूमा पनि अग्रज साहित्यकारहरूले अवलम्बन गरेको स्वच्छन्दतावादी प्रगतिशील प्रवृत्ति नै फेला पर्दछ । समसामयिक धाराका बमले नेपाली साहित्यका गीत, कविता, कथा, नाटक तथा भजनको क्षेत्रमा योगदान दिएका छन् ।

# परिच्छेद चार
# उपसंहार तथा निष्कर्ष

वि.सं. २००८ साल श्रावण ३१ गते सेती अञ्चलको डोटी जिल्लाको चमराचौतारा गा.वि.स. वडा नं. १ मा पर्ने जमरसल्ली गाउँमा जन्मेका दीर्घसिंह बम स्व. रणबहादुर बम र स्व. समुन्द्र देवी बमका तेस्रो सन्तान हुन् । रणबहादुर बम सम्पन्न परिवारका भएकाले बमको बाल्यकाल सुखमय वातावरणमा बितेको पाइन्छ । उनको अक्षरारम्भ घरमै भएको र औपचारिक शिक्षाको थालनी खत्याडी मिडिल स्कूलबाट भएको हो । उनले कक्षा पाँचसम्मको अध्ययन पनि त्यही विद्यालयबाट पूरा गरेका हुन् । त्यसपछि केही समयसम्म डोटीको सदरमुकामस्थित सिलगढीमा रहेको पद्म पब्लिक हाइस्कुलमा भर्ना भई केही महिना अध्ययन गरेर त्यहाँबाट फेरि भारत गएर खीरी जिल्लाको राजा प्रताप विक्रम शाह हायर सेकेन्डरी स्कुलमा भर्ना भएर त्यही विद्यालयबाट सन् १९६७ मा द्वितीय श्रेणीमा एस्.एल्.सी. उत्तीर्ण भएका हुन् । उनले आई.एस्सी धर्मसभा इन्टर कलेज लख्मीपुर खीरी भारतबाट सन् १९६९ मा द्वितीय श्रेणीमा पास गरेपछि वि.एस्सीका लागि अमृत साइन्स क्याम्पस काठमाडौंमा भर्ना भएका देखिन्छन् । त्यहाँ वि.एस्सी पढिरहेकै बेला रुसका लागि खुलेको छात्रवृत्तिमा नाम निकालेर रुस गई रुसको जनमैत्री विश्व विद्यालयबाट मेडिसिनमा एम्.डी. उपाधी हासिल गरेको देखिन्छ । त्यही विश्वविद्यालयबाट 'चेष्ट फिजिसियन' र 'ब्रोङ्कोलोजी' मा मास्टर डिग्री लिएको पाइन्छ ।

एकतीस वर्षको उमेरमा दीर्घसिंह बम २०३९ साल, बैशाख २९ गते सलोनी शाहसँग वैवाहिक सम्बन्धमा गाँसिन पुगेका देखिन्छन् । २०३५ सालबाट स्वास्थ्य सेवा विभाग केन्द्रीय ऊर चिकित्सालयमा मेडिकल अधिकृत पदबाट सरकारी सेवामा प्रवेश गरेका उनी हाल काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथलीमा बसोबास गर्छन् । बमले घरको वातावरण तथा चिकित्सक पेशामा काम गर्दादेखि भोगेको अनुभवबाट साहित्य साधना गर्ने प्रेरणा प्राप्त गरेका हुन् । यसै प्रेरणाको प्रभाव र प्रतिभाका कारण उनले कविता, कथा, गीत, नाटक तथा भजन लेखेका छन् । उनको साहित्यकार व्यक्तित्वका सम्बन्धमा पनि गीतकार, कवि, कथाकार, भजनकार, नाटककारजस्ता विविध व्यक्तित्वका पाटा देखापरेका छन् र बम मूलतः गीतकार नाटककार व्यक्तित्वका रूपमा बढी परिचित छन् ।

विद्यार्थी जीवनबाट कविता लेख्न थालेका बमका प्रकाशित रूपमा कुनै सङ्ग्रह आएका छैनन् । २०३८ साल चैत्र, १४ गते रेडियो नेपालको टेप लाइब्रेरीमा 'पखालिएको सिन्दुर रेडियो' नाटक रेकर्डिङ् गराएर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका बमको

साहित्यिक यात्रा अहिलेसम्म निरन्तर अघि बढिरहेको छ । उनको सत्ताइस वर्षे साहित्यिक यात्रामा विषयवस्तुगत भिन्नता देखापरे पनि प्रवृत्तिगत भिन्नता भने पाइदैनन् । साहित्य लेखनका क्रममा देखिएका प्रमुख साहित्यिक प्रवृत्तिहरू समेत समावेश गरी हेर्दा उनलाई जीवनवादी, राष्ट्रप्रेमी, मानवतावादी, प्रकृतिप्रेमी तथा पवित्र प्रेमप्रणयका पक्षधरका रूपमा चिन्न सकिन्छ ।

बमको लगभग तीन दसक लामो साहित्यिक यात्रामा 'विरही माया' गीतिसङ्ग्रह प्रकाशित भएको छ । यो उनको एकमात्र गीतिसङ्ग्रहको पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा विभिन्न भाव समेटिएका छहत्तर गीतहरू संकलित छन् । उनको यस सङ्ग्रहका गीतहरूमा आठ पंक्तिदेखि उनन्तीस पंक्तिसम्मका गीतहरू रहेका छन् । बम प्रेमप्रणयका गीतकार हुन् र प्रेमप्रणयका समानान्तरमा उनका यस सङ्ग्रहका गीतहरूमा देशप्रेम, प्रकृतिचित्रण, प्रगतिशील स्वर, कारुणिकता, दार्शनिकता, आध्यात्मिकता, वैचारिकता, सामाजिक-साँस्कृतिक चित्रण, जीवन भोगाइका तितामीठा भावहरू आएका हुन्छन् । यस गीतसङ्ग्रहमा गीतहरूमा आलंकारिक भाषाशैली, विभिन्न अलङ्कार अनि बिम्व तथा प्रतीकको प्रयोगका साथै विविध लयको प्रयोग भएको पाइन्छ । यसका साथै उनले गीतमा कल्पना र भावनाको सञ्चार अनि प्रकृतिको मानवीकरण समेत गरी आफ्नो सामर्थ्य प्रस्तुत गरेका छन् । बमको 'दोधार' नामक तेह्र वटा गीतहरूको संगालो गीतिएल्बम पनि प्रकाशित भएको छ ।यस एल्बममा संकलित गीतहरू विभिन्न गायक गायिकाद्वारा स्वरबद्ध गरिएका छन् । उनका गीतहरू विभिन्न एफ्.एम्. तथा रेडियो नेपालबाट प्रसारित भइरहन्छन् ।

बमको अप्रकाशित रूपमा रहेको 'प्रधान साई' कथा सङ्ग्रहमा नेपाली ग्रामीण समाजको झल्को पाइन्छ । शोषणमूलक समाज व्यवस्थामा शोषकले शोषितमाथि कसरी रजाइ गर्छन् भन्ने कुराको जीवन्त चित्रण यस सङ्ग्रहमा रहेका कथामा भेटिन्छ । उनको अप्रकाशित 'दाग' नाटकमा क्षयरोगलाई हेर्ने सामाजिक अज्ञानताको रोचक प्रस्तुति भेटिन्छ । अज्ञानताले क्षयरोगलाई पूर्वजन्मको फल मान्ने परम्परालाई चित्रण गरी यो कुनै दैवीय सराप नभइ रोग मात्र हो । उपचार गरे ठीक हुन्छ भन्ने मान्यताको सन्देश छरेका छन् ।

'पखालिएको सिन्दुर' बमको रेडियो नाटक हो । छोटो आयाममा संरचित यो नाटक कुलत र अज्ञानताले अकालमै ज्यान गुमाउन बाध्य ग्रामीण समुदायका मानिसको जीवनगाथालाई समेट्न सफल भएको छ । धामीझाक्री प्रतिको विश्वास र बेलैमा उपचार नगराउने परम्पराले रोग बल्झदै गइ मानिसको मृत्यु हुने गर्छ । यस्तो परिपाटी त्यागेर सामाजिक समुन्नतिमा जुट्नु पर्छ । अन्धविश्वास तथा दूर्व्यसनको परित्यागले मात्रै स्वास्थ्य,

सुखी तथा प्रगतिशील समाजको निर्माण हुनसक्छ भन्ने भाव सन्देश यस नाटकमा अन्तर्निहित भएको पाइन्छ ।

बमका समग्र कृतिहरूको विवेचनापछि के निष्कर्ष निकाल्न सकिन्छ भने मूलतः बम गीतकार तथा नाटककार हुन्, त्यसपछि मात्र कवि, कथाकार, भाजनकार हुन् । गुणात्मक दृष्टिले उनका सबै साहित्यिक विधाहरू कमजोर तथा गुणस्तरहीन भने छैनन् । हालसम्मको अध्ययनबाट उनलाई नेपाली साहित्यमा स्थापित गर्ने र उनले नेपाली साहित्यलाई योगदान दिएका विधा गीत र नाटक हुन् । अतः बम सक्षम नाटककार र प्रेमप्रणयका गीत रचना गर्ने सिद्धहस्त गीतकार हुन् ।

# सन्दर्भग्रन्थ-सूची


कँडेल, घनश्याम (सम्पा.), **नेपाली समालोचना**, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

खनाल, शारदा, **गोपीकृष्ण शर्माको जीवनी, व्यक्तित्व र कृतित्व,** त्रि.वि., २०५५ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग - २**, तेस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०४८ ।

त्रिपाठी, वासुदेव र अरु (स.), **नेपाली कविता भाग-४** दो.सं. काठमाडौं साझा प्रकाशन, २०५३ ।

बम, दीर्घसिंह, **विरही माया**, काठमाडौं : सलोनी बम, **२०६२ ।**

बराल, कृष्णहरि, **एक फूलः अनेक पत्र**, काठमाडौं : साझा प्रकाशन, २०५१ ।

बराल, कृष्णहरि, 'रामभक्त गजलकार मोतिराम भट्ट', **झङ्कार,** वर्ष ४४।४५, जेष्ठ-असार, २०५४।५५ ।

बराल, कृष्णहरि, **संदृष्टि**, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

भट्टराई, शिवप्रसाद, **साहित्यकार कृष्णहरि बरालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, २०५६ ।

शर्मा, मोहनराज, 'गीतविश्लेषणका समकालीन आधारहरु', **प्रज्ञा,** वर्ष २२, पूर्णाङ्क ७०, २०५० ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०४७।

सुवेदी, कामना, **लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व,** काठमाडोंः अनिल लम्साल, २०५५ ।

सुवेदी, राजेन्द्र, 'गीतरचना-क्षेत्रको थप उपलब्धि', **गरिमा,** वर्ष १३, अङ्क ११, कार्तिक २०५२ ।


**अन्य सन्दर्भ स्रोतहरू**


'मधुरिमा', 'माया बस्यो रे', 'रिसाइदेऊ न बिन्ती', 'आशीर्वाद', 'विछोड', 'मेरो मन', 'हल्लाहरु', 'दोधार', रेडियो नेपाल, 'ठुल्दाइ', 'कहाँ भेटिएला', 'मजदुर', 'पीरती आफै हुँदो रहेछ', 'सिलसिला', 'कुसुमे रुमाल' ।